सूचनाको हक कार्यान्वयनको परीक्षण प्रतिवेदन, २०७४

An Audit Report on Right to Information, 2017

राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

सूचनाको हक कार्यान्वयनको परीक्षण प्रतिवेदन, २०७४

प्रकाशक	:	राष्ट्रिय सूचना आयोग काठमाण्डौं ।
फोन नं	:	०१-४४६४४१२, ४४९६५४४
फ्याक्स	:	०१-४४९६५४५
ईमेल	:	info@nic.gov.np
वेबसाईट	:	www.nic.gov.np
Helpline	:	01-4496544
Audio Notice	:	1618070782426
प्रकाशन मिति	:	२०७४ फागुन
प्रति	:	१०००
मुद्रक	:	कोशी प्रिन्टिङ्ग प्रेस, बबरमहल, काठमाडौं । फोन नं. ४२२५६९६

प्रतिवेदनबारे

शासन प्रणालीलाई पारदर्शी र जवाफदेही बनाउँदै सुशासन कायम गरेर लोकतन्त्रलाई सुदृढ गराउने र जनतालाई सेवा प्रदायमा सहजता तुल्याउने उद्देश्यसहित संविधानमा सूचनाको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरिएको हो । जनताको यो मौलिकको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन २०६४ लागु भएको नौ वर्ष वितिसक्दा पनि यसको प्रभावकारी कार्यान्वयनमा विभिन्न बाधा, अड्चन र चुनौति राष्ट्रिय सूचना आयोगले महसुस गऱ्यो । यो अवधिमा कतिपय सरकारी कार्यालयहरू लोकतन्त्रमा सूचनाको मालिक जनता हो भन्ने परिवर्तित भावनालाई आत्मासाथ गर्नेतयार देखिए पनि कतिपयले त्यसलाई अझै आत्मसाथ गर्न सकेको पाइएन । अर्थात सूचनाको हकको कार्यान्वयनमा कतिपय सरकारी कार्यालयको अवस्था सन्तोषजनक देखियो भने कतिपयको अवस्था चिन्ताजनक । यी दुई अवस्थाको विभेद जनताले थाहा पाउने गरी प्रकट भए मात्रै सूचनाको हकको कार्यान्वयनमा राम्रो गरिरहेका सरकारी कार्यालयहरू अरु राम्रो गर्न उत्प्रेरित हुने र यसमा वेवास्ता गर्नेहरूलाई पनि दबाव सृजना हुने आयोगले महसुस गरी "गर्ने र नगर्ने" बीचको प्रष्ट विभेद जनताका नजरमा आउनु पर्छ भनेर राष्ट्रिय सूचना आयोगले २०७३ सालमा पहिलो पटक सूचनाको हक कार्यान्वयनको परीक्षण प्रतिवेदन निर्माण गरी सार्वजनिक गरेको थियो । आयोगको यो प्रयास दक्षिण एशियामै सम्भवत नौलो र पहिलो पनि हो । आयोगको पहिलो प्रयासबाट नै परिणाममा सकरात्मक संकेत देखिए । सूचनाको हकको कार्यान्वयमा राम्रो गर्नेहरू अझै राम्रो काम गर्न उत्प्रेरित भएको र नगर्ने पनि अन्य कार्यालयहरूसँग प्रतिस्पर्धा गर्नु पर्ने बाध्यतामा पुगे । यो अवस्थापछि आयोग सूचनाको हकको परीक्षणलाई निरन्तरता दिने र दायरा फराकिलो बनाउँदै लैजाने निष्कर्षमा पुग्यो ।

फस्वरुप 'सूचनाको हक कार्यान्वयनको परीक्षण प्रतिवेदन, २०७४' नामक प्रस्तुत प्रतिवेदन यस सन्दर्भको दोस्रो प्रतिवेदन हो । यस प्रतिवेदनमा मन्त्रालय, केन्द्रीयस्तरका निकाय र विभागको आरटिआई अडिट गरी अंक प्रदान गरिएको छ । यो अंक आयोगले दिएको नभई आरटिआई अडिटरले स्थलगत अध्ययनको मूल्याङ्कनको आधारमा प्रदान गरेको हो । यसैगरी यस प्रतिवेदनमा दिईएका सुझाव र गरिएका विश्लेषण पनि आरटिआई अडिटरले तयार गरेका हुन् । जसलाई पठनीय तुल्याउने र एकरुपतावश प्रस्तुती गर्ने सन्दर्भमा प्रतिवेदनमा विश्लेषण/विवेचना/टेबुलेशन विज्ञ एकराज पाठकले तयार गर्नु भएको हो ।

आरटिआई अडिटरले प्रदान गरेको अंक, दिएका सुझाव र त्यस्को आधारमा विज्ञले तयार गर्नु भएको विश्लेषण/विवेचना र टेबुलेशनबाट अनुभूत गरिएको सन्दर्भलाई मनन गरी आयोगले यस प्रतिवेदनको छैठौं अध्यायमा आफ्ना सुझावहरू प्रस्तुत गरेको छ । यस प्रतिवेदनका आधारमा मन्त्रालयहरूले आफ्ना मातहत निकायले अडिट गर्न, अन्य सार्वजनिक निकायले पनि यस्को अनुशरण गर्न र प्रदेश तथा स्थानीय तहसम्म यस प्रक्रियालाई पुऱ्याउन मद्दत पुग्ने आयोगको विश्वास छ ।

.....	.....	.....
(यशोदादेवी तिम्सिना)	(किरणकुमार पोखरेल)	(कृष्णहरि बाँस्कोटा)
सूचना आयुक्त	सूचना आयुक्त	प्रमुख सूचना आयुक्त

राष्ट्रिय सूचना आयोग

कृष्णहरि बाँस्कोटा
प्रमुख सूचना आयुक्त

किरणकुमार पोखरेल
सूचना आयुक्त

यशोदादेवी तिम्सिना
सूचना आयुक्त

भुवनहरि अर्याल
नि. सचिव

विषयसूची

सारांश १

अध्याय १ : प्रारम्भिक ३-११

१.१ पृष्ठभूमि
१.२ आरटीआई अडिट
१.३ अध्ययन विधि
१.४ अध्ययनको औचित्य
१.५ अध्ययनका सीमाहरू
१.६ सर्वेक्षणमा समेटिएका मन्त्रालयहरू
१.७ अध्ययनको नतिजा

अध्याय २ : सूचकाङ्कको मन्त्रालयगत तुलनात्मक अध्ययन १२-२१

२.१ सूचना अधिकारी
२.२ स्वतः प्रकाशन
२.३ सूचना मागको दर्ता किताब
२.४ सूचना माग र प्रवाहको तथ्याङ्क संग्रह
२.५ सूचना सम्बन्धी सन्देशमूलक जानकारीको व्यवस्था
२.६ वेभ साइटमा सूचना अधिकारीको विवरण
२.७ वेभ साइट अद्यावधिक रहेको
२.८ सूचना प्रवाहमा अग्रसरता
२.९ सूचनाको हकसम्बन्धी तालिम
२.१० सूचनाको हकको समष्टीगत मूल्याङ्कन स्तर

अध्याय ३ : मन्त्रालय र मातहतका निकायहरूको अवस्थाको अध्ययन २२-६८

३.१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय
३.२ अर्थ मन्त्रालय
३.३ आपूर्ति मन्त्रालय
३.४ उद्योग मन्त्रालय
३.५ ऊर्जा मन्त्रालय
३.६ कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
३.७ कृषि विकास मन्त्रालय

३.८ खानेपानी तथा सरसफाइ मन्त्रालय
३.९ गृह मन्त्रालय
३.१० जनसंख्या तथा वातावरण मन्त्रालय
३.११ परराष्ट्र मन्त्रालय
३.१२ पशुपंक्षी विकास मन्त्रालय
३.१३ भूमिसुधार तथा व्यवस्था मन्त्रालय
३.१४ भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय
३.१५ महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
३.१६ यूवा तथा खेलकुद मन्त्रालय
३.१७ रक्षा मन्त्रालय
३.१८ वन तथा भू-संरक्षण मन्त्रालय
३.१९ वाणिज्य मन्त्रालय
३.२० विज्ञान तथा प्रविधि मन्त्रालय
३.२१ सहकारी तथा गरिबी निवारण मन्त्रालय
३.२२ सहरी विकास मन्त्रालय
३.२३ सामान्य प्रशासन मन्त्रालय
३.२४ सिँचाइ मन्त्रालय
३.२५ सूचना तथा सञ्चार मन्त्रालय
३.२६ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
३.२७ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
३.२८ स्वास्थ्य मन्त्रालय
३.२९ शान्ति तथा पुनर्निर्माण मन्त्रालय
३.३० शिक्षा मन्त्रालय
३.३१ श्रम तथा रोजगार मन्त्रालय

अध्याय ४ : सर्वेक्षकको निष्कर्ष ६९-७१

अध्याय ५ : सर्वेक्षकका सुझावहरू ७२-७३

अध्याय ६ : राष्ट्रिय सूचना आयोगको सुझाव ७४-७६

अनुसूचीहरू ७७-८६

कार्यकारी सारांश

राष्ट्रिय सूचना आयोगले नेपालका मन्त्रालय र केन्द्रीय स्तरका केही विभागबाट सूचनाको हकसम्बन्धी ऐनको प्रावधान बमोजिम २०७४ सालको सूचनाको हकको कार्यान्वयनको परीक्षण (RTI Audit) गरेको छ। यस परीक्षणमा सर्वेक्षण विधि अपनाइएको छ। परीक्षणका निम्ति तथ्याङ्क संकलक वा सर्वेक्षकमा राष्ट्रिय स्तरका दैनिक पत्रिकाका प्रधान सम्पादकहरू, नेपाल पत्रकार महासंघका पूर्व अध्यक्षहरू तथा पत्रकारिताको क्षेत्रमा विशिष्ट पहिचान बनाएका व्यक्तित्वहरू हुनुहुन्छ। गत वर्ष २०७३ को यस्तै अडिटमा भने तत् मन्त्रालयमा विशिष्ट श्रेणी (सचिव)को जिम्मेवारी बहन गरी सेवानिवृत्त भएका व्यक्तित्वहरू हुनुहुन्थ्यो।

यस सर्वेक्षणमा दश वटा प्रश्नहरू पहिले नै तय गरेर ती प्रश्नलाई तीन भागमा प्राप्ताङ्कको मूल्याङ्कन गरिएको छ। ०, ५ र १० गरी तीनवटा अंकभारमा एउटा प्रश्न सोधिएको छ र प्रत्येक प्रश्नको पूर्णाङ्क १० दिइएको छ। प्रश्नको जवाफ बमोजिम प्रत्येक प्रश्नमा बढीमा १० अंक प्राप्त गर्ने विधि तय गरिएको छ। सर्वेक्षकहरूले स्थलगत भ्रमण गरेर नै प्रश्नावली भर्नु वा भराउनु भएको छ। यसरी १० वटा प्रश्नमा प्रत्येक प्रश्नको अंकभार १० का दरले १०० मा मापन गरिएको छ। यही आधारमा शतप्रतिशत अथवा १०० अंक प्राप्त गर्ने मन्त्रालयहरू पनि छन्।

यो परीक्षण सूचनाको हकसम्बन्धी ऐन, २०६४ को कार्यान्वयनको अवस्था पत्ता लगाउने तथा यसको कार्यान्वयनको प्रतिबद्धतासम्बन्धी उद्देश्यमा केन्द्रित छ। खासगरी देशको केन्द्रीय प्रशासनिक निकायका रुपमा रहेका मन्त्रालय र तिनका कम्तिमा पनि केन्द्रीय तहका विभागहरूमा यो कानूनको कार्यान्वयनको अवस्था तथा सूचनाको हकसम्बन्धी कानूनको बुझाईका बारेमा सर्वेक्षण गरिएको छ।

तथ्याङ्क संकलकले सर्वेक्षणका क्रममा मन्त्रालय र मातहतका निकायका उच्च पदाधिकारी र सूचना अधिकारीसँग छलफल र अन्तर्क्रिया समेत गरी सुधार गर्न सकिने क्षेत्रहरू पहिल्याउनु भएको छ। सर्वेक्षणपछि उहाँहरूले हरेक मन्त्रालयको अवस्थाको बारेमा निष्कर्ष पनि प्रस्तुत गर्नुभएको छ। यस अध्ययनको अन्त्यमा समग्र निष्कर्ष र सुझाव पनि एकीकृत रुपमा प्रस्तुत गरिएको छ। अध्ययनको निष्कर्ष र सुझावको अर्को खण्डमा सूचना परीक्षणकर्ता निकाय राष्ट्रिय सूचना आयोगका सुझावहरूसमेत प्रस्तुत गरिएको छ।

अनुसन्धानको आफ्नो अनुशासन र आचार संहिताभित्र बसेर आवश्यक सबै सूचकहरू तयार गर्ने र तिनका आधारमा प्राप्त भएका अंकहरूलाई यथार्थ रुपमा प्रस्तुति र विश्लेषण गरिएको छ। यो अनुसन्धान कम गुणात्मक (Qualitative) र बढी संख्यात्मक (Quantitative) छ।

नेपालमा सूचनाको हकको कार्यान्वयनको सम्बन्धमा अधिकांश सरकारी निकाय र त्यहाँका सार्वजनिक ओहदाधारी व्यक्तित्वहरू उदासिन छन् भन्ने बाहिर आमधारणा पाइन्छ। त्यसैले पनि यस अनुमानको यथार्थ

मापनका लागि राष्ट्रिय सूचना आयोगले यो परीक्षणको बाटो लिएको हो । निष्कर्ष भने यो आमधारणाको विपरित छ । केही अपवादलाई छाड्ने हो भने मन्त्रालयहरूले सूचनाको हक कार्यान्वयनमा महत्वपूर्ण कार्य गरेको देखिएको छ । मन्त्रालयहरूले प्राप्त गरेको अंक हेर्दा कमजोर पक्षहरू अति थोरै देखिएका छन् । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले व्यवस्था गरेका न्यूनतम् बिषयहरू मात्र समेटिएर प्रश्न तयार गरिएकाले पनि कमजोर पक्ष अति थोरै देखिएको हुन सक्छ । यस कानूनको बुझाई, कार्यान्वयनको प्रतिबद्धता र यसको प्रवर्द्धनात्मक कार्यक्रमहरू यस सर्वेक्षणबाट धेरै रहेको देखिएको छ ।

अध्ययनको सुझाव खण्डमा मन्त्रालय र विभागहरूले गर्नुपर्ने प्रवर्द्धनात्मक कार्यहरू समेटिएको छ । अधिकांश सार्वजनिक निकायले स्वतः खुलासाको प्रावधान पूरा गरेको जनाएका छन् । तर, यस्तो खुलासाको प्रभावकारिता र वैधानिकताका विषयमा थप कार्य गर्नुपर्ने सुझाइएको छ । सूचना अधिकारी राखेको भनी पूर्णाङ्क दिइए पनि मन्त्रालय वा विभागलाई ती सूचना अधिकारीलाई सूचना दिने काममा उत्प्रेरित गर्न र सूचनामा पहुँच दिनेतर्फ सुझाइएको छ । अध्ययनमा तीन प्रकारबाट सुझावहरू प्रस्तुत गरिएको छः (१) तथ्याङ्क संकलकले स्थलगत रुपमा संकलन गरेका तथ्याङ्क र त्यस अवसरमा उहाँहरूले देखेका वास्तविकता, (२) समग्र अध्ययनको सुझाव, र (३) राष्ट्रिय सूचना अयोगका सुझावहरू ।

अध्याय १ : प्रारम्भिक

१.१ पृष्ठभूमि

नेपालमा सूचनाको हकसम्बन्धी मौलिक हकको व्यवस्था तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ ले गरेको हो । वि.सं. २०४६ को जनआन्दोलनपछि पुनर्स्थापित प्रजातन्त्रको उपलब्धिका रूपमा जारी यस संविधानले नागरिकको मौलिक अधिकारमा नै सूचनाको हकको व्यवस्था गरेको थियो । उक्त संविधानको धारा १६ मा प्रत्येक नेपालीले सार्वजनिक महत्वको कुनैपनि विषयको सूचना माग्ने र पाउने अधिकार हुनेछ भनी उल्लेख गरिएको थियो । 'सूचनाको हक' लाई संविधानमा नै व्यवस्था गरिएको दक्षिण एसियामा नै सम्भवतः यो पहिलो अवसर थियो ।

संविधानमा मौलिक हकमा सूचनाको हकलाई समावेश गरेपछि त्यस समयमै यो संवैधानिक अधिकारको प्रयोग नागरिकले गरेको पाइन्छ। सञ्चार माध्यम समेतका कतिपय संस्था र प्रबुद्धवर्गले जनचासोका र राज्यसँग सम्बन्धित सार्वजनिक महत्वका विषयमा सूचना माग्ने र पाउने अधिकारको महत्वको बारेमा त्यसपछि देशभर बहसहरू सुरु भएका हुन् ।

संविधानको मौलिक हकमा गरिएको यस्तो व्यवस्थासँगै विश्वमा नै सूचनाको हकसम्बन्धी छुट्टै कानूनको खाँचोको बारेमा पनि बहसहरू सुरु भए । संविधानमा र विशेषतः नागरिकको मौलिक हक अन्तर्गत सूचनाको हकको व्यवस्था गरिएका प्रजातान्त्रिक देशहरूमा पनि सूचनाको हकसम्बन्धी छुट्टै कानूनको निर्माण हुन थाल्यो । सन् १७६६ मा स्वीडेनले नागरिकको सूचना अधिकारका पक्षमा यो कानून बनाएको थियो । सूचनाको हकसम्बन्धी अलग्गै कानून बनाउने स्वीडेन नै विश्वको पहिलो देश हो । विश्वमा यो कानूनको बहस चल्यो र स्वीडेनमा कानून बनेको करिब साढे दुई सय बर्षपछि यस अभियानले नेपालमा पनि प्रवेश पायो । सुरुमा पत्रकारहरूका सभा सम्मेलन र संसद अधिवेशनमा सूचनाको हकसम्बन्धी कानूनको आवश्यकताका बारेमा छलफल सुरू हुन थाल्यो । यो अभियानको करिब दुई दशकपछि नेपालले पनि सूचनाको हकसम्बन्धी अलग्गै कानून पायो । वि.सं. २०६२/६३ को जनआन्दोलन पश्चात् नेपालको अन्तरिम संविधान, २०६३ जारी भयो, र सो संविधानले बिस्तृतरुपमा सूचनाको हकसम्बन्धी व्यवस्थालाई नागरिकको मौलिक हकका रुपमा व्यवस्था गऱ्यो । त्यसलगत्तै सरकारले ल्याएको सूचनाको हकसम्बन्धी बिधेयकलाई व्यबस्थापिका संसदबाट पारित भै वि.सं. २०६४ साउन ५ गते सूचनाको हकसम्बन्धी ऐन, २०६४ प्रमाणिकरण भयो । यो कानूनप्रमाणिकरण भएको ३० दिन अर्थात् २०६४ भदौ ३ गतेदेखि कार्यान्वयनमा आयो ।

नेपालले सूचनाको हकसम्बन्धी ऐन पाएको दशवर्ष नाघिसकेको छ । त्यसैले अब देशमा यो कानूनको कार्यान्वयनको अवस्थाको मूल्याङ्कन पनि गर्दै जानुपर्ने समय भएको छ ।

सूचनाको हकसम्बन्धी ऐन जारी भएको नौ महिनासम्म राष्ट्रिय सूचना आयोग गठन हुन सकेन । आयोगको अभावमा सूचना प्राप्त गर्न नसकेका सूचनाग्राहीहरूले उजुरी गर्न जाने ठाउँ भएन । यस अवधिमा

महत्वपूर्ण सूचना माग भएका र त्यस्तो सूचना प्राप्त हुन नसकेपछि सर्वोच्च अदालत जानुपरेका उदाहरण पनि छन् । सूचना मागको अभियानमा संलग्न अभियन्ता, नागरिक समाज एवम् पत्रकारहरूको व्यापक मागपछि मात्र राष्ट्रिय सूचना आयोग गठन भयो ।

आयोगको गठनपछि केही समय आयोगको कार्यालय सूचना तथा सञ्चार मन्त्रालयभित्र राखिएकोले नेपालको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार छिर्न सुरक्षाका कारणले भन्दै सर्वसाधारण नागरिकका लागि गाह्रो भयो । यहीकारण सूचनाग्राहीहरू र सूचना प्राप्त गर्न नसक्नेहरूलाई उजुरी वा पुनरावेदन दिन राष्ट्रिय सूचना आयोगसम्म पुग्न कठिन भयो । यही वस्तुतथ्यलाई मनन गरी आयोगलाई प्रशासनिक एवम् भौतिक रूपमा नै पहुँचयोग्य बनाउन सिंहदरबारबाट बाहिर ल्याइयो । यसबाट आयोग जनताको सहज पहुँचमा भयो र यसको स्वतन्त्रता पनि स्थापित भएको महसुश गरिएको थियो । पछि आयोगको स्वतन्त्र निकायको पहिचान पुष्टि गर्न आयोगको छुट्टै लोगो नै निर्माण गरी प्रचलनमा ल्याईएको छ ।

नेपाली समाज बढी मौनतामा विश्वास गर्दछ । मौनता हाम्रो सामाजिक संस्कारजस्तै भएको छ । त्यसैले नेपाली समाजलाई खुलापनमा परिवर्तन गर्न अझै पनि गाह्रो छ । अर्कातर्फ हाम्रो प्रशासनिक संयन्त्र पनि बढि गोपनीयतामा विश्वास गर्दछ र सकेसम्म आफ्नो कार्यसम्पादनका कुराहरू बाहिर नआउन् भन्ने चाहन्छ । यो सामाजिक परिवेशका कारण पनि देशको प्रशासनिक संयन्त्रलाई पारदर्शी बनाउनु गाह्रो काम नै हो । यसका कारण पनि गएको दशकमा नेपालको पारदर्शिता र सूचनाको हकको प्रर्वद्धन गर्न जेजति अपेक्षित थियो, त्यति हुन नसकेको पाइन्छ ।

जनताले पनि अपेक्षित संख्यामा सूचना माग्न नसकेको र सूचना माग्ने अभियानले पनि अभियानको रूप लिन नसकेको हो कि भन्ने पनि महसुश यतिखेर हुनु स्वाभाविकै हो । पत्रकारहरू यो कानूनको निर्माणका लागि जे जसरी बिगतमा लागिपरेका थिए त्यही कानून आएपछि यसको प्रयोगमार्फत मुलुकमा व्याप्त अनियमितता एवम् भ्रष्टाचारलाई बाहिर ल्याउनेतर्फ अग्रसर हुनुपर्ने हो । नागरिकका पक्षमा यति महत्वपूर्ण कानून आएको छ र यसले जनतालाई निकै बलियो बनाएको छ भन्ने बारेमा देशव्यापी रूपमा गाउँघर जगाउने कार्यक्रमहरू सञ्चालन गर्नु अबको आवश्यकताभित्र पर्दछ ।

यस अवधिमा सूचनाको मागगर्ने नागरिकको संख्यामा उल्लेख्य बृद्धि भएको छैन । यस कानूनको बारेमा नागरिक तहमा सचेतनाको अभावमा पनि त्यसो भएको हुनसक्छ । यसका लागि सरकारका साथै नागरिक समाजका तहहरूमा पनि यसको प्रचार प्रसारका कार्यक्रमहरू कम भएको हुनसक्छ । तर थोरै नै भएपनि केही महत्वपूर्ण उपलब्धिहरू भने यस अवधिमा हासिल भएको नै मान्न सकिन्छ । विद्यार्थीले विश्वविद्यालयमा दिएको परीक्षा र एसएलसी सरहका बोर्ड परीक्षाको उत्तरपुस्तिकाको प्रतिलिपि हेर्न पाउने, लोक सेवा आयोग लगायतले संचालन गरेको प्रतियोगितत्मक परीक्षाको प्राप्तांक जान्न पाईने, कुनैपनि सार्वजनिक निकायले गरेको खर्च रकमको बिल भौचर नै हेर्न पाउनेजस्ता महत्वपूर्ण नजिरहरू राष्ट्रिय सूचना आयोगका आदेशबाटै स्थापित भएका छन् ।

नेपालीको मनमा अहिले पनि सरकारी कार्यालयले नै सूचना दिँदैनन् भन्ने सोच भेटिन्छ । त्यसैले यस सोचमा परिवर्तन आवश्यक छ । नेपालको सूचनाको हकसम्बन्धी ऐन विश्वका अरू प्रजातान्त्रिक देशहरूको तुलनामा प्रजातान्त्रिक नै छ । यस कानूनले सूचना दिनुपर्ने दायित्वभित्रका सार्वजनिक निकायलाई बढी फराकिलो पनि बनाएको छ । जस्तो कि सरकारी निकायहरूमात्र नभएर राजनीतिक दल, विद्यार्थी संगठन, गैरसरकारी संघसंस्था एवम् निजी क्षेत्र पनि यस कानूनले सूचना दिनुपर्ने दायित्व भित्रका सार्वजनिक निकायका रुपमा व्यवस्था गरिएको छ । त्यसैगरी गैरसरकारी संघसंस्थाहरू पनि सूचनाको पहूँचभन्दा बाहिर जान सक्दैनन् भन्ने मान्यता आयोगले पनि स्थापित गर्न सकेको छ ।

खासगरी सूचनाको हकको प्रचलन र प्रयोगका लागि बढि उत्तरदायित्व भएका देशको केन्द्रीय प्रशासनिक निकायहरूको अवस्थाको अध्ययनका लागि यो सर्वेक्षण गरिएको हो । खासगरी देशमा सूचनाको हकसम्बन्धी ऐन जारी भएपछि यसलाई देशव्यापी बनाउने, यो कानून पत्रकारका लागिमात्र नभई मूलतः जनताका लागि हो र यसबाट जनताले अधिकार मात्र प्राप्त गर्दैनन् उनीहरूको अवसरको पनि प्राप्ति हुन्छ भन्ने हिसाबले जनता जगाउने कामका लागि यसको जानकारीको अभियानलाई जनताको घरआँगनसम्मै पुऱ्याउने काम देशको प्रशासनिक निकाय र राजनीतिक नेतृत्वले गर्नुपर्ने महत्वको बोध निकै कम भएको गुनासो अहिले पनि सुन्ने गरिन्छ । सूचना अधिकारकर्मीहरूका सभा सम्मेलन, सूचनाग्राहीका अभियानहरू तथा नागरिक समाजको क्षेत्रका व्यक्तिहरूका गोष्ठी आदिमा पनि सरकारी निकायले नै सूचना दिएनन् भन्ने गुनासो आउँछ । यसका कारण पनि सूचना दिने तथा आफ्नो मातहतका निकायलाई समेत यस कार्यका लागि बढि प्रतिबद्ध बनाउने दायित्वका निकाय मन्त्रालय र केन्द्रीय निकायहरूकै अवस्थाको बारेमा यो सर्वेक्षण केन्द्रित गरिएको छ ।

यस अध्ययनले विशेषतः नेपाल सरकारको केन्द्रीय प्रशासनिक निकायका रूपमा रहेका मन्त्रालयहरूमा सूचनाको हकसम्बन्धी कानूनको बुझाई र यसप्रतिको व्यवहारको मापन गर्ने प्रयास गरेको छ । ती निकायका पदाधिकारीमा सूचनाको हकसम्बन्धी ऐनको बुझाई के छ र उनीहरूले सूचनाको हकसम्बन्धी ऐन बमोजिम सूचना दिने प्रयोजनका लागि सूचना अधिकारी नै राखेका छन् कि छैनन् या सूचनालाई उनीहरूले सूचना दिने कामलाई दायित्वका रुपमा लिएका छन् या बोझ ठानेका छन् भन्नेसम्मको तथ्य र मनोवैज्ञानिकता बुझ्ने काम पनि यस अध्ययनले गरेको छ । यसरी यही प्रयोजनका लागि राष्ट्रिय सूचना आयोद्वारा गरिएको यो दोस्रो बृहत् खोजी हो ।

१.२ आरटीआई अडिट

सामान्यतया अडिट भनेको तोकिएको समयमा तोकिएको निकायले सम्पादन गरेको कार्यको लेखाजोखा, मूल्यांकन, अनुगमन वा निरीक्षण गर्ने कार्य हो । यस्तो अडिट सरकारी वा गैरसरकारी दुवै क्षेत्रको हुने गर्दछ । बजेट वा आर्थिक हिसाबकिताबको अडिट महालेखा परीक्षकको कार्यालयले गर्ने गर्दछ भने अन्य कार्यक्रम वा योजनाहरूको अडिट नियामक निकाय वा तालुक कार्यालय वा राष्ट्रिय योजना आयोगले पनि गर्दछ । पछिल्ला दिनहरूमा यस्तो अडिटको काम सामाजिक वा गैरसरकारी संघसंस्थाहरूले गरिरहेका छन् । सरकारी कामकारबाहीहरूलाई त्यसका सरोकारवाला वा उपभोक्ताहरूबाट अनुमोदन गराउने वा सार्वजनिक सुनुवाईका माध्यमबाट जनसहभागिता अभिवृद्धि गर्नेगरी यस्तो अडिट गरिएको पाइन्छ । यसलाई आजभोलि चलनचल्तीमा सामाजिक लेखापरीक्षण (Social Audit) पनिभन्ने गरिन्छ । अर्कातर्फ प्रस्तावित वा सञ्चालित कार्यक्रमहरू वा बजेटका बारेमा गरिने अडिट जस्तै लैंगिक बजेट, गरिबमुखी बजेट, वातावरणमैत्री बजेट वा कार्यक्रम पनि यसमा पर्दछन् ।

यस्तै अडिटको प्रचलनमा पछिल्लो समयमा संसारमा प्रचलनमा ल्याइएको अर्को प्रक्रिया हो आरटीआई अडिट । सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयन र प्रयोगका बारेमा यस्तो अडिट गरिन्छ । यो ऐन मुलतः सुशासन कायम गर्नेतर्फ एक महत्वपूर्ण औजार हो । अनियमितता रोक्ने, भ्रटाचार नियन्त्रण गर्ने, विकृति र विसंगतिलाई उजागर गरी पारदर्शिता प्रबर्द्धन गर्ने तथा शासकहरूलाई जनताप्रति उत्तरदायी बनाउने हतियारका रुपमा संसारमा सूचनाको हकको प्रचलन गर्ने गरिएको छ । यसरी सूचनाको हकको प्रयोग र प्रचलनका तौरतरिकाको खोजी गरी यी कार्यहरूमा सूचना हकको प्रयोग वा कार्यान्वयन भए नभएको बारेको मापन गर्ने कार्यलाई नै आरटीआई अडिट भनिएको छ ।

आरटीआई अडिटका प्रचलनमा रहेका संसारका विभिन्न स्वरुपहरूमध्ये बढी प्रचलन यसको प्रयोग के कस्तो काममा गरियो र यसको कार्यान्वयनको अवस्था कस्तो छ भन्नेमा नै बढी गर्ने गरिएको छ । सूचनाको हकसम्बन्धी ऐनको प्रयोग कुन रुपमा भयो अथवा कति सक्रिय रुपमा यस कानूनलाई प्रयोगमा ल्याइयो भन्ने विषयमा केन्द्रित यस अडिटले सूचनाका मागकर्ता र उनीहरूको संख्या समेत खोज्ने गर्दछ । सूचनाको माग कस्तो देखियो, कति मानिसले यसको प्रयोग गरेर सूचना मागे र के कति पाए भन्ने बारेमा खोजी गर्ने गर्छ । यसरी गरिएका मागका बारेमा पनि अझ सुक्ष्मरुपमा खोज्न सकिन्छ । सूचना माग्ने काम महिला वा पुरुष, कुन जातिका मानिस, कुन उमेर समूह वा बर्ग तथा कुन पेशा वा धर्मका मानिसले बढि वा कम सूचना मागे आदि भन्नेजस्ता विभिन्न कोणबाट खोज्न सकिन्छ । यस्तो विधिबाट तथ्यांक संकलन गर्ने गरिन्छ ।

यसैगरी आरटीआई अडिटको प्रचलन सूचनाको हकसम्बन्धी ऐनको प्रयोगको प्रयोजनमा गर्ने गरिएको पाइन्छ । यो कानून के प्रयोजनका लागि बढि प्रयोगमा ल्याइएको छ भन्ने विषयको खोजी यसअन्तर्गत पर्दछ । मानिसले आफ्नो व्यक्तिगत प्रयोजनमा सूचना हक प्रयोग गर्‍यो वा सार्वजनिक हित तथा भ्रष्टाचार विरुद्धमा भन्ने विषयमा यसमा खोजीनीति गर्ने गरिन्छ । नागरिकले आफ्नो अधिकारको प्रयोगको प्रयोजनमा मात्र गर्‍यो कि पेशागत आफ्नो अप्ठेरो सल्टाउने काममा भन्ने बारेका विभिन्न प्रयोजन र प्रकृतिहरू यसमा केलाईन्छ । यस अन्तर्गत सूचनाको हकसम्बन्धी ऐनको प्रयोगको प्रयोजन वा उद्देश्य खोज्ने काम गरिन्छ ।

देशका सञ्चारमाध्यमले यस ऐनको बारेमा के कसरी 'कभरेज' गरे अथवा यस बारेको समाचार कसरी दिए भन्ने पक्षको खोजी पनि आरटिआई अडिट हो । सूचनाको हकको विषयलाई मिडियाले 'प्रो एक्टिभ' प्रयोग अर्थात् ऐनको बढिभन्दा बढि प्रयोगका लागि जनता जगाउने पक्षमा समाचारको 'कभरेज' दिएका छन् कि घटनाप्रद समाचार मात्र दिएका छन् भन्ने विषयमा बढी खोज्ने गरिन्छ । ऐनको प्रचार प्रसारमा मिडियाले समाचार दिए वा नागरिकले सूचनाको हकको प्रयोग गरेर भेटेका तथ्यहरूलाई समाचारमा दिने काम गरे अथवा समाचार बन्ने घटनाको मात्र समाचार बनाए भनेर पनि सर्वेक्षण गर्ने गरिन्छ । अथवा मिडियाले नै समाचारको प्रयोजनमा यो ऐनको प्रयोग गरी सूचना माग्ने काम गरे कि भनेर पनि यसै अन्तर्गत अनुसन्धान गर्ने गरिन्छ । त्यस्तै मिडियाले आरटीआइको समाचार कहाँ दिए भनेर पनि छापिएका सामग्रीको अध्ययन (content analysis)गर्न सकिन्छ । समाचारले अखबारको प्रमुख समाचारको स्थान ग्रहण गर्न सक्यो वा सकेन, बाहिरी पेजमा मात्र आयो कि वा सम्पादकीय, लेख वा आलेखका रुपमा आयो भन्ने विषयमा खोजी गरिन्छ । अनुसन्धानमूलक वा खोजमूलक समाचारका लागि यो ऐनको प्रयोग गरिएको छ वा छैन भन्ने बारेमा पनि यसमा खोज्न सकिन्छ । यसका लागि निश्चित अवधिका दैनिक वा साप्ताहिक पत्रिका, टिभी, रेडियो अथवा अनलाइन नै पनि लिन सकिन्छ । त्यस अवधिका सञ्चारमाध्यमले सूचनाको हकसम्बन्धी ऐनको प्रयोग के कसरी गरेका छन् र यस विषयको समाचार कसरी दिएका छन् भनेर खोजी गर्ने गरिन्छ ।

आरटीआई अडिटको प्रचलनमा पछिल्लो उदाहरण क्यानाडामा मुख्यालय रहेको सेन्टर फर ल एण्ड डेमेक्रेसीको सूचनाको हकसम्बन्धी विश्वव्यापी सर्वेक्षणलाई लिन सकिन्छ । यसमा विश्वका १११ देशको कानूनी व्यवस्थाको प्राबधानबारेमा सर्वेक्षण गरिएको छ । सूचनाको हकसम्बन्धी छुट्टै कानूनको ब्यवस्था रहेका विश्वका १११ देशमा सूचनाको हकसम्बन्धी कानूनका विषयमा यो सर्वेक्षण केन्द्रित रहेको छ । यसले पनि अडिटकै विधि र सूचकको मापनका आधारमा ती कानूनको तुलनात्मक अध्ययन गरेको छ । यसका लागि विभिन्न ६१ वटा सूचक तयार पारिएको छ र तिनलाई सात वटा फरक फरक मापदण्डमा नापिएको छ । सूचनामा नागरिकको पहूँच, यस कानूनको क्षेत्र, सूचना मागका लागि मागपक्षको सूचना मागको प्रक्रिया, अपवाद र यसका दायरा

तथा सूचना नदिने अवस्थाहरू, पुनरावेदन, सूचना दिने विधि, सूचनादाताको संरक्षण र सूचनाको हकसम्बन्धी नागरिक अधिकारका लागि आवश्यक पर्ने प्रवर्धनात्मक उपायहरू गरी मापदण्डहरू तय गरिएको छ । ती मापदण्डमा प्राप्त हुने नम्बरलाई १५० पूर्णांकमा बाँडिएको छ । यसरी प्राप्त भएको अंकको आधारमा देशहरूको सूची तयार गरी विश्व वरियता तोकिएको छ र देशहरूलाई १ देखि १११ औँ स्थानमा राखिएको छ । यो सूचकांकका आधारमा नेपाल पनि १११ देशमध्ये २७ औँ स्थानमा परेको छ ।

नेपालमा पनि आरटिआई अडिटको प्रचलन गतबर्षबाट राष्ट्रिय सूचना आयोगले पहिलो पटक थालेको हो । नेपालका सबै (३१) ओटा मन्त्रालय र तिनका केन्द्रीयस्तरका बिभागमा सूचनाको हकसम्बन्धी कानूनको कार्यान्वयनको अवस्थाका बारेमा सर्वेक्षण गरिएको थियो । ती मन्त्रालय र विभागका लागि १० वटा प्रश्न तयार गरी तिनै मन्त्रालयमा सचिवमा कार्यरत रही सेवानिवृत्त भएका व्यक्तित्वलाई यस अडिटको सर्वेक्षकका राखिएको थियो । उहाँहरूले संकलन गरेको तथ्यांक र वस्तुस्थितिलाई पछि सूचनाको हकसम्बन्धी विज्ञमार्फत विश्लेषण गरी पुस्तकका रुपमा प्रकाशन गरिएको थियो । पूर्णांक १०० मा यसको मापन गरिएको थियो र कतिपय मन्त्रालयले पूर्णांक नै प्राप्त गरेका थिए ।

१.३ अध्ययन विधि

यस अध्ययनमा तथ्याङ्क संकलनका लागि अंक सहितको संख्यात्मक प्रश्नावली विधि (Quantitative Questionnaire Method)प्रयोग गरिएको छ (**अनुसूची १**) । तथ्याङ्क संकलकले बन्द तथा पहिले नै सेट गरिएका प्रश्नहरूमार्फत तथ्याङ्क संकलनको काम गर्नुभएको छ । उहाँहरूलाई राष्ट्रिय सूचना आयोगद्वारा तयार गरिएका १० वटा प्रश्नावलीको सेट दिइएको छ । संकलकहरूले प्रत्यक्ष एवम् स्थलगत अध्ययन गरी तथ्याङ्क संकलन गर्नुभएको छ । सबै मन्त्रालय र मातहतका विभागलाई एकैखाले प्रश्न तयार गरिएको छ । हरेक प्रश्नमा तीनवटा रोजाई (Option) दिइएको छ ।

सर्वेक्षणका क्रममा सोधिएका १० वटा प्रश्नको उत्तरलाई निम्न बमोजिम तीन वर्गमा वर्गीकृत गरी अंक दिइएको थियो :

सोधिएका प्रश्नको पूर्ण उपलब्धि भएको-	१० अंक
सोधिएका प्रश्नको उपलब्धि आंशिक भएको -	५ अंक
सोधिएका प्रश्नको उपलब्धि हासिल नभएको -	० अंक

प्राप्त अंकका आधारमा तथ्याङ्कको प्रस्तुति र विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा तिनै प्राप्ताँकको अवस्था र प्रकृतिको व्याख्या गरिएको छ । कुन मन्त्रालयले के कति अंक पाए भनेर संख्यात्मक गणना (Quantitative)विधिबाट प्राप्त तथ्याङ्कको प्रस्तुति र विश्लेषण गरिएको छ । यस अध्ययनको क्षेत्र मुख्यत नेपालका सबै ३१ वटै मन्त्रालय र ती मन्त्रालयअन्तर्गतका केही केन्द्रीयस्तरका निकाय र विभागहरू हुन् ।

१.४ अध्ययनको औचित्य

नेपालमा सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनमा आएको दश बर्षभन्दा बढि भइसकेको छ । यसबीचमा यस ऐनको कार्यान्वयनका पक्षमा गरिएका समीक्षाहरूको मूल्याङ्कन गर्दा कार्यान्वयनको अवस्था अपेक्षाअनुसार नभएको भन्ने सुन्ने गरिएको छ । यी गुनासाहरूका बीच यो कानूनको कार्यान्वयनमा तदारुकता र उत्प्रेरणा जागृत होस् भन्ने ध्येयले अध्ययन गरिएको हो । देशको केन्द्रीय प्रशासनिक निकायमा गरिएको यस

अध्ययनबाट मुलुकका सरकारी निकायमा यस कानूनप्रतिको व्यवहार र प्रचलनको सामान्य अवस्था बाहिर आउने र त्यस क्रममा देखिएका सफलता र असफलतालाई सूचना प्राप्तिको अभियानमा नै देशव्यापी रूपमा प्रयोग गर्न पाइने अवस्था अध्ययनले उपलब्ध गराउँछ । साथै, सूचनाको हकसम्बन्धी कानून के कसरी पालना र प्रचलन गरिएको छ भन्ने अवस्था बुझ्न यसले सहयोग गरेको छ ।

१.५ अध्ययनका सीमाहरू

यस अध्ययनमा तथ्यांक संकलन नेपाल सरकारका ३१ वटा मन्त्रालय र यस अन्तर्गतका केही केन्द्रीयस्तरका निकाय र विभागमा गरिएको छ । ती मन्त्रालय र विभागका लागि १० वटा पहिल्यै तयार पारिएका प्रश्न (Structural Questions) सोधिएको छ र ती प्रश्नका लागि तोकिएको नम्बर दिइएको छ । यसरी संकलित तथ्यांकका आधारमा तथ्य प्रस्तुत गरिएको छ । तथ्यांक संकलकमा राष्ट्रियस्तरका दैनिक पत्रिकाका प्रधान सम्पादकहरू, नेपाल पत्रकार महासंघका वर्तमान र पूर्व अध्यक्षहरू तथा पत्रकारिता क्षेत्रमा विशिष्ट पहिचान बनाएका व्यक्तित्वहरू रहनुभएको छ । उहाँहरूले स्थलगत रुपमा तथ्यांक संकलन गर्नुभएको छ । उहाँहरूले संकलन गर्नुभएको तथ्यांकको आधारमा नै प्रत्येक प्रश्नमा नम्बर दिनुभएको छ र यसरी प्राप्त भएको नम्बरको योग हेर्दा कुनै मन्त्रालयले पूर्णांक नै प्राप्त गरेका छन् । साथै उहाँहरूले मन्त्रालयगत रुपमा संकलन गर्नुभएको तथ्यांक र दिनुभएका सुझावहरूलाई यस प्रतिबेदनमा समाबेश गरिएको छ । यसैगरी मन्त्रालयगत रुपमा एवम् समग्रमा प्राप्त निष्कर्ष पनि उहाँहरूले नै निकालेको निष्कर्ष हो । यसरी प्राप्त नम्बर, यस अध्ययनको निष्कर्ष र निकायगत सुझावमा राष्ट्रिय सूचना आयोगको संलग्नता छैन । यो नै यस अध्ययनको मुख्य सीमा हो । यस अध्ययनको अन्तिममा दिइएको 'राष्ट्रिय सूचना आयोगको सुझाव' शीर्षकका सुझावमा मात्र आयोगको आफ्नो भनाई छ । अध्ययनबाट निस्किएको निष्कर्ष र सुझावहरूबाट आगामी दिनमा थप मार्गदर्शन प्राप्त गर्न सहयोग पुगोस् भनेर आयोगले आफ्नो सुझाव राखेको हो ।

१.६ सर्वेक्षणमा समेटिएका मन्त्रालयहरू

नेपाल सरकारका मन्त्रालयहरूले सूचनाको हक कार्यान्वयनका सन्दर्भमा ३१ वटा मन्त्रालयको अध्ययन गरिएको थियो । साथै, मन्त्रालय मातहतका कतिपय केन्द्रीय निकायहरूबाट सूचनाको हकका सन्दर्भमा भएगरेका कार्यहरूको सूची र प्राप्त अंक समेटिएको छ । सर्वेक्षणमा समेटिएका मन्त्रालयहरूको नाम **अनुसूची २** मा दिइएको छ ।

१.७ अध्ययनको नतिजा

सर्वेक्षणका सूचकहरूको गणनालाई कूल १०० पूर्णाङ्क मानी सूचनाको हकको कार्यान्वयनको परीक्षण सहितको अवस्था अध्ययन गरिएको छ । अध्ययनमा समेटिएका ३१ वटा मन्त्रालयमध्ये चारओटा मन्त्रालयले पूर्णाङ्क (१००अंक) अर्थात् शतप्रतिशत अंक प्राप्त गरेका छन् । ती हुन्- १.शिक्षा मन्त्रालय, २.शान्ति तथा पुनर्निर्माण मन्त्रालय, ३.यूवा तथा खेलकुद मन्त्रालय,४.जनसंख्या तथा वातावरण मन्त्रालय । सबैभन्दा न्यून अंक (५५) भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले प्राप्त गरेका छन् ।

जनतासँग प्रत्यक्ष जोडिएका आमसरोकारका धेरै मन्त्रालयको सूचना प्रवाहको अवस्था नाजुक देखिन्छ । सूचना सार्वजनिक गरेको आधारमा पूर्ण अंक पाएका मन्त्रालयहरूले पनि बजेट अभावमा नियमित किसिमबाट

राष्ट्रियस्तरका पत्रपत्रिकामा मन्त्रालयहरूका कार्यसम्पादन विवरण सार्वजनिक गरेको पाइन्न । त्यसैगरी सूचना सार्वजनिक गर्ने क्रममा अधिकांश मन्त्रालयले वेबसाइटको सहारा लिएको पनि पाइएको छ ।

सूचना प्रवाहको दूई बर्षको तुलनात्मक स्थिति

क्र.सं.	अंक प्राप्तिको विवरण	मन्त्रालयको संख्या २०७३	मन्त्रालयको संख्या २०७४
१.	५० वा सोभन्दा कम अंक प्राप्त गर्ने	२	-
२.	५१ देखि ६० अंक	-	३
३.	६१ देखि ७० अंक	४	५
४.	७१ देखि ८० अंक	६	४
५.	८१ देखि ९० अंक	९	११
६.	९१ देखि १०० अंक	१०	८
	शतप्रतिशत अंकप्राप्त गर्ने	**३**	**४**
	मन्त्रालयको कूल संख्या	**३१**	**३१**

मन्त्रालयहरूले प्राप्त गरेको अंकको तुलनात्मक अवस्था

क्र.सं.	मन्त्रालयहरूको नाम	कूल अंक
१	जनसंख्या तथा वातावरण मन्त्रालय	१००
२	यूवा तथा खेलकुद मन्त्रालय	१००
३	शान्ति तथा पुनर्निर्माण मन्त्रालय	१००
४	शिक्षा मन्त्रालय	१००
५	विज्ञान तथा प्रविधि मन्त्रालय	९५
६	सहकारी तथा गरिबी निवारण मन्त्रालय	९५
७	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	९५
८	श्रम तथा रोजगार मन्त्रालय	९५
९	उद्योग मन्त्रालय	९०
१०	कृषि विकास मन्त्रालय	९०
११	खानेपानी तथा सरसफाइ मन्त्रालय	९०
१२	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	९०
१३	सामान्य प्रशासन मन्त्रालय	९०
१४	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	८५
१५	आपूर्ति मन्त्रालय मन्त्रालय	८५

१६	गृह मन्त्रालय	८५
१७	पशुपंक्षी विकास मन्त्रालय	८५
१८	सूचना तथा संचार मन्त्रालय	८५
१९	स्वास्थ्य मन्त्रालय	८५
२०	कानून न्याय तथा संसदीय मामिला मन्त्रालय	८०
२१	सिँचाइ मन्त्रालय	८०
२२	वन तथा भूसंरक्षण मन्त्रालय	७५
२३	बाणिज्य मन्त्रालय	७५
२४	अर्थ मन्त्रालय	७०
२५	ऊर्जा मन्त्रालय	७०
२६	परराष्ट्र मन्त्रालय	७०
२७	रक्षा मन्त्रालय	७०
२८	सहरी विकास मन्त्रालय	७०
२९	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	६०
३०	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	५५
३१	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	५५

मन्त्रालयहरूको विस्तृत सूचकाङ्क अनुसूची - ५ मा दिइएको छ ।


मन्त्रालयहरुको तुलनात्मक स्कोर
स्कोर
१२०
१००
८०
६०
४०
२०
०
१००
१००
१००
९५
९५
९५
९५
९०
९०
९०
९०
९०
८५
८५
८५
८५
८५
८५
८०
८०
७५
७५
७०
७०
७०
७०
७०
५५
५५
५०
मन्त्रालयहरुको नाम

अध्याय २ : सूचकाङ्कको मन्त्रालयगत तुलनात्मक अध्ययन

राष्ट्रिय सूचना आयोगले तयार पारेको १० वटा सूचकाङ्क वा प्रश्नावलीका आधारमा समष्टीगत तुलनात्मक अवस्था यस खण्डमा विश्लेषण गरिएको छ ।

२.१ सूचना अधिकारी

सबै मन्त्रालयमा सूचना अधिकारीको व्यवस्था गरिएको अध्ययनले देखाएको छ । मन्त्रालयका सूचना अधिकारीहरूले सीमित स्रोत साधन र जिम्मेवारीका बाबजूद माग गरिएका सूचना उपलब्ध गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । अध्ययनका क्रममा निम्न मन्त्रालयमा सूचना अधिकारीको व्यवस्था गरिएको छ :

सूचना अधिकारीको व्यवस्था गरिएका मन्त्रालयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१८. वन तथा भूसंरक्षण मन्त्रालय
२. अर्थ मन्त्रालय,	१९. वाणिज्य मन्त्रालय
३. आपूर्ति मन्त्रालय	२०. विज्ञान तथा प्रविधि मन्त्रालय
४. उद्योग मन्त्रालय	२१. सहकारी तथा गरिबी निवारण मन्त्रालय
५. ऊर्जा मन्त्रालय	२२. सहरी विकास मन्त्रालय (आंशिक राखेको)
६. कानून न्याय तथा संसदीय मामिला मन्त्रालय	२३. सामान्य प्रशासन मन्त्रालय
७. कृषि विकास मन्त्रालय	२४. सिंचाइ मन्त्रालय
८. खानेपानी तथा सरसफाइ मन्त्रालय	२५. सूचना तथा सञ्चार मन्त्रालय
९. गृह मन्त्रालय	२६. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
१०. जनसंख्या तथा वातावरण मन्त्रालय	२७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
११. परराष्ट्र मन्त्रालय	२८. स्वास्थ्य मन्त्रालय
१२. पशुपंक्षी विकास मन्त्रालय	२९. शान्ति तथा पुनर्निर्माण मन्त्रालय
१३. भूमिसुधार तथा व्यवस्था मन्त्रालय	३०. शिक्षा मन्त्रालय
१४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	३१. श्रम तथा रोजगार मन्त्रालय
१५. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय	
१६. यूवा तथा खेलकुद मन्त्रालय	
१७. रक्षा मन्त्रालय	

२.२ स्वतः प्रकाशन

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ मा सार्वजनिक निकायहरूले आ-आफ्नो निकायसँग सम्बन्धित सूचना हरेक तीन महिनामा अर्थात् वर्षको चार पटक सार्वजनिक गर्नुपर्ने प्रावधान छ। अध्ययनमा समेटिएका ३१ वटा मन्त्रालयमध्ये आंशिक रुपमा सूचना सार्वजनिक गर्ने मन्त्रालयको संख्या १५ र नियमित रूपमा सूचना प्रकाशन गर्ने मन्त्रालयको संख्या १६ रहेको छ। खासगरी, मन्त्रालयहरूले चौमासिक प्रगति विवरण अर्थात् वर्षको तीन पटक सार्वजनिक गर्न रुचि देखाएको अध्ययनले देखाएको छ।

नगर्ने	आंशिक प्रकाशन गर्ने मन्त्रालयहरू	नियमित रूपमा सूचना प्रकाशन गर्ने मन्त्रालयहरू
	१. प्रधानमन्त्रीको कार्यालय	१. आपूर्ति
	२. अर्थ	२. उद्योग
	३. ऊर्जा	३. खानेपानी
	४. कानून न्याय	४. जनसंख्या
	५. कृषि विकास	५. भूमिसुधार
	६. गृह	६. यूवा तथा खेलकुद
	७. परराष्ट्र	७. रक्षा
	८. पशुपंक्षी विकास	८. विज्ञान
	९. भौतिक पूर्वाधार	९. सहकारी तथा गरिबी
	१०. महिला बालबालिका	१०. सामान्य प्रशासन
	११. वन तथा भूसंरक्षण	११. संस्कृति, पर्यटन
	१२. बाणिज्य	१२. स्वास्थ्य
	१३. सहरी विकास	१३. शान्ति तथा पुनर्निर्माण
	१४. सूचना तथा संचार	१४. शिक्षा
	१५. संघीय मामिला तथा स्थानीय विकास	१५. सिंचाई
		१६. श्रम

२.३ सूचना मागको अभिलेख (दर्ता) किताब

सूचनाको हकसम्बन्धी कानूनमा माग गरिएको सूचनाको निवेदन अनिवार्य रूपमा दर्ता गर्नुपर्ने र त्यसका लागि अलग दर्ता किताब खडा गर्नुपर्ने प्रावधान छ। मन्त्रालयहरूको सर्वेक्षणले १ वटा मन्त्रालय (महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय) ले दर्ता किताब खडा नगरेको, १२वटा मन्त्रालयले निवेदनहरूलाई अलग दर्ता गर्ने गरेको र १८ वटा मन्त्रालयले छुट्टै दर्ता किताब खडा गरेको देखाएको छ।

दर्ता किताब खडा नगर्ने मन्त्रालय	सूचना माग र प्रवाहको छुट्टै दर्ता किताब, अभिलेख र फाइल आंशिक रुपमा खडा गर्ने मन्त्रालयहरू	सूचना माग र प्रवाहको छुट्टै दर्ता किताब, अभिलेख र फाइल पूर्ण रुपमा खडा गर्ने मन्त्रालयहरू
१. महिला बालबालिका	१. प्रधानमन्त्री कार्यालय २. अर्थ २. ऊर्जा ३. पशुपक्षी ४. भौतिक पूर्वाधार ५. वन ६. बाणिज्य ७. सहरी विकास ८. सामान्य प्रशासन ९. सिंचाई १०. संघीय मामिला ११. सूचना तथा संचार	१. आपूर्ति २. उद्योग ३. कानून ४. कृषि विकास ५. खानेपानी तथा सरसफाइ ६. गृह ७. जनसंख्या ८. परराष्ट्र ९. भूमिसुधार १०. यूवा तथा खेलकुद ११. रक्षा १२. विज्ञान तथा प्रविधि १३. सहकारी तथा गरिबी निवारण १४. संस्कृति तथा पर्यटन १५. स्वास्थ्य १६. शान्ति तथा पुनर्निर्माण १७. शिक्षा १८. श्रम

२.४ सूचना माग र प्रवाहको तथ्याङ्क संग्रह

सूचनाको हकको कार्यान्वयनमा कुनै पनि कार्यालय, विभाग वा मन्त्रालयमा रहेका सूचना एवं जानकारीको संग्रह र त्यसको सहज प्रवाह महत्वपूर्ण पक्ष हो । कार्यालयका प्रमुख एवं सूचना अधिकारीहरूको सक्रियताले मात्र सूचनामा आमजनताको सहज पहुँच प्राप्त हुन सक्दछ, र सूचना मागकर्ताले पनि सहजता महसुस गर्न सक्छन् । सर्वेक्षणमा सूचना अधिकारी वा शाखा, महाशाखाले मन्त्रालय र मातहत सूचनाको हकको क्षेत्रमा भैरहेका गतिविधिलाई एकीकृत गर्ने, निर्देशन गर्ने, मन्त्रालय र मातहत निकायमा परेको सूचना माग र प्रवाहको तथ्याङ्क राख्ने पहल आरम्भ गरे,नगरेको अध्ययन गर्ने जमर्को गरिएको थियो । सर्वेक्षणका क्रममा सूचना माग र प्रवाहको तथ्याङ्क राख्नेतर्फ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले कुनै पहल नगरेको देखाएको छ, आंशिक प्रतिबद्धता व्यक्त गर्ने मन्त्रालयको संख्या ८ तथा पूर्ण प्रतिबद्धता दर्शाउने मन्त्रालयको संख्या २२ रहेको छ ।

नरहेको	आंशिक प्रतिबद्धता रहेको मन्त्रालय	पूरै प्रतिबद्धता रहेका मन्त्रालयहरू
१. संघीय मामिला	१. अर्थ २. आपूर्ति ३. ऊर्जा ४. कानून ५. भौतिक पूर्वाधार ६. महिला बालबालिका ७. वन ८. विज्ञान प्रविधि	१. प्रधानमन्त्री कार्यालय २. उद्योग ३. कृषि विकास ४. खानेपानी तथा सरसफाइ ५. गृह ६. जनसंख्या ७. परराष्ट्र ८. पशुपक्षी विकास ९. भूमिसुधार, १०. रक्षा ११. यूवा १२. वाणिज्य १३. सहकारी १४. सहरी विकास, १५. सामान्य प्रशासन १६. सिंचाई १७. सूचना तथा संचार १८. संस्कृति पर्यटन १९. स्वास्थ्य २०. शान्ति तथा पुनर्निर्माण २१. शिक्षा २२. श्रम

२.५ सूचना सम्बन्धी सन्देशमूलक जानकारीको व्यवस्था

सूचना अधिकारी र सूचना प्राप्त हुने तरिका बारे जानकारीहरू मन्त्रालय तथा मातहतका केन्द्रीय निकायहरूमा गरिए पनि ती कहाँ, कहिले र कसरी भेटिन्छन् वा पाइन्छन् भन्ने प्रश्न मुख्य हो । मन्त्रालय र मातहतका निकायहरूमा सूचना अधिकारीको बोर्ड स्पष्ट देखिने ठाउँमा राखिनु आवश्यक छ । सर्वेक्षणमा सूचना अधिकारीको बोर्ड राखे,नराखेको, सूचना शाखा,महाशाखाको पहिचान हुने व्यवस्था गरे,नगरेको, सूचनाको हक झल्किने कुनै सन्देशमूलक होर्डिङ बोर्ड राखे,नराखेको भन्ने अध्ययन गरिएको थियो । सर्वेक्षणमा रक्षा मन्त्रालयले यस्ता प्रावधान पूरा नगरेको, ६ वटा मन्त्रालयले यस्तो प्रावधानको आंशिक व्यवस्था गरेको र २४ वटा मन्त्रालयले पूरै प्रतिबद्धता पूरा गरेको पाइएको छ ।

नरहेको	आंशिक प्रतिबद्धता रहेको मन्त्रालय	पूरै प्रतिबद्धता रहेका मन्त्रालयहरू
१. रक्षा	१. उद्योग २. कानून न्याय तथा सं सदीय मामिला मन्त्रालय ३. भूमिसुधार ४. भौतिक पूर्वाधार ५. महिला बालबालिका ६. श्रम तथा रोजगार	१. प्रधानमन्त्री कार्यालय २. अर्थ ३. आपूर्ति ४. ऊर्जा ५. कृषि विकास ६. खानेपानी ७. गृह ८. जनसंख्या ९. परराष्ट्र १०. पशुपक्षी विकास ११. यूवा १२. वन १३. विज्ञान १४. वाणिज्य १५. सहकारी १६. सहरी विकास १७. सिंचाइ १८. सामान्य प्रशासन १९. सूचना तथा संचार २०. संघीय मामिला २१. संस्कृति पर्यटन २२. स्वास्थ्य २३. शान्ति तथा पुनर्निर्माण २४. शिक्षा

२.६ वेभसाइटमा सूचना अधिकारीको विवरण

सूचना प्रवाहको सशक्त माध्यमको रुपमा आजभोलि वेभसाइटहरू अघि आएका छन् । आम सर्वसाधारणदेखि विज्ञ, शोधार्थी, पत्रकार र जिज्ञासुहरू सूचना र जानकारी खोजी गर्न मन्त्रालय र विभाग एवं कार्यालयका वेभसाइटहरू नियाल्ने गर्दछन् । सरकारी निकायहरूले आफूसँग भएका सूचनाहरू त्यस्ता वेभसाइटमा राखेर सार्वजनिक गर्न सक्छन्, जुन तत्क्षण विश्वव्यापी हुन सक्दछ । सर्वेक्षणमा मन्त्रालयको वेभसाइटमा सूचना अधिकारीको विवरण र स्वतः प्रकाशन गरे नगरेको विषयमा खोजी गरिएको थियो । मूल्याङ्कनमा आंशिक व्यवस्था गर्ने मन्त्रालयहरू पाँच वटा र पूर्ण विवरण राख्ने मन्त्रालयहरूको संख्या २६ रहेको पाइएको छ ।

अद्यावधिक नगरेका, स्वतः प्रकाशन नगरेका मन्त्रालयहरू	आंशिक व्यवस्था गर्ने मन्त्रालयहरू	पूर्ण विवरण राख्ने मन्त्रालयहरू
-	१. परराष्ट्र २. महिला बालबालिका ३. रक्षा ४. सिंचाई ५. संघीय मामिला	१. प्रधानमन्त्री कार्यालय २. अर्थ ३. आपूर्ति ४. उद्योग ५. ऊर्जा ६. कानून न्याय तथा संसदीय मामिला ७. कृषि विकास ८. खानेपानी ९. गृह १०. जनसंख्या ११. पशुपक्षी विकास १२. भूमिसुधार १३. भौतिक पूर्वाधार १४. यूवा १५. वन, १६. बाणिज्य १७. विज्ञान १८. सहकारी, १९. सहरी विकास, २०. सामान्य प्रशासन २१. सूचना तथा संचार २२. संस्कृति पर्यटन २३. स्वास्थ्य २४. शान्ति तथा पुननिर्माण, २५. शिक्षा २६. श्रम

२.७ वेभसाइट अद्यावधिक रहेको

वेभ साइट स्थापना गरेर मात्र हुँदैन, त्यसमा सूचना र जानकारी अद्यावधिक गरिरहनु आवश्यक हुन्छ। आकर्षक वेभसाइट, विभिन्न किसिमका सूचना र जानकारी तथा ताजा खबरहरू यसका पूर्वशर्त हुन् । सबैले सहजै वेभसाइटमा जानकारी प्राप्त गर्ने र डाउनलोड गर्न सक्ने अवस्था पनि हुनु पर्दछ। सर्वेक्षणमा वेभसाइट आंशिक अद्यावधिक गर्ने ४ वटा र पूर्ण अद्यावधिक गर्ने २७ वटा मन्त्रालय रहेको देखिएको छ।

वेभ साइट अद्यावधिक नगर्ने मन्त्रालय	आंशिक अद्यावधिक गर्ने मन्त्रालयहरू	पूर्ण अद्यावधिक गर्ने मन्त्रालयहरू
	१. खानेपानी तथा सरसफाइ २. भौतिक पूर्वाधार ३. सिंचाइ ४. स्वास्थ्य	१. प्रधानमन्त्रीको कार्यालय २. अर्थ ३. आपूर्ति ४. उद्योग ५. ऊर्जा ६. कानून न्याय तथा संसदीय मामिला ७. कृषि विकास ८. गृह ९. जनसंख्या तथा वातावरण १०. परराष्ट्र ११. पशुपंक्षी विकास १२. भूमिसुधार तथा व्यवस्था १३. महिला, बालबालिका तथा समाजकल्याण १४. यूवा तथा खेलकुद १५. रक्षा १६. वन तथा भूसंरक्षण १७. वाणिज्य १८. विज्ञान तथा प्रविधि १९. सहकारी तथा गरिबी निवारण २०. सहरी विकास २१. सामान्य प्रशासन २२. सूचना तथा सञ्चार २३. संघीय मामिला तथा स्थानीय विकास २४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन २५. शान्ति तथा पुनर्निर्माण २६. शिक्षा २७. श्रम तथा रोजगार

२.८ सूचना प्रवाहमा अग्रसरता

सूचनाको हकको प्रचलन अन्तर्गत सूचना प्रवाह एक महत्वपूर्ण कार्य हो । स्वसक्रियतापूर्वक (Proactive) गरिने त्यस्तो सूचना प्रवाहले आमजनतालाई सुसूचित गर्न मद्दत गर्दछ, जसबाट सुशासन प्रबर्द्धनमा योगदान पुग्दछ। मन्त्रालय र मातहतका निकायको अग्रसरताले सूचनाको हकको प्रयोगमा प्रभावकारिता आउने र जनताले सहज रूपमा सूचना प्राप्त गर्ने हुन्छन् । सर्वेक्षणमा सूचना प्रवाहमा मन्त्रालय अग्रसर भए

नभएको, नियमित रुपमा मिट द प्रेस गरे नगरेको, सूचनापाटी व्यवस्थित भए नभएको, उजुरीपेटीका भए नभएको, गुनासो व्यवस्था गरे नगरेको लगायतका समष्टीगत स्थितिको मूल्याङ्कन गरिएको थियो । सर्वेक्षणमा सूचना प्रवाहमा १० वटा मन्त्रालयले आंशिक तथा २१ वटा मन्त्रालयले पूर्ण अग्रसरता देखाएका छन् ।

सूचना प्रवाहमा रुचि नदेखाउने मन्त्रालयहरू	सूचना प्रवाहमा आंशिक अग्रसरता देखाउने मन्त्रालयहरू	सूचना प्रवाहमा पूर्ण अग्रसरता देखाउने मन्त्रालयहरू
-	१. प्रधानमन्त्रीको कार्यालय २. ऊर्जा ३. कानून न्याय तथा संसदीय मामिला ४. परराष्ट्र ५. भौतिक पूर्वाधार तथा यातायात ६. महिला, बालबालिका तथा समाजकल्याण ७. वाणिज्य ८. रक्षा ९. सहरी विकास १०. सूचना तथा सञ्चार	१. अर्थ २. आपूर्ति ३. उद्योग ४. कृषि विकास ५. खानेपानी तथा सरसफाइ ६. गृह ७. जनसंख्या तथा वातावरण ८. पशुपंक्षी विकास ९. भूमिसुधार तथा व्यवस्था १०. यूवा तथा खेलकुद ११. वन तथा भूसंरक्षण १२. विज्ञान तथा प्रविधि १३. सहकारी तथा गरिबी निवारण १४. सामान्य प्रशासन १५. सिंचाइ १६. संघीय मामिला तथा स्थानीय विकास १७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन १८. स्वास्थ्य १९. शान्ति तथा पुनर्निर्माण २०. शिक्षा २१. श्रम तथा रोजगार

२.९ सूचनाको हकसम्बन्धी तालिम

सूचना अधिकारीहरूलाई तालिमको जरूरी रहेको विभिन्न अध्ययनले देखाइआएका छन् । सूचनाको भण्डारण, प्रशोधन, प्रकाशन लगायतका कानूनी र व्यवस्थापकीय पक्षमा सूचना अधिकारीहरूलाई जानकारी रहनु पर्दछ । सर्वेक्षणमा सूचनाको हकको तालिम, अन्तर्क्रिया, छलफल वा स्वतः अग्रसर भई कुनै काम गरे नगरेको र गर्न चासो वा प्रतिबद्धता भए नभएको सम्बन्धमा समष्टीगत स्थितिको अध्ययन गरिएको थियो । त्यस्तो मूल्याङ्कनमा ३ वटा मन्त्रालयका सूचना अधिकारीले तालिम नै नपाएको देखिएको छ भने १२ वटा मन्त्रालयले सूचना अधिकारीले आंशिक तालिम दिएका छन् । अन्य १६ वटा मन्त्रालयका सूचना अधिकारीहरूले सूचनाको हकसम्बन्धी तालिम लिएको पाइएको छ ।

तालिम नलिएका सूचना अधिकारी भएका मन्त्रालयहरू	आंशिक तालिमलिएका सूचना अधिकरी भएका मन्त्रालयहरू	तालिम लिएका सूचना अधिकारी भएका मन्त्रालयहरू
१. अर्थ २. परराष्ट्र ३. संघीय मामिला तथा स्थानीय विकास	१. आपूर्ति २. ऊर्जा ३. गृह ४. भौतिक पूर्वाधार तथा यातायात ५. महिला, बालबालिका तथा समाजकल्याण ६. रक्षा ७. वन तथा भूसंरक्षण तथा भूसंरक्षण ८. वाणिज्य ९. सहरी विकास १०. सिंचाइ ११. स्वास्थ्य १२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	१. प्रधानमन्त्रीको कार्यालय २. उद्योग ३. कानून न्याय तथा संसदीय मामिला ४. कृषि विकास ५. खानेपानी तथा सरसफाइ ६. जनसंख्या तथा वातावरण ७. पशुपंक्षी विकास ८. भूमिसुधार तथा व्यवस्था ९. यूवा तथा खेलकुद १०. विज्ञान तथा प्रविधि ११. सहकारी तथा गरिबी निवारण १२. सामान्य प्रशासन १३. सूचना तथा सञ्चार १४. शान्ति तथा पुनर्निर्माण १५. शिक्षा १६. श्रम तथा रोजगार

२.१० सूचनाको हकको समष्टीगत मूल्याङ्कन स्तर

सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक निकायको दायित्व तोकेको छ, जसअनुसार सूचनाको हकको सम्मान गर्नु पर्ने, सूचना वर्गीकरण गर्नु पर्ने, विभिन्न राष्ट्रिय भाषामा आफ्ना सामग्री प्रचारप्रसार गर्नु पर्ने, आमसञ्चार माध्यमको उपयोग गर्नु पर्ने लगायतको व्यवस्था छ । सर्वेक्षणमा यी प्रावधानको समष्टीगत मूल्याङ्कन गरिएको छ । सर्वेक्षणमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको स्तर सामान्य स्थितिमा रहेको, १९ वटा मन्त्रालयको समष्टीगत स्तर सन्तोषजनक रहेको तथा ११ वटा मन्त्रालयको स्तर उत्कृष्ट रहेको देखाएको छ ।

मूल्याङ्कन स्तर सामान्य रहेका मन्त्रालयहरू	मूल्याङ्कन स्तर सन्तोषजनक रहेका मन्त्रालयहरू	मूल्याङ्कन स्तर उत्कृष्ट रहेका मन्त्रालयहरू
१. भौतिक पूर्वाधार तथा यातायात	१. अर्थ, २. आपूर्ति ३. ऊर्जा ४. उद्योग ५. गृह ६. कृषि विकास ७. खानेपानी तथा सरसफाइ ८. पशुपंक्षी विकास ९. परराष्ट्र १०. भूमिसुधार तथा व्यवस्था ११. महिला, बालबालिका तथा समाजकल्याण १२. रक्षा १३. वन तथा भूसंरक्षण १४. वाणिज्य १५. सहकारी तथा गरिबी निवारण १६. सहरी विकास १७. सामान्य प्रशासन १८. संघीय मामिला तथा स्थानीय विकास १९. स्वास्थ्य	१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय २. कानून न्याय तथा संसदीय मामिला ३. जनसंख्या तथा वातावरण ४. यूवा तथा खेलकुद ५. विज्ञान तथा प्रविधि ६. सिंचाइ ७. सूचना तथा सञ्चार ८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन ९. शान्ति तथा पुनर्निर्माण १०. शिक्षा ११. श्रम तथा रोजगार

अध्याय ३ : मन्त्रालय र मातहतका निकायहरूको अवस्थाको अध्ययन

३.१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय

नेपालको कार्यकारिणीको सबैभन्दा उच्चतम् पदसोपानमा रहेको संगठनको रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ। यो कार्यालय नेपालको नीति निर्माण गर्ने सर्वोच्च र केन्द्रीय निकाय हो। यस अतिरिक्त यस कार्यालयले नीतिगत तथा कार्यान्वयनको तहमा आउने विभिन्न समस्याहरू निराकरण गरी विभिन्न निकायहरू बीचमा समन्वयकारी भूमिका समेत निर्वाह गर्दछ। यो कार्यालय मातहत निम्न केन्द्रीय तहका निकायहरू छन् :

१. राष्ट्रिय सतर्कता केन्द्र

२. सार्वजनिक खरिद अनुगमन कार्यालय

३. नेपाल ट्रस्टको कार्यालय

४. गरिबी निवारण कोष

५. लगानी बोर्ड

६. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थितिः

- सूचना अधिकारी तोकिएको।
- वेभसाइटमा सूचना सामग्रीहरू राख्नुपर्छ भन्ने भावना मन्त्रालयका अधिकारीहरूमा रहेको तर मन्त्रिपरिषद् तथा प्रधानमन्त्रीको कार्यालय, लगानी बोर्ड, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण लगायतले दुरुस्त राखे पनि क्षेत्रीय प्रशासन कार्यालयका हकमा नियमित अपलोड गर्ने र अन्य निकायका हकमा सुधारका प्रशस्तै ठाउँ देखियो।
- सूचना मागको छुट्टै रजिष्टरमा दर्ता गर्ने र छुट्टै फाइल खडा गर्ने परम्परा बसालिएको।
- सूचना अधिकारीहरूलाई आंशिक तालिम दिइएको र तालिम लिएका कर्मचारीहरूको सरुवा हुँदा सूचना प्रवाहमा कठिनाइ हुने गरेको।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सूचनाको हकसम्बन्धी मामिलामा सजग र धेरै हदसम्म जानकार रहेको पाइयो।

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मातहतका सबै मन्त्रालयमा नीतिगत रेखदेख मात्र गर्ने गरिएको ।
- कर्मचारी बैठकहरूमा पनि सूचनाको हक कानूनले तय गरेका पूर्वाधारहरूको निर्माण र कार्यान्वयन अवस्थाका बारेमा छलफल हुने गरेको ।
- कानूनको जानकारी र कार्यान्वयनलाई प्रक्रिया पूरा गर्ने मात्र नहोस् भन्ने मानसिकताबाट जोगाउन, मन्त्रालय र राष्ट्रिय सूचना आयोगले सार्वजनिक सूचना जनताको नासो हो, यो उनीहरूले माग्नासाथ दिनु पर्दछ भन्ने भावना विकास गर्न सैद्धान्तिक र व्यवहारिक तालिम, कार्यशाला र छलफल जरुरी देखियो ।
- मन्त्रालय र मातहतका सूचना अधिकारीले सूचना दिन सबैभन्दा असजिलो पक्ष सूचना माग्नासाथ दिन सकिने फर्म्याट नहुनु र आफैंले सूचना नपाउनु देखिएको हुँदा आयोगले सूचना राख्ने फर्म्याट निर्माणमा मन्त्रालय र मातहतका निकायलाई सहयोग गर्नु आवश्यक छ ।
- व्यापारिक वा अन्य गलत नियतले सूचना माग गर्नेहरूले कहिलेकाहिँ कठिनाइ पार्ने गरेको अधिकारीहरूको अनुभव थियो । तर मागकर्ताको नियतमा प्रश्न गरेर सूचना दिन्न भन्न नपाइने भएकोले यसअघि समावेश नभएको र सूचना दिए बापत कठिनाइ नहोस् भन्ने स्पष्ट गर्नु उपयुक्त हुने । अझ केहीमा प्रवक्ता र सूचना अधिकारीको कार्यक्षेत्र थप स्पष्ट नभएको ।
- कतिपय कार्यालयमा सूचना अधिकारीहरू कुनै पनि सूचना दिन आफूभन्दा माथिल्लो पदाधिकारीको स्वीकृत संकेत पर्खनु पर्ने र अन्य कार्यबोझ समेत रहनाले व्यवहारिक समस्या रहेको पाइयो । यस्तो समस्या समाधान गर्न राष्ट्रिय सूचना आयोगले उनीहरूको आत्मविश्वास बढाउने, सूचनाको हकसम्बन्धी कानून, नियम, निर्देशिका र अन्तर्राष्ट्रिय असल अभ्यासहरूमा मात्रै आधारित भएर सूचना अधिकारीका लागि विशेष कार्यक्रम सञ्चालन गर्नु उपयुक्त हुन सक्दछ ।
- आरटीआई अडिट गर्दा मन्त्रालय र मातहतका विभागहरूका लागि अलग अलग किसिमका प्रश्नावली तयार गर्नु उपयुक्त हुन्छ ।
- पारदर्शी र उत्तरदायी शासन प्रणालीका लागि हो सूचनाको हक । तर, मन्त्रालय, विभागका कतिपय निर्णय प्रक्रियामै अपारदर्शी हुने गरेकोले कतिपय अवस्थामा अन्तिम नतिजा मात्रै माग गर्दा ऐनको यो उद्देश्य पूरा हुन नसक्ने हुनाले निर्णय प्रक्रिया र पद्धतिका बारेमा पनि अन्य विज्ञ संस्थाहरूसँगको सहकार्यमा कार्यक्रम सञ्चालन गर्नु उपयुक्त हुने देखिन्छ ।
- आरटीआई अडिटमा उत्कृष्ट हुने मन्त्रालय वा मातहतका निकायहरूलाई पुरस्कृत गरेर त्यसको व्यापक प्रसार प्रचार गर्दा अरुलाई पनि राम्रो काममा आकर्षित गर्न सक्ने सम्भावना देखिन्छ ।



३.२ अर्थ मन्त्रालय

मुलुकको वित्तीय तथा मौद्रिक क्षेत्रसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूको व्यवस्थापन गर्ने दायित्व अर्थ मन्त्रालयमा रहेको छ। सार्वजनिक खर्च व्यवस्थापन, वित्तीय व्यवस्थापन, राजश्व संकलन समष्टिगत आर्थिक स्थायित्व र आर्थिक विकास, वैदेशिक सहायता व्यवस्थापन, विदेशी विनिमय तथा नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन खर्च व्यवस्थापन सम्बन्धी कार्यको लागि यो मन्त्रालय स्थापना भएको हो। अर्थ मन्त्रालय धेरैवटा निकायहरूको सम्पर्क मन्त्रालय रहेपनि अर्थ मन्त्रालय मातहत निम्न बमोजिमका केन्द्रीय निकायहरू छन् :

१. महालेखा नियन्त्रक कार्यालय
२. आन्तरिक राजश्व विभाग
३. भन्सार विभाग
४ राजश्व अनुसन्धान विभाग
५. सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग
६. राजश्व प्रशासन तालिम केन्द्र
७. नेपाल राष्ट्र बैंक
८. बीमा समिति
९. नेपाल धितोपत्र बोर्ड

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको।
- अर्थ मन्त्रालय र मातहतका निकायहरूबाट नियमित रूपमा स्वःस्फूर्त रूपमा सूचना प्रकाशन गर्ने गरिएको। सूचनाहरू वेभसाइटमा राखिएको। जानकारीमूलक पुस्तकहरू विगतमा प्रकाशन हुने गरेपनि त्यो नियमित छैन। अन्य निकायमा यो अभ्यास छैन।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता किताबमा व्यवस्थित गरिएको। त्यस्तो किताब केही विभागमा

राखिएको । एकीकृत तथ्याङ्क प्रणालीको अभाव ।

- राष्ट्रिय सूचना आयोगको निर्देशन बमोजिम राजश्व प्रशासन तालिम केन्द्रले सूचनाको हक सम्बन्धी ३ दिने विशेष तालिम आयोजना गरेको र हरेक तालिममा एउटा विशेष कक्षा राख्ने गरेको ।
- राष्ट्रिय सूचना आयोगबाट आदेश भए पनि कतिपय आदेश अझै कार्यान्वयनमा आएका छैनन् । मन्त्रालयले जवाफ दिए पनि विभागहरूमा अझै समस्या छ ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- प्रवक्ता र सूचना अधिकारी फरक हो, प्रवक्ता ठूलो हो भन्ने भ्रम रहेकोले त्यसलाई हटाउनु पर्दछ ।
- मन्त्रालय मातहतका निकायमा पनि सूचना स्वतः सार्वजनिकीकरणको पद्धति नियमित गराउन विशेष निर्देशन दिनु पर्दछ ।
- सूचना व्यवस्थापन र सूचना प्रवाहको तथ्याङ्क प्रणाली सुरु गर्न पहल गर्नु पर्दछ ।
- सूचनाको हक प्रचलनका लागि आरटीआई बजेट प्रणाली वार्षिक योजना कार्यक्रममै केही अभियान्ता सहित बजेट शीर्षक कायम गर्न अर्थ मन्त्रालयले एउटा गृहकार्य गरी सबै मन्त्रालयलाई दिनु आवश्यक छ ।
- राजश्व प्रशासन तालिम केन्द्रले सूचनाको हकसम्बन्धी तालिमको विशेष र नियमित दुबै प्रकारका कार्यक्रमहरू सुरु गरिसकेकोमा सो कार्यक्रमलाई प्रभावकारी बनाउन पाठ्यक्रम सुधार र स्रोतव्यक्ति चयनमा विशेष ध्यान पुर्‍याउनु पर्ने देखिन्छ ।
- आयकर ऐन र मूल्य अभिवृद्धि कर ऐनलाई सूचनाको हकसँग बाझिने व्यवस्थाहरू समायोजन गरिनु पर्दछ ।
- बजेटको सरल रुपमा आम मानिसले बुझ्न सक्ने बनाउन नागरिक बजेट प्रकाशन पद्धति सुरु गर्नु पर्दछ ।
- ७५ जिल्लास्थित कोष तथा लेखा नियन्त्रण कार्यालयले सार्वजनिक महत्वका ठाउँहरूमा Digital Display राखी हरेक दिनको निकासा र खर्च विवरण सार्वजनिक गरिनु पर्दछ ।
- सहसचिव र सचिव तहलाई सूचनाको हक बारे थप जानकारी दिने गरी छलफल चलाउनु पर्दछ ।
- सूचना वर्गीकरणका लागि मन्त्रालयले आन्तरिक गृहकार्य गर्नु जरुरी छ ।



३.३ आपूर्ति मन्त्रालय

आपूर्ति व्यवस्थाको महत्वपूर्ण जिम्मेवारी रहेको आपूर्ति मन्त्रालय जनतासँग प्रत्यक्ष सरोकार रहेको मन्त्रालय हो । यस मन्त्रालय अन्तर्गत देहायका केन्द्रीय निकायहरू छन् :

१. आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग

२. नेपाल आयल निगम

३. साल्ट ट्रेडिङ लि.

४. नेपाल खाद्य संस्थान

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालयमा सूचना अधिकारी तोकिएको, तर केही निकायमा तोकेको पाइएन ।
- स्वतः प्रकाशन गर्नुपर्ने विषयमा मन्त्रालय सजग रहेको र सूचना प्रकाशन गरिरहेको ।
- सूचना मागको निवेदन छुट्टै रजिष्टरमा दर्ता गर्ने र छुट्टै फाइल खडा गर्ने गरिएको ।
- मन्त्रालयले हरेक तालिम कार्यक्रममा सूचनाको हकसम्बन्धी विषय समावेश गर्ने गरेको ।
- राष्ट्रिय सूचना आयोगले सूचना दिनु भनी गरेको आदेश बमोजिम मन्त्रालयबाट मागकर्तालाई सूचना उपलब्ध गराइएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- आपूर्ति मन्त्रालयका कर्मचारीले सूचनाको हकलाई महत्वका साथ लिएको देखियो ।
- सूचनाको हक पालना गर्दा जनताको हक स्थापित हुन सक्ने विषयमा पनि क्रमशः चेतना बढेर गएको पाइयो ।
- मन्त्रालय मातहतका कार्यालयहरूमा पनि सूचना अधिकारी तोकिएको तर केही निकायमा व्यवस्थापकीय समस्याले सूचना अधिकारी तोकिएको पाइएन ।
- सूचना माग्नेको नियत र सूचनाको गलत प्रयोगप्रति मन्त्रालयको चिन्ता प्रकट भयो । पूर्वाग्रही भई प्रमाण नै नभएका सूचना तथा गुनासा माग गरिने विषयमा मन्त्रालय अन्तर्गतका केही निकायलाई समस्या भएको देखियो ।
- कतिपय सूचनाको माग व्यक्तिगत र सामूहिक हितका लागि नभई व्यापारिक र अन्य प्रयोजनका लागि हुने गरेको मन्त्रालयको गुनासो पाइयो ।
- निरन्तरको अनुगमन र तालिमको व्यवस्था जरुरी रहेको देखियो ।
- सूचना दिँदा देश र जनताको हक, हित संरक्षण हुन्छ भन्ने विषयमा अझै मतैक्यता देखिएन ।



३.४ उद्योग मन्त्रालय

देशलाई औद्योगिकीकरण तर्फ उन्मुख गराई दिगो औद्योगिक विकास गर्न आवश्यक नीति, ऐन नियम तर्जुमा गरी औद्योगिक विकासका माध्यमद्वारा रोजगारीका अवसर सृजना गर्दै उच्च आर्थिक वृद्धिको लक्ष्य हासिल गर्ने उद्देश्यका साथ नेपाल सरकारको केन्द्रीय निकायको रूपमा उद्योग मन्त्रालय स्थापना भएको हो । यो मन्त्रालय मातहत केन्द्रस्तरमा निम्न निकायहरू छन् :

१. उद्योग विभाग

२. खानी तथा भूगर्भ विभाग

३. घरेलु तथा साना उद्योग विभाग

४. नेपाल गुणस्तर तथा नापतौल विभाग

५. कम्पनी रजिष्ट्रारको कार्यालय

६.विशेष आर्थिक क्षेत्र विकास समिति

७. औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

८. औद्योगिक क्षेत्र व्यवस्थापन लि

माथि उल्लिखित केन्द्रीय निकाय बाहेक यस मन्त्रालय मातहत १३ वटा सार्वजनिक क्षेत्रका उद्योगहरू सञ्चालनमा छन् । यस मन्त्रालय अन्तर्गत क्षेत्रीय, अञ्चल र जिल्ला तहका कार्यालयहरू पनि छन् ।

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका निकायका सूचना अधिकारी तोकिएको छ । सूचना अधिकारीको नाम र सबै विवरण कार्यालयमा टाँस गरिएको छ ।
- तीन तीन महिनामा सूचना सार्वजनिक गर्नुपर्नेमा मन्त्रालय र मातहतका नौ ओटामध्ये चारवटा निकायले निरन्तरता दिएको पाइयो ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गर्ने गरिएको छ ।

- मन्त्रालय र मातहतका निकायमा सूचनाको हक विषयलाई सन्तोषजनक रुपमा समावेश रहेको पाइयो ।
- राष्ट्रिय सूचना आयोगबाट आदेश भएकोमध्ये ६ वटा निकायमा पूर्ण रुपमा पालना भएको र ३ वटामा सम्पूर्ण रुपमा पालना नभएको पाइयो ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचना अधिकारीहरूलाई उत्प्रेरित गरी उनीहरूलाई मूल्याङ्कनका आधारमा पुरस्कृत गर्नु पर्दछ ।
- आफ्नो निकायका सबै सूचनाहरूको अभिलेख राख्नका लागि सबै बैठक, कार्यक्रममा सूचना अधिकारीलाई आमन्त्रण गर्नु पर्दछ ।
- सूचना प्रवाहमा नवीन प्रविधिको प्रयोग गर्नु आवश्यक छ ।
- स्वतः सूचना सार्वजनिक गर्ने र आवधिक प्रतिवेदन समय एउटै मिलान गर्नु पर्दछ ।
- वेभसाइटमा एक रुपता कायम गर्नु पर्दछ ।
- सूचनाको हकका अभियन्ताहरूको सूची तयार गरी नियमित रुपमा सूचनाको हकको कार्यान्वयनको अवस्था अनुगमन गर्न लगाउनु पर्दछ ।
- सबै तहको पाठ्यक्रममा सूचनाको हकलाई समेटिनु पर्दछ ।
- सूचना अधिकारीको सेवा सुविधामा ध्यान दिनु पर्दछ ।



३.५ ऊर्जा मन्त्रालय

ऊर्जा मन्त्रालय नेपालको समष्टीगत रूपमा ऊर्जा क्षेत्र हेर्ने जिम्मेवार निकाय हो । ऊर्जा सम्बन्धी कार्यहरू अन्य मन्त्रालय र निकायहरूमा पनि बाँडिएको छ । यस मन्त्रालयले ऊर्जाको संरक्षण, नियमन र प्रयोगका लागि नीति, योजनाको तर्जुमा गर्ने, ऊर्जाको सर्भे, अनुसन्धान र सम्भाव्यता अध्ययन गर्ने, बहुउद्देश्यीय विद्युत् आयोजनाको निर्माण, सञ्चालन, मर्मत र प्रबर्द्धन गर्ने, विद्युत् उत्पादनमा निजी क्षेत्रको प्रबर्द्धन गर्ने, विद्युत् क्षेत्रको कर राजश्वसँग विषय हेर्ने लगायतका कार्यहरू गर्दछ । यस मन्त्रालय मातहत निम्न केन्द्रस्तरका निकायहरू छन् :

१. विद्युत विकास विभाग

२. नेपाल विद्युत प्राधिकरण

३. जल तथा ऊर्जा आयोग

४. विद्युत महसुल निर्धारण आयोग

५. जलविद्युत विकास तथा लगानी कम्पनी

६. बुढी गण्डकी जलविद्युत आयोजना विकास समिति

७. नलसिंगाड जलविद्युत आयोजना विकास समिति

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको । सूचना अधिकारीका बारेमा बोर्ड र वेभसाइटमा समेत अद्यावधिक गरिएको ।
- स्वफूर्तरूपमा सूचना प्रकाशन गर्ने सम्बन्धमा अन्यौल देखियो । केहीले यस्तो प्रकाशन गरेका पनि छन् । तर केहीमा नियमित रुपमा सूचना प्रवाह भइरहेकोले स्वतः प्रकाशन आवश्यक नरहेको पनि बुझाइ छ ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गरिएको । तर शाखा, उपशाखा र तल्लो तहसम्म कार्यान्वयन हुन सकेको छैन ।
- तालिममा सूचनाको हक राख्ने विषय आंशिक कार्यान्वयन भइरहेको छ ।
- राष्ट्रिय सूचना आयोगको सूचना दिने सम्बन्धी आदेशको कार्यान्वयनको चरणमा रहेको छ ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- मन्त्रालय र केन्द्रीय तहका निकायमा सूचनाको हक कार्यान्वयनको अवस्था तुलनात्मक रुपमा राम्रो छ । तर, तल्लो तहमा सूचनाको हकको कार्यान्वयनमा सक्रियता र व्यवस्थाको आवश्यकता छ ।
- कुन सूचना दिन मिल्ने, कुन नमिल्ने हो त्यसको यकिन गरेर सूचना वर्गीकरण गरिदिए सूचना प्रवाह सरल हुन जाने देखिन्छ ।
- जसरी सूचनाको हक कार्यान्वयनमा बाधक हुने व्यक्तिलाई कार्वाही गर्ने प्रावधान छ, त्यसैगरी यसको कार्यान्वयनमा उल्लेख्य योगदान पुर्‍याउने सरकारी वा सरकार मातहत निकायका कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था गर्न सक्दा यसको कार्यान्वयनमा अरुलाई हौसला र प्रेरणा मिल्नेछ ।
- व्यक्तिगत लाभ हानीको कुत्सित उद्देश्य राखेर वा यसको दुरुपयोग गर्ने नियतले सूचनाको हकको उपयोग गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु सूचनाको हक कार्यान्वयनमा सकारात्मक पहलकदमी हुनेछ । यसका लागि सूचना प्रवाहको निवेदन दिँदा नै निवेदकको परिचय खुल्ने कागजात अनिवार्य रुपमा पेश गर्ने व्यवस्था गर्न सकिन्छ ।
- सूचना प्रवाहको जिम्मेवारी वर्तमान प्रशासनिक व्यवस्था अन्तर्गत अलग्गै काम हो । सरकारी वा सरकार मातहतका निकायका अधिकारीले आफ्नो नियमित कामका अतिरिक्त सूचना अधिकारीका रुपमा यो थप काम पनि गर्नुपर्ने अवस्था छ । तसर्थ यसका लागि अलग्गै दरबन्दी सृजना गरी बजेट

समेतको व्यवस्था गरिदिए सूचनाको हक कार्यान्वयनमा सहजता आउने छ ।

- मन्त्रालय र त्यस मातहतका निकायमा प्रवक्ता र सूचना अधिकारी दुई जनाको व्यवस्था भएको हुँदा त्यसबाट कार्य सम्पादनमा एक प्रकारको अन्यौल पनि सृजना भएको छ । त्यसैले सूचना अधिकारीलाई नै प्रवक्ताको पनि जिम्मेवारी तोकिदिए उपयुक्त हुने देखिन्छ ।
- सूचनाको हक कार्यान्वयनका लागि अनुगमनकारी निकायबाट निरन्तर निगरानीको खाँचो देखिएको छ ।
- सूचना अधिकारीलाई नयाँनयाँ तालिम तथा सूचना प्रवाहका तौर तरिकाबाट दक्ष बनाउन आवश्यक छ ।
- सूचना प्रवाहकर्तालाई सूचनाको हक कार्यान्वयनका लागि घच्घच्याइ रहनु पर्दछ, तर त्यो भन्दा पनि बढी आफ्ना सरोकारका सूचना माग्न आम नागरिक उत्प्रेरित गर्नु पर्ने आवश्यकता छ । आम नागरिकमा यसप्रतिको सचेतताको यति धेरै अभाव छ कि कतिपय मन्त्रालय र मातहतका निकायमा त सूचनाको माग नै भएको छैन वा भए पनि नगण्य मात्रै छ ।
- आगामी आरटीआई अडिटका लागि मन्त्रालय र त्यस मातहतका केन्द्रीय निकायहरूका लागि र त्यसभन्दा तल्ला निकायहरूका लागि छुट्टाछुट्टै मूल्याङ्कन चार्ट, सूचकाँक सहितको तालिका बनाउनु उपयोगी र उचित दुबै हुनेछ ।



३.६ कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय मूलतः अन्य मन्त्रालय सरह नेपाल सरकारको एक नीति निर्माण गर्ने मन्त्रालय हो । न्याय प्रशासन सम्बन्धी विषय, दण्ड, सजाय, कानूनको संहिताकरण र एकीकरण सम्बन्धी विषयमा यसले नीति तय गर्दछ । मन्त्रालयले सरकारी विधेयकको कानून तर्जुमा गर्ने, सन्धि सम्झौता वा करारको मस्यौदा गर्ने वा कानूनी प्रश्नमा विभिन्न मन्त्रालयलाई राय प्रदान गर्ने तथा संसद्, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, न्याय परिषद्, न्याय सेवा आयोगजस्ता संवैधानिक निकायका हकमा सम्पर्क मन्त्रालयको रूपमा रहेर कार्य गर्दछ । नेपाल कानून आयोग, विभिन्न न्यायाधीकरणहरू, विभिन्न विशिष्टीकृत विभिन्न अदालत यससँग सम्बन्धित छन् । यस मन्त्रालय मातहतका निकाय निम्न छ :

१. नेपाल कानून अयोग

२. न्याय सेवा तालिम केन्द्र

३. कानून किताब व्यबस्था समिति

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका केन्द्रीय निकायमा सूचना अधिकारीको व्यवस्था गरिएको ।
- वेभसाइटमा सूचना सामग्रीहरू राख्नु पर्दछ भन्ने भावना मन्त्रालयका अधिकारीहरूमा रहेके, तर नियमित रुपमा अपलोड गर्ने मामिलामा केही कमजोरी रहेको । अपलोड गर्न बाहिरबाट कर्मचारी ल्याउनु पर्ने अवस्था रहेको ।
- सूचना माग सम्बन्धी छुट्टै रजिष्टर खडा गरिएको, निवेदन माथिको कारबाही सम्बन्धी छुट्टै फाइल राखिएको ।
- मन्त्रालय र मातहतका निकायका तालिमहरूमा सूचनाको हक विषयलाई समावेश गरिएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- कानून मन्त्रालय सूचनाको हकसम्बन्धी मामिलामा जानकारी रहेको पाइयो । मन्त्रालयका तर्फबाट मातहतका निकायहरूलाई यस बारे जानकारी गराउन तदारुकता देखाउनु पर्ने देखियो ।
- कानून मन्त्रालय संविधान र अरु सयौं कानूनका काममा संलग्न हुनुपर्ने भएकोले होला मन्त्रालयका गतिविधिमा सूचनाको हकसम्बन्धी कानूनले त्यति प्राथमिकता पाएको देखिएन ।
- कानूनको जानकारी र कार्यान्वयन अवस्था कर्मकाण्डी हुनबाट जोगाउन, मन्त्रालय र आयोगले सार्वजनिक सूचना जनताको नासो हो, यो उनीहरूले माग्नासाथ दिनु पर्दछ भन्ने भावना विकास गर्न सैद्धान्तिक र व्यवहारिक छलफल जरुरी रहेको देखियो ।
- मन्त्रालय र मातहतका सूचना अधिकारीहरूलाई तपाइँलाई सूचना दिन सबैभन्दा असजिलो पक्ष के हो भनेर प्रश्न गर्दा सूचना माग्नासाथ दिन सकिने फर्म्याट नहुनु भनेको हुँदा राष्ट्रिय सूचना आयोगले सूचना राख्ने फर्म्याट निर्माणमा मन्त्रालय र मातहतका निकायलाई सहयोग गर्नु वाञ्छनीय देखिन्छ ।
- सूचना माग गर्नेहरूको नियतले कहिलेकाहिँ आफूहरूलाई हैरानी खेलाएको भन्ने कतिपय अधिकारीको भनाइ थियो । तर मागकर्ताको नियतमा प्रश्न गरेर सूचना दिन्न भन्न नपाइने भएकाले यसअघि समावेश नभएको भए आगामी दिनमा हुने तालिम कार्यशालामा यस्ता विषय पनि समावेश गर्नु उपयुक्त देखिन्छ ।
- सूचना अधिकारीहरू कुनै सूचना दिन आफूभन्दा माथिल्लो पदाधिकारीको स्वीकृत संकेत पर्खनु पर्ने व्यवहारिक समस्यामा हुँदा रहेछन् । राष्ट्रिय सूचना आयोगले उनीहरूको आत्मविश्वास बढाउन, सूचनाको हकसम्बन्धी कानून, नियम, निर्देशिका र अन्तर्राष्ट्रिय असल अभ्यासहरूमा मात्रै आधारित भएर सूचना अधिकारीका लागि परीक्षा सञ्चालन गर्नु उपयुक्त हुन सक्दछ ।
- आरटीआई अडिट गर्न बनाइएको फारामका बारेमा प्राप्त सुझावहरूमध्ये कामको प्रकृति अनुसार मन्त्रालय र मातहत कार्यालयका लागि फरक फरक बनाउनु उपयुक्त हुने भन्ने सुझाव उपयुक्त देखिन्छ ।

- पारदर्शी र उत्तरदायी शासन प्रणालीका लागि हो सूचनाको हक । तर मन्त्रालय, विभागका कतिपय निर्णय प्रक्रियामै अपारदर्शी खेल हुने भएकाले कतिपय अवस्थामा अन्तिम नतिजा मात्रै माग गर्दा ऐनको यो उद्देश्य पूरा हुन नसक्ने हुनाले निर्णय प्रक्रिया र पद्धतिका बारेमा पनि राष्ट्रिय सूचना आयोगले बहस सञ्चालन गर्नु उपयुक्त हुने देखिन्छ ।
- आरटीआई अडिटमा उत्कृष्ट हुने मन्त्रालय वा मातहतका निकायहरूलाई पुरस्कृत गरेर त्यसको व्यापक प्रचार प्रसार गर्दा अरुलाई पनि राम्रो काममा आकर्षित गर्न सक्ने सम्भावना हुन्छ ।



३.७ कृषि विकास मन्त्रालय

नेपाली जनताको जीविकोपार्जन ग्रामीण स्तरमा रोजगारीका साथै देशको अर्थतन्त्रमा नै (कूल गार्हस्थ्य उत्पादनमा ३३.१ प्रतिशत) महत्वपूर्ण योगदान पु-याउने स्रोतको रूपमा रहेको कृषि क्षेत्रको विकास गरी साना तथा सिमान्त कृषकहरूको आर्थिक स्थितिमा आमूल परिवर्तन ल्याउन कृषिमा व्यावसायिकरण गर्नुनै कृषि विकास मन्त्रालयका मूल उद्देश्य हो । यो मन्त्रालयको सञ्जाल केन्द्रदेखि ग्रामीण तहसम्म फैलिएको छ, र आमजनतासँग प्रत्यक्ष सम्बन्ध रहेको छ । यस मन्त्रालय मातहत निम्न बमोजिमका केन्द्रीय निकायहरू रहेका छन् :

१. नेपाल कृषि अनुसन्धान परिषद्
२. कृषि विभाग
३. खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग
४. राष्ट्रिय कृषि अनुसन्धान विकास कोष
५. विउविजन तथा गुण नियन्त्रण केन्द्र
६. कृषि सामग्री कम्पनी
७. व्यावसायिक कृषि तथा व्यापार आयोजना

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारीको व्यवस्था गरिएको ।
- स्वस्फूर्त सूचना प्रकाशन नियमित भइरहेको ।
- सूचना मागको निवेदन छुट्टै दर्ता गर्ने र फाइल खडा गर्ने प्रचलन रहेको ।
- तालिम कार्यक्रमहरूमा सूचनाको हक विषयलाई केही न केही रूपमा समावेश गर्ने गरेको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- प्राविधिक निकायहरूमा कार्यरत सूचना अधिकारीहरूलाई सूचनाको हकसम्बन्धी तालिमको व्यवस्था गर्नुपर्ने ।
- सूचना दिन मिल्ने र नमिल्ने विषयमा सीमा स्पष्ट गर्नुपर्ने ।
- सूचना मागकर्ताको नियत नकारात्मक देखिएको अवस्थामा के गर्ने ? प्रष्ट हुनु पर्ने ।
- महत्वपूर्ण बैठक, छलफलमा सूचना अधिकारीलाई अनिवार्य उपस्थित गराउने व्यवस्था मिलाउने ।
- सूचना अधिकारीलाई साधन स्रोत उपलब्ध गराउने । सूचना प्रवाह सम्बन्धी प्रयोजनका निम्ति सूचना अधिकारीलाई मोबाइल सेट, रिचार्ज कार्ड आदिको व्यवस्था गर्नुपर्ने ।
- सूचनाको हकसम्बन्धी क्रियाकलाप सञ्चालनका निम्ति बजेटको व्यवस्था हुनुपर्ने ।



३.८ खानेपानी तथा सरसफाइ मन्त्रालय

खानेपानी तथा सरसफाइ मन्त्रालयको सम्बत् २०७४ सम्ममा सबैका लागि आधारभूत खानेपानी र सरसफाइ सेवाको राष्ट्रिय लक्ष्य प्राप्त गर्नु मुख्य उद्देश्य रहेको छ । यस मन्त्रालयले खानेपानी सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्यांकनको कार्य गर्दछ । यो मन्त्रालयको मातहत केन्द्रस्तरमा निम्न निकायहरू रहेका छन् :

१. खानेपानी तथा ढल निकास विभाग

२. आयोजना कार्यान्वयन निर्देशनालय

३. मेलम्ची खानेपानी विकास समिति

४. काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड

५. काठमाडौं उपत्यका खानेपानी लिमिटेड

६. नेपाल खानेपानी संस्थान

७. खानेपानी तथा महशुल निर्धारण आयोग

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको ।
- स्फूर्तरूपमा सूचना प्रकाशनलाई नियमितता दिइएको ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गर्ने गरिएको ।
- तालिममा सूचनाको हक समावेश गर्न राष्ट्रिय सूचना आयोगले दिएको आदेशको कार्यान्वयन भएको ।
- सूचना उपलब्ध गराइदिनु भनी आयोगबाट भएको निर्देशनलाई मन्त्रालय र मातहतका निकायले पालना गरेको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- पिउने पानी धारामा आउने समयसारणीको जानकारी दिने जस्ता सार्वजनिक चासोका सूचनाहरू यस मन्त्रालय अन्तर्गत रहेकाले नियमित सूचना प्रवाहको प्रबन्ध गर्नुपर्छ ।
- यस मन्त्रालय अन्तर्गत सार्वजनिक निर्माणको काम नियमितरुपमा भैरहने देखिँदा कार्यारम्भ हुने र सम्पन्न हुने तथा लागत र निर्माण व्यवसायीको नाम समेत खुलेको होर्डिङ्ग बोर्डका माध्यमद्वारा सूचना प्रवाह गर्ने जस्ता प्रविधि अनुशरण गर्नु पर्ने देखिन्छ ।



३.९ गृह मन्त्रालय

मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह प्रशासनको मुख्य उद्देश्य हो । देशव्यापी सञ्जालमा फैलिएको यो निकाय आमजनताको सर्वाधिक चासोमा आउने गर्दछ । यस मन्त्रालय मातहत निम्न बमोजिमका निकायहरू रहेका छन् :

१. नेपाल प्रहरी

२. सशस्त्र प्रहरी बल

३. राष्ट्रिय अनुसन्धान विभाग

४. अध्यागमन विभाग

५. कारागार व्यवस्था

६. प्रहरी किताबखाना

साथै मन्त्रालय मातहत जिल्ला प्रशासन कार्यालयहरू तथा मातहतका निकायहरू रहेका छन् ।

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारीको व्यवस्था गृह मन्त्रालय र यस मातहतका निकायमा गरिएको ।
- स्वस्फूर्त रूपमा सूचना प्रकाशन गर्ने कार्य भइरहेको ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गर्ने र छुट्टै फाइल खडा गरिएको ।
- मन्त्रालय र मातहतका निकायले सञ्चालन गर्ने तालिममा सूचनाको हक विषय समावेश गर्न राष्ट्रिय सूचना आयोगले दिएको आदेशको कार्यान्वयन भएको ।
- राष्ट्रिय सूचना आयोगले सूचना दिनु भनी भएगरेका आदेशको कार्यान्वयन भएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचना अधिकारीलाई मन्त्रालयका सूचनामा समयमै पूर्ण पहुँच नभएको ।
- सूचनाको हकको महत्वका बारेमा जानकारी कम रहेको ।
- स्वत: सूचना प्रवाह मन्त्रालय मातहतका निकायबाट हुन नसकेको ।



३.१० जनसंख्या तथा वातावरण मन्त्रालय

जनसंख्या तथा वातावरण मन्त्रालयको संगठन संरचना फेरबदल भइरहेका कारण सम्पूर्ण कार्यप्रक्रिया, योजना र दूरदृष्टिमा पनि फेरबदल भइरहेको छ । तथापि, हाल यो मन्त्रालयलाई वातावरण तथा जनसंख्या सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, जल तथा मौसम विज्ञान सम्बन्धी अध्ययन अनुसन्धान र भविष्यवाणी, जलवायु परिवर्तन तथा अनुकूलन र वैकल्पिक ऊर्जा विकास सम्बन्धी कार्यहरू तोकिएका छन् ।यस मन्त्रालय मातहत देहायका केन्द्रिय निकायहरू छन् :

१. जल तथा मौसम विज्ञान विभाग

२. वातावरण विभाग

३. वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालयमा सहसचिवस्तरको सूचना अधिकारी र उपसचिवस्तरको सहायक सूचना अधिकारी तोकिएको ।
- राष्ट्रिय सूचना आयोगको आदेश बमोजिम स्वतः प्रकाशनको कार्य भइरहेको ।
- सूचना मागको निवेदन छुट्टै रजिष्टरमा राख्ने गरिएको ।
- राष्ट्रिय सूचना आयोगको आदेश बमोजिम मन्त्रालय र मातहतका निकायहरूबाट सञ्चालन हुने तालिममा सूचनाको हक विषयलाई समावेश गरिएको ।
- सूचना माग गरी निवेदन प्राप्त नभएको र राष्ट्रिय सूचना आयोगबाट समेत कुनै आदेश नभएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- यस मन्त्रालय अन्तर्गत आम जनताको चासोसँग सम्बन्धी सूचना रहेकाले नियमितरुपमा सार्वजनिक गर्ने प्रबन्ध गर्नुपर्छ ।
- यस मन्त्रालयमा प्राबिधिक जनशक्ति कार्यरत रहेको पक्षसमेतलाई मनन गरी सूचना प्रवाह सम्बन्धी नियमित छलफल/तालीमको व्यवस्था गर्नु पर्दछ ।



जनसंख्या तथा वातावरण मन्त्रालय र मातहतका निकायहरू

३.११ परराष्ट्र मन्त्रालय

नेपालको परराष्ट्र दौत्य सम्बन्धमा महत्वपूर्ण कडीको रूपमा रहेको परराष्ट्र मन्त्रालय स्वदेशमा कम विदेशमा बढी कार्यालय रहेको महत्वपूर्ण सरकारी निकाय हो । मन्त्रालयले नेपालको वैदेशिक नीति, योजना र कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको कार्य गर्दछ । विदेशी मुलुकसँगको सम्बन्ध, विदेशमा नेपालको प्रतिनिधित्व, विदेशमा नेपालको प्रचार, विदेशमा नेपाली भिसा र पासपोर्ट जारी, प्रोटोकल, गैर आवासीय नेपाली, विदेशमा रहेबसेका नेपाली नागरिकको रेकर्ड राख्ने, आर्थिक कुटनीति, कन्सुलर सेवा, राष्ट्रसंघ, आसियान तथा अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय संघसंस्थासँग सम्पर्क, नेपालमा विदेशी कुटनीतिक नियोग, कुटनीतिकस्तरमा मध्यस्थता र सम्झौता, परराष्ट्र सेवा सञ्चालन लगायतका कार्यहरू गर्दछ । यो मन्त्रालय मातहत केन्द्रस्तरमा निम्न निकायहरू रहेका छन् :

१. राहदानी विभाग

२. कन्सुलर सेवा विभाग

३. वीरगन्जस्थित सम्पर्क कार्यालय

४. परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान

५. विदेशस्थित राजदूतावास, नियोग र महाबाणिज्यदूतावास

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका निकायहरूमा सूचना अधिकारी र सहायक सूचना अधिकारी तोकिएको ।
- स्वतः प्रकाशन सम्बन्धी बुझाइमा कमजोरी रहेको । नियमित खालका सूचना मिडियामा पठाएका कारण अलग्गै सूचना अद्यावधिक गरेर प्रकाशन गर्नु पर्दछ भन्ने खासै जानकारी भएको पाइएन ।
- राष्ट्रिय सूचना आयोगका निम्ति छुट्टै विवरण तयार गरी पठाउने गरेको ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गर्ने गरिएको । आर्थिक वर्ष २०७२।७३ मा आठवटा सूचना माग गरेको अभिलेखमा देखिन्छ ।
- सूचनाको हकसम्बन्धी तालिमको अभाव ।
- सामान्यतया माग गरिएका सूचना दिने गरेको । राष्ट्रिय सुरक्षा र वैदेशिक सम्बन्धको विषय ठानेर लिपुलेक बारेमा माग गरिएको सूचना भने जवाफ नदिएको पाइयो ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- परराष्ट्र मन्त्रालय भएका कारण आम नागरिकलाई जानकारी गराउनै पर्ने खास विषय रहँदैन भन्ने मान्यता राखेको पाइयो । तसर्थ सूचनालाई अद्यावधिक गरिराख्नु पर्दछ भन्ने मान्यता देखिएन ।
- राहदानी बाहेकको विषयमा सूचना माग गर्न खासै कोही आउँदैन भन्ने मानसिकता रहेको पाइयो । तसर्थ तत्काल मागेको बाहेकका सूचना अद्यावधिक गरिराख्नु पर्दछ भन्ने मान्यता देखिएन ।
- सूचनाको हकका विषयमा मन्त्रालयका जिम्मेवार व्यक्तिलाई अभिमुखीकरण गरिनु आवश्यक छ ।
- सूचनाको वर्गीकरण नभएकाले के कस्ता सूचना सार्वजनिक गर्न हुने वा नहुने भन्ने विषयमा यो मन्त्रालयमा समेत अन्यौल कायम नै छ । तसर्थ, सूचनाको वर्गीकरण गरिनु आवश्यक छ ।

- सूचना स्वतः प्रकाशन गर्नुपर्ने ऐनको व्यवस्थाका बारेमा खासै जानकारी राखेको पाइएन । राष्ट्रिय सूचना आयोगले माग गर्ने विषय मात्र हो भन्ने बुझाइ मन्त्रालयले राखेको पाइयो ।
- सूचना अधिकारी तोकिए पनि यस बारेमा पर्याप्त अध्ययन भएको पाइएन । मन्त्रालय वा विभागका निमित्त बैठकमा यदाकदा हुने सूचनाका विषयको छलफललाई नै सूचनाको ज्ञान भएको अर्थमा व्याख्या गरियो ।
- सूचनाको हकसम्बन्धी तालिमको कुनै योजना रहेको पाइएन । तसर्थ, मन्त्रालय र मातहतका निकायले वर्षमा कम्तिमा दुई पटक सूचनाको हकसम्बन्धी तालिम गराउनु आवश्यक छ । यसका निम्ति राष्ट्रिय सूचना आयोगले सहजीकरण गर्नु उपयुक्त हुन्छ ।
- आफ्नो आवश्यकताका आधारमा मिडियासँग सम्पर्क गर्ने वा सूचना सम्प्रेषण गर्ने गरिएको छ, र नियमित कार्यक्रम राख्ने गरिएको छैन ।
- तीन महिनाको साटो चार महिना (चौमासिक) मा मन्त्रालय र मातहतका निकायबाट सूचना सार्वजनिकीकरण गर्नु उपयुक्त हुने देखिन्छ ।



३.१२ पशुपंक्षी विकास मन्त्रालय

देशभर सञ्जाल रहेको र आमजनतासँग प्रत्यक्ष सरोकार राख्ने पशुपंक्षी विकास मन्त्रालयको स्थापना र गठन हालसालै भएको हो । अद्यापि पुनर्संरचनाकै क्रममा रहेको यो मन्त्रालय मातहत निम्न बमोजिमका केन्द्रीय निकायहरू छन् :

१. पशुसेवा विभाग
२. पशुपंक्षी विभाग
३. पशु स्वास्थ्य निर्देशनालय
४. पशुसेवा तालिम तथा प्रसार निर्देशनालय

५. राष्ट्रिय दुग्ध विकास बोर्ड

६. दुग्ध विकास संस्थान

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका निकायहरूमा सूचना अधिकारी तोकिएको, र सूचना अधिकारीको फोटो र फोन नम्बर सहितको जानकारी राखिएको । सूचना अधिकारीहरू अन्य महाशाखा, शाखामा समेत कार्यरत रहेको ।
- स्वतः प्रकाशनको व्यवस्था रहेको, र सन्तोषजनक देखिएको । मन्त्रालय र मातहतका निकायका वेभसाइटहरू रहेका, र तिनीहरू आवधिक रुपमा अपडेट हुने गरेको ।
- सूचना मागेको निवेदनको छुट्टै रजिष्टर राखिएको छैन । एउटै मूल रजिष्टरमा दर्ता र चलानी गरेको पाइयो ।
- सूचनाको हकसम्बन्धी छुट्टै तालिम आयोजना नगरिए पनि मन्त्रालयले आयोजना गर्ने तालिमहरूमा सूचनाको हक विषयलाई समावेश गरिएको ।
- राष्ट्रिय सूचना आयोगबाट भएका आदेशमा मन्त्रालय र मातहतका सबै निकाय सचेत रहेको र आदेशको कार्यान्वयन भइरहेको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- मन्त्रालय र मातहतका सबैजसो उच्च अधिकृत र सूचना अधिकारीहरू सूचनाको हक र सूचना प्रवाहका विषयमा सचेत र जानकारी रहेको पाइए ।
- सबै सूचना अधिकारी आफ्नो कार्यालयको कुनै शाखाको प्रमुखको जिम्मेवारीमा रहेका हुनाले सूचना प्रवाह प्राथमिकतामा परेको छैन । सूचना अधिकारीहरूले सूचना अधिकारीको जिम्मेवारी अतिरिक्त भार ठानेको पाइयो ।
- सूचना माग्न आउनेमध्ये कतिपय व्यक्ति सूचना आवश्यक परेर भन्दा बढी हैरान पार्ने उद्देश्यले आउँछन् भन्ने पूर्वधारणा रहेको पाइयो । सूचना अधिकारीको यस्तो धारणा आम सर्वसाधारणसँग भन्दा पनि राजनीतिक पहुँच भएका व्यक्ति र पत्रकारहरूप्रति रहेको पाइयो । खासगरी केही पत्रकारले सूचनाको हकका नाममा विज्ञापन सौदाबाजी गर्ने गरेका छन् भन्ने गुनासो सूचना अधिकारीको छ । राजनीतिक पहुँच भएका व्यक्तिहरूको चासो बजेटसँग बढी छ ।
- मन्त्रालय वा मातहतको निकायमा सबै महाशाखा वा शाखाको तथा मातहतका कार्यालयहरूको सूचना सूचना अधिकारीसँग अद्यावधिक नरहेको पाइयो । कतिपय माथिल्ला अधिकारीहरू सूचना प्रवाहमा परोक्षरुपले अनुदार रहेको पाइयो ।
- जे पनि माग्दैमा पाइन्छ र ? यो उसका लागि (माग्न आउनेका लागि) आवश्यक सूचना नै होइन भन्नेजस्ता धारणा उच्च अधिकारीमा छ भन्ने गुनासो सूचना अधिकारीहरूको छ ।
- सूचना अधिकारीकहाँ सबै सूचनाको पहुँच कमजोर रहेकोले सुधारको आवश्यकता छ ।
- सूचना अधिकारीहरू आफूलाई तोकेको जिम्मेवारीका हिसाबले सूचना दिन उदार देखिए पनि माथिल्ला कर्मचारीमा सूचना लुकाउने संस्कृति हावी छ ।

- मन्त्रालयहरूले सूचनाको आन्तरिक वर्गीकरण गरेका छैनन् । कुनै सूचना दिन मिल्ने कि नमिल्ने भन्ने विषय सूचना अधिकारी वा कार्यालय प्रमुखको तजबिजीमा रहेको पाइयो ।



३.१३ भूमिसुधार तथा व्यवस्था मन्त्रालय

भूमिसुधार तथा व्यवस्था मन्त्रालय नापनक्सा एवं जग्गा प्रशासन तथा व्यवस्थापन सम्बन्धी सेवा प्रदान गर्न स्थापित नेपाल सरकारको केन्द्रीय निकाय हो । यस मन्त्रालयले भूमिसुधार तथा व्यवस्था सम्बन्धी नीति, मालपोत र रजिष्ट्रेसन, जग्गा दर्ता, मूल्याङ्कन, जग्गा प्रशासन र राजश्व संकलन, सरकारी जग्गा र सार्वजनिक जग्गाको अभिलेख व्यवस्थापन तथा संरक्षण, टोपोग्राफीक नक्सा तयारी र हवाई सर्वेक्षण, सुकुम्बासी समस्या, गुठी जग्गा व्यवस्थापन, भू-उपयोग, मुक्तकमैया, कम्लहरी र हलिया व्यवस्थापन लगायतका आमजनतासँग प्रत्यक्ष सरोकार राख्ने कार्यहरू गरिआएको छ ।

यस मन्त्रालय मातहत निम्न बमोजिमका केन्द्रीय निकायहरू छन् :

१. भूमिसुधार तथा व्यवस्थापन विभाग
२. नापी विभाग
३. भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र
४. भू सूचना तथा अभिलेख विभाग
५. राष्ट्रिय भूउपयोग आयोजना
६. गुठी संस्थान

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका केन्द्रीय निकायहरूमा सूचना अधिकारी तोकिएको ।
- स्वतः प्रकाशित गर्नु पर्ने सूचनाको हकमा मन्त्रालय सजग रहेको र सूचना प्रकाशन गरिरहेको पाइयो ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गरी फाइल खडा गर्ने गरिएको ।
- मन्त्रालयले हरेक कार्यक्रममा सूचनाको हक सम्बन्धी कक्षा समावेश गरेको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- भूमि सुधार तथा व्यवस्था मन्त्रालयका कर्मचारीले सूचनाको हकलाई महत्वका साथ लिएको पाइयो ।
- सूचनाको हक पालना गर्दा देश र जनताको हक स्थापित हुन सक्ने विषयमा पनि क्रमशः चेतना बढेर गएको देखिएको छ ।
- क्षेत्रीय भाषामा सूचना दिने बाहेकका सम्पूर्ण काममा यस मन्त्रालयको काम सन्तोषजनक नै देखियो ।
- सूचना माग्नेको नियत र सूचनाको गलत प्रयोगप्रति मन्त्रालयको चिन्ता प्रकट भयो ।



३.१४ भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय

नेपालको विकास बजेटको ठूलो हिस्सा ओगट्ने तथा जनतासँग प्रत्यक्ष जोडिएको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले जमिन, जल, रेलवे र रोपवे यातायातको निर्माण र विकास सम्बन्धमा नीति, योजना र कार्यक्रम तर्जुमा र सञ्चालन गर्दछ । मन्त्रालयले सडक र पुलहरूको निर्माण र मर्मत गर्दछ, हाउजिङ र भौतिक योजनाका क्षेत्रमा अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघसंस्थासँग सम्पर्क र सहयोग आदानप्रदान गर्दछ, राजमार्गहरूको निर्माणसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्बन्ध र सम्पर्क गर्दछ । यस मन्त्रालय मातहत केन्द्रस्तरमा निम्न निकायहरू रहेका छन् :

१. सडक विभाग
२. यातायात व्यवस्था विभाग
३. रेल विभाग
४. सडक बोर्ड नेपाल
५. नेपाल इन्जिनियरिङ परिषद्
६. काठमाडौं-तराइ-मधेश फास्ट ट्र्याक आयोजना
७. काठमाडौं दिगो सहरी यातायात आयोजना
८. रेल्वे तथा मेट्रो विकास आयोजना
९. बाढीजन्य क्षति पुनः निर्माण आयोजना

साथै, यही मन्त्रालय मातहत क्षेत्रीय, अञ्चल र जिल्लास्तरीय कार्यालय समेत रहेका छन् ।

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थितिः

- सूचना अधिकारी तोकिएको । तर सूचना अधिकारीहरूले सूचनाको हकमै केन्द्रित भएर खासै काम गरेका छैनन् । औपचारिकता मात्र पूरा गरेको देखियो ।
- स्वतः प्रकाशन गर्ने राष्ट्रिय सूचना आयोगको आदेशको कार्यान्वयन हुन सकेको छैन ।
- सूचना मागको छुटै रजिष्टरमा दर्ता गर्ने र छुटै फाइल खडा गर्ने परम्परा बसालिएको ।
- सूचनाको हकसम्बन्धी तालिमलाई उच्च प्राथमिकता दिइएको छैन । मन्त्रालय र मातहतका निकायले प्रदान गर्ने तालिममा सूचनाको हक विषय समावेश गरिएको छैन ।
- राष्ट्रिय सूचना आयोगको आदेश अनुरूप सूचना मागकर्तालाई सूचना उपलब्ध गराइएको छ ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचना अधिकारी स्वयम्ले सूचना प्राप्त गर्न नसकेको अवस्था देखियो ।
- सूचना अधिकारीलाई आवश्यक स्रोतसाधनको अभाव रहेको र सूचना प्रवाहको ज्ञान पनि नभएको अवस्था देखियो । सूचना अधिकारीलाई सूचना संकलन, प्रशोधन र सम्प्रेषण क्षमता निर्माण गर्न तालिमको आवश्यकता देखिन्छ ।
- सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयन मन्त्रालयको प्राथमिकता र कार्यसूचीमा पर्दैन । औपचारिकता स्वरुप सूचना अधिकारी वा अभिलेख राख्ने फाइलहरू खडा गरेको देखिन्छ ।
- वेभसाइटहरू नियमित रुपमा अद्यावधिक भएको देखिन्न ।
- सूचना अधिकारीको बेग्लै दरबन्दी खडा गर्नु जरुरी देखिन्छ । पत्रकारिता विषय लिएर कम्तिमा स्नातक गरेको र कुनै सञ्चार गृहमा दुई वर्ष काम गरेका व्यक्तिहरूलाई जिम्मेवारी दिइए सूचना हकको प्रचलनमा सहजता आउन सक्दछ ।
- राष्ट्रिय सूचना आयोग र मन्त्रालयबीच नियमित अन्तर्क्रियाले सूचनाको हकको प्रचलनमा सघाउ पुग्नेछ ।
- राष्ट्रिय सूचना आयोगले तयार गर्ने सर्भेक्षण फारममा गुणस्तर कायम गर्नु आवश्यक देखिन्छ ।
- मन्त्रालयमा सूचना अधिकारी र प्रवक्ता दुवैको व्यवस्था भएको तर दुवै अधिकारीहरू सूचना प्रवाह गर्ने तौरतरिका र जिम्मेवारी बारे अलमलमा पर्ने गरेको देखियो । त्यो अलमल हटाउन राष्ट्रिय सूचना आयोगले छलफल, तालिम गर्नुपर्ने देखिन्छ ।



३.१५ महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

मुलुकको कूल जनसंख्याको आधा हिस्सा ओगटेका महिला, लाखौं बालबालिका र सामाजिक कार्यहरूसँग जोडिएको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय स्वयंको कार्यक्षेत्र र सञ्जाल अत्यन्त सीमित छ, र मुलुकको पहिलो प्राथमिकता र रोजाईको मन्त्रालयमा यो पर्दैन जुन अत्यन्त दुःखद हो । मुख्यतः यो मन्त्रालय मातहत निम्न निकायहरूका साथै पचहत्तरै जिल्लामा महिला तथा बालबालिका कार्यालय रहेका छन् :

१. महिला तथा बालबालिका विभाग

२. समाज कल्याण परिषद्

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका निकायहरूमा सूचना अधिकारी तोकिएको जानकारी दिइयो । मन्त्रालयमा प्रवक्ता र सूचना अधिकारी अलग अलग व्यक्तिलाई जिम्मेवारी दिएको पाइयो ।
- राष्ट्रिय सूचना आयोगले स्वतः प्रकाशन गर्न दिएको आदेशको प्रभावकारी कार्यान्वयन भएको अवस्था मन्त्रालय र मातहतका तह दुवैमा देखिएन । त्रैमासिक रुपमा यसलाई कागज मसीमा छापेरै प्रकाशित गर्नु पर्ने प्रावधान खर्चिलो र झन्झटिलो भएको गुनासो सुनियो । महिला तथा बालिबालिका विभागले यस्तो प्रकाशन सुरु गरेको भएपनि यसलाई निरन्तरता दिएको पाइएन । वेभसाइटमै पनि स्वतः प्रकाशनको औचित्य परिपूर्ण र समयसीमा परिपालना हुने गरी जानकारीहरू अद्यावधिक गरेको पाइएन ।
- सूचना मागको निवेदन छुट्टै रजिष्टरमा दर्ता गर्ने र छुट्टै फाइल खडा गर्ने राष्ट्रिय सूचना आयोगको आदेशको कार्यान्वयन आंशिक रुपमा गरेको पाइयो ।
- मन्त्रालय तहमै तालिम कार्यक्रमहरू अत्यन्त कम हुने गरेको देखियो । तर, जिल्लामा कार्यरत रहने महिला विकास अधिकृतहरूको अभिमुखीकरण तालिममा सूचनाको हकसम्बन्धी अवयव समावेश गर्ने गरेको जानकारी प्राप्त भयो ।
- मन्त्रालयको तहमा राष्ट्रिय सूचना आयोगबाट सूचना दिनु भनी नगण्य संख्यामा मात्र आदेश दिएको देखियो । यस्ता आदेशात्मक पत्राचार कति आएका थिए भन्ने एकिन जानकारी प्राप्त हुन सकेन ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचनाको हक सम्बन्धी जानकारी र सचेतनाको अवस्था यस मन्त्रालय र मातहतका कार्यालयहरूमा सामान्यतयाः चित्तबुझ्दो छ । तर, सूचनाको हक सम्बन्धी प्रावधानलाई सुशासनको एउटा तत्वका रुपमा भन्दा यसको प्रत्याभूति गराउने अभ्यासलाई बाध्यताका रुपमा समेत लिएको पाइयो ।
- लोकसेवा आयोगको पाठ्यक्रम, स्टाफ कलेज, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान आदिका आधारभूत सामग्रीमा सूचनाको हकलाई समावेश गर्न सकिन्छ । राष्ट्रिय सूचना आयोगले एउटा सार्वजनिक सेवा पाठ्यक्रम परीक्षण (public service curriculum audit) को वृहत् कार्यशाला गराउनु उपयुक्त देखिन्छ ।

- मन्त्रालय र मातहतका निकायहरूमा सूचना अधिकारीहरूको बारम्बार सरुवा भइरहने हुनाले सूचना प्रवाहमा समस्या देखिन्छ ।
- यस्तो जिम्मेवारीमा रहेको कर्मचारीको सरुवा वा जिम्मेवारी हेरफेर निश्चित समयमा मात्र हुने प्रणाली विकास गर्नेतर्फ ध्यान दिइनु आवश्यक छ ।
- सूचनाको हक प्रत्याभूतिका लागि सूचनाहरूको वर्गीकरण सबैभन्दा महत्वपूर्ण पक्ष हो । तर, यस सम्बन्धी आवश्यकता, ज्ञान र औचित्य बारे उच्च तहका अधिकारी पनि प्रष्ट भएको पाइएन ।
- सरकारी कर्मचारीहरूको सूचनालाई गोप्य (classified) र सामान्यका रुपमा मात्र वर्गीकरण गर्ने परम्परावादी अभिमुखीकरणमा नै परिवर्तन ल्याउनु आवश्यक छ। सूचना वर्गीकरण बारे राष्ट्रिय सूचना आयोगले सरल, व्यवहारिक तर उपयोगी निर्देशिका बनाई लागू गराउनका लागि मन्त्रालयहरूलाई अभिप्रेरित गर्नु वाञ्छनीय देखिन्छ ।
- राष्ट्रिय सूचना आयोगका आदेश, मार्गनिर्देशनहरूको पालना गर्दा वा नगर्दा र प्रवक्ता वा सूचना अधिकारीले माग भएका अथवा आफ्नै पहलमा सूचना प्रवाहा गर्दा वा नगर्दाको अवस्थामा कार्यालय र कर्मचारीले पाउने भौतिक लाभ (benefit) र प्रेरणा (incentive) मा कुनै फरक नपर्ने स्थिति देखिएको छ । यसले गर्दा सूचनाको हक प्रत्याभूत गराउने कार्य कार्यालयहरूको प्राथमिकता र तदारुकताको विषय हुने गरेको देखिएन ।
- कार्यालय र कर्मचारी दुवैलाई दण्ड र पुरस्कारको व्यवस्था हुनु उपयुक्त हुन्छ ।
- सूचना सम्प्रेषण, प्रेस विज्ञाप्ति लेखन र माग भएका सूचनालाई मागकर्ता सन्तुष्ट हुने गरी उपलब्ध गराउनु एउटा विशिष्ट सीप र ज्ञान हो । यसका लागि छुट्टै तालिम, अध्ययन र अभिमुखीकरण आवश्यक पर्दछ भन्ने तथ्यलाई सूचना अधिकारी वा प्रवक्ताको जिम्मेवारी दिनेक्रममा विचार गरेको देखिएन ।
- प्रेस सम्मेलन आयोजना, प्रेस विज्ञप्ति लेखन आदि कार्य बारे राष्ट्रिय सूचना आयोगले बेलाबेलामा सूचना अधिकारीहरूलाई तालिम र सूचनाका माग एवं आपूर्ति पक्षलाई सँगै राखेर एकापसका अपेक्षा र ती अपेक्षाहरू बीचको फरक आँकलन गर्नु आवशयक छ। तिनलाई नीति र कार्यक्रममा प्रतिबिम्बित गराउन सकिन्छ ।
- प्रेस सम्मेलन आयोजना, प्रेस विज्ञप्ति प्रकाशन, सूचनाहरूको स्वतः प्रकाशन, माग अनुसारको सूचना प्रवाह, वेभ साइटहरू अद्यावधिक गर्ने आदि कार्यहरू केही हदसम्म प्रारम्भ र अभ्यास भएको देखिएता पनि तिनको प्रभावकारिता, प्रभाव र उपलब्धिहरूको वास्तविक जानकारी कहिँकतै उपलब्ध छैन । कुन रणनीति वा कार्य प्रणाली प्रभावकारी भएको छ भन्ने मूल्याङ्कन नै नगरी तिनको अन्ध निरन्तरताको मात्रै खास अर्थ रहँदैन ।
- आगामी दिनमा सूचनाको हक कार्यान्वयनको प्रभाव मूल्याङ्कन पद्धति र अनुसन्धान विधि विकसित गर्नु आवश्यक देखिन्छ । सबै गतिविधिमा स्थायी प्रकृतिका सूचना (static variable) र निरन्तर प्रगति देखिने सूचना (dynamic variable)हरूको छुट्टै अंकभारका साथ मूल्याङ्कन हुने गरी audit गर्ने व्यवस्था गर्न सकिन्छ ।



३.१६ यूवा तथा खेलकुद मन्त्रालय

यूवा तथा खेलकुद क्षेत्रको विकास गर्ने उद्देश्यले यूवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको हो । यो क्षेत्रका लागि आवश्यक नीति, ऐन, नियमावली र निर्देशिकाहरू तर्जुमा गर्ने तथा समसामयिक परिमार्जन गर्ने कार्यको मुख्य जिम्मेवारी यही मन्त्रालयको हो । यूवालाई स्वदेशमै सक्रिय तुल्याउने, स्वस्थ, सीपयुक्त र स्वावलम्बी यूवा बनाउन यस मन्त्रालयले कार्य गर्दछ । देशभर सरकारी तथा स्थानीय पहलमा फैलिएको यो क्षेत्रमा लाखौं यूवा आबद्ध छन् । यो मन्त्रालय मातहत निम्न केन्द्रीय निकाय रहेको छ :

१. राष्ट्रिय खेलकुद परिषद्

२. राष्ट्रिय यूवा परिषद्

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका निकायमा सूचना अधिकारीको व्यवस्था गरिएको ।
- स्वतः प्रकाशनको कार्यलाई निरन्तरता दिइएको ।
- सूचना मागलाई छुट्टै रजिष्टरमा दर्ता गरिएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- कार्यालय प्रमुखलाई सूचनाको हक बारे प्रशिक्षित गर्नु पर्ने ।
- मन्त्रालय र मातहतका निकायको सूचनाको हकसम्बन्धी गतिविधिहरू स्वतः सूचना राष्ट्रिय सूचना आयोगमा बोधार्थ हुने वातावरण बनाउने ।
- सहायक सूचना अधिकारीसँगै तल्ला तहका कर्मचारीलाई पनि सूचनाको हकबारे प्रशिक्षित गर्नु पर्ने ।
- राष्ट्रिय सूचना आयोगले मन्त्रालयका गतिविधिमा गरेको कारबाही र निर्देशन बारे प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय वा सूचना तथा सञ्चार मन्त्रालयको वेभसाइट मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।
- सूचना अधिकारीलाई सम्बन्धित महाशाखा, शाखाको जिम्मेवारीमध्ये केहीबाट फुर्सद दिने वा सूचना

अधिकारीको जिम्मेवारी सम्हाले बापत अतिरिक्त भत्ता, लाभको कानूनी प्रत्याभूति हुनु पर्ने ।

- विभिन्न देशका सूचना अधिकारीका कार्यसम्पादन बारे जानकारी गराउन सूचना अधिकारीहरूलाई वैदेशिक भ्रमण, अनुभव आदानप्रदान जस्ता उपर्युक्त कार्यक्रमको व्यवस्था आयोगबाटै हुनु पर्ने ।
- मन्त्रालय र मातहतका निकायका वेभसाइटमा आवश्यकता अनुसार सञ्चार माध्यमका वेभसाइटहरूको लिंक राख्ने व्यवस्था मिलाउने ।
- सूचना अधिकारीहरूको क्षमता अभिवृद्धि लगायतका लागि सूचना आयोगमा बेग्लै शाखा, संयन्त्र हुनु पर्ने ।
- राष्ट्रिय सूचना आयोगको प्रतिवेदन संसदमा छलफल हुने अनिवार्य व्यवस्था सहित कानूनमै संशोधन गर्ने ।



३.१७ रक्षा मन्त्रालय

राष्ट्रिय सुरक्षा नीति सम्बन्धी योजना र कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने, नेपाली सेनाको गठन, लोकतान्त्रिकरण, पुनर्संरचना, परिचालन, व्यवस्थापन र नियन्त्रण गर्ने, सैनिक अधिकृत र जवानहरूको अनुशासन र सेवा शर्त तोक्ने, सैनिक तालिम र सेनाको सुविधा व्यवस्थापन गर्ने, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा महत्वपूर्ण सम्पदा, स्मारकहरूको सुरक्षा समेतका कार्यहरू गर्ने गरी रक्षा मन्त्रालयको स्थापना भएको हो । मन्त्रालय मातहत निम्न बमोजिम केन्द्रीय निकाय रहेको छ :

१. नेपाली सेना

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका निकायहरूमा सूचना अधिकारी र सहायक सूचना अधिकारी तोकिएको ।
- स्वतः प्रकाशन सम्बन्धी बुझाइमा कमजोरी रहेको । नियमित खालका सूचना मिडियामा पठाएका कारण अलग्गै सूचना अद्यावधिक गरेर प्रकाशन गर्नु पर्दछ भन्ने खासै जानकारी भएको पाइएन । राष्ट्रिय सूचना आयोगका निम्ति छुट्टै विवरण तयार गरी पठाउने गरेको ।

- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गर्ने गरिएको ।
- सूचनाको हकसम्बन्धी तालिमको अभाव ।
- सामान्यतया माग गरिएका सूचना दिने गरेको । २०७३ साल असोजमा फ्रिडम फोरमबाट माग भई आएको सवारी साधनको प्रयोग र इन्धन खर्चका बारेमा राष्ट्रिय सूचना आयोगको निर्देशन आएकोमा त्यसको जवाफ राष्ट्रिय सूचना आयोगलाई दिइएको तर सूचना भने नदिएको पाइयो ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- मन्त्रालयका सूचना नागरिकमाझ प्रवाह गर्नु पर्दछ भन्ने संस्कारको विकास हुन सकेको छैन ।
- सूचना माग गर्न खासै कोही आउँदैन, त्यसकारण सूचनालाई अद्यावधिक गर्ने भनेको राष्ट्रिय सूचना आयोगलाई एउटा विवरण पठाइ दिने हो भन्ने मानसिकता रहेको छ ।
- सूचनाको हकका विषयमा मन्त्रालयका जिम्मेवार व्यक्तिलाई अभिमुखीकरण गरिनु आवश्यक छ ।
- सूचनाको वर्गीकरण नभएकाले के कस्ता सूचना सार्वजनिक गर्न हुने वा नहुने भन्ने विषयमा यो मन्त्रालयमा समेत अन्यौल कायम नै छ । तसर्थ, सूचनाको वर्गीकरण छिटो गरिनु आवश्यक छ ।
- सूचना स्वतः प्रकाशन गर्ने गरिएको छैन । राष्ट्रिय सूचना आयोगले माग गर्ने विषय मात्र हो भन्ने बुझाइमा परिवर्तन ल्याउन आवश्यक छ ।
- सचिवदेखि सूचना अधिकारीसम्म सूचनाको हकसम्बन्धी तालिममा सहभागी भएको भन्ने जानकारी प्राप्त भए पनि सूचनाको हकसम्बन्धी ऐनको राम्रो अध्ययन गरेको देखिएन । तसर्थ, आन्तरिक रुपमा नै वर्षमा कम्तिमा दुई वटा सूचनाको हक सम्बन्धी तालिम गराउनु आवश्यक छ ।
- मन्त्रालय र मातहतका निकायहरूले आवश्यकतानुसारका सञ्चार माध्यमसँग सम्पर्क गर्ने वा सूचना सम्प्रेषण गर्ने गरिएको छ । तर, नियमित पत्रकार भेटघाट कार्यक्रम राख्ने गरिएको छैन । सूचना तथा सञ्चार मन्त्रालयले गर्ने पत्रकार भेटघाट कार्यक्रममा श्रोताका हैसियतमा सूचना अधिकारी वा मन्त्रालयका प्रतिनिधि उपस्थित हुने गरेको पाइयो ।



३.१८ वन तथा भू-संरक्षण मन्त्रालय

वन तथा भू-संरक्षण मन्त्रालयबाट सम्पादन गरिने कार्यहरूको क्षेत्र निकै व्यापक छ । नेपालको कूल भूभागको करिब ४० प्रतिशत वन जंगलले ढाकेको र ठूलो संख्या वनमा आश्रित रहेकोले पनि वन तथा भू-संरक्षण मन्त्रालयले गर्ने कार्यहरूको परिधि व्यापक रहेको हो । मन्त्रालयका मातहत निम्न निकायहरू छन् :

१. वन अनुसन्धान तथा सर्वेक्षण विभाग

२. राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग

३. भू तथा जलाधार व्यवस्थापन विभाग

४. वन विभाग

५. वनस्पति विभाग

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको ।
- स्वतः प्रकाशन गर्ने राष्ट्रिय सूचना आयोगको आदेशको कार्यान्वयन हुन सकेको छैन । मन्त्रालयले तयार गर्ने चौमासिक प्रतिवेदनलाई नै स्वतः प्रकाशन गर्ने आदेश भनेर बुझ्ने गरिएको छ ।
- मन्त्रालयमा सूचना मागको निवेदनलाई छुट्टै दर्ता गर्ने गरिएको ।
- मन्त्रालय र मातहतका केन्द्रीय निकायले सञ्चालन गर्ने तालिममा सूचनाको हक विषयलाई समावेश गर्ने गरिएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- मन्त्रालय सूचनाको हकसम्बन्धी ऐन बारे जानकारी छ र यसलाई प्राथमिकतामा राख्न खोजेको पाइन्छ ।
- कुन सूचना दिने र कुन नदिने भन्ने विषयमा अधिकारीहरूबीच अन्यौल कायमै पाइयो । सूचना प्रवाह गर्दा यसको दायरा बारे प्रस्ट हुनु पर्ने धारणा व्यक्त गरियो ।
- मन्त्रालय मातहतका कतिपय केन्द्रीय निकायमा सूचना मागको छुट्टै रजिष्टरमा दर्ता गर्ने व्यवस्था नरहेको ।
- राष्ट्रिय सूचना आयोग र मन्त्रालयबीच पर्याप्त अन्तर्क्रिया नभएको र सूचना अधिकारीहरूका लागि तालिमको व्यवस्था नभएको ।
- सूचनाको माग हुँदा बढिजसो आर्थिक विषयवस्तुसँग जोडिएको, कतै अदालती प्रयोजनका लागि आवश्यक हुँदा मागिने गरेको । आर्थिक विषय भएकोले कतिपय सूचना दिने नदिने बारे अन्यौल हुने गरेको ।
- सूचना दिने विषयमा भएको अन्यौल हटाउन राष्ट्रिय सूचना आयोग र मन्त्रालयका अधिकारीहरूबीच अन्तर्क्रिया गर्ने, सूचना दिने निश्चित फर्म्याट विकास गर्ने आदिबारे ध्यान दिन आवश्यक रहेको ।
- तालिमलाई अझ व्यवस्थित, नियमित र प्रभावकारी बनाउन आवश्यक देखिएको ।
- राष्ट्रिय सूचना आयोगबाट सूचना दिनु भनी भएको एउटा आदेश कार्यान्वयन नभएको र आयोगसँग

दोहोरी चालिरहेको प्रसंग पनि मन्त्रालयका अधिकारीहरूसँगको छलफलमा जानकारी भएको ।

- मन्त्रालय र मातहतका निकायमा तोकिएका सूचना अधिकारीहरूमा सूचना संकलन, प्रशोधन र प्रवाह सम्बन्धी विज्ञताको अभाव देखिएकोले न्यूनतम आधारभूत ज्ञान भएका व्यक्तिलाई यस्तो जिम्मेवारी दिनु उपयुक्त देखिएको ।



३.१९ वाणिज्य मन्त्रालय

मुलुकको व्यापार व्यवसायको क्षेत्रमा महत्वपूर्ण योगदान गर्नुपर्ने वाणिज्य मन्त्रालयका जिम्मेवारी र उद्देश्यहरूमा बढ्दो अन्तराष्ट्रिय सेवा व्यापारलाई दृष्टिगत गरी विश्व व्यापार सम्झौताले खुला गरेको सेवा क्षेत्रबाट लाभ लिई गरिवी निवारणमा योगदान पुर्‍याउने, वस्तु तथा सेवा व्यापारको सहजिकरणमा सहयोग पु-याउने, निजी क्षेत्रको सहभागितामा तुलनात्मक लाभका क्षेत्रहरूको पहिचान गरी एवं प्रतिस्पर्धात्मक क्षमता भएका वस्तुहरूको विकास र प्रबर्द्धन गरी व्यापार व्यवसायलाई आर्थिक विकासको उद्देश्य हासिल गर्ने गरी परिचालन गर्ने तथा विश्व व्यापारको बदलिंदो स्वरुप र वहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय व्यापार तथा पारवहन व्यवस्थावाट अधिकतम फाईदा लिन व्यापारिक, भौतिक र संस्थागत संरचनाको सुधार एवं विकास गर्ने लगायतका छन् । यस मन्त्रालय मातहत निम्न केन्द्रीय निकाय रहेका छन् :

१. वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग

२. व्यापार तथा निर्यात प्रबर्द्धन केन्द्र

३. नेपाल इन्टरमोडल यातायात विकास समिति

४. नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका केन्द्रीय निकायहरूमा सूचना अधिकारी तोकिएको ।
- राष्ट्रिय सूचना आयोगले स्वत: प्रकाशन गर्न दिएको आदेशको प्रभावकारी कार्यान्वयन भएको अवस्था मन्त्रालय र मातहतका तह दुवैमा देखिएन । त्रैमासिक रुपमा यसलाई कागज मसीमा छापेरै प्रकाशित

गर्नु पर्ने प्रावधान खर्चिलो र झन्झटिलो भएको गुनासो सुनियो ।

- सूचना मागको निवेदन छुट्टै रजिष्टरमा दर्ता गर्ने र छुट्टै फाइल खडा गर्ने राष्ट्रिय सूचना आयोगको आदेशको कार्यान्वयन आंशिक रुपमा गरेको पाइयो ।
- मन्त्रालय तहमै तालिम कार्यक्रमहरू अत्यन्त कम हुने गरेको देखियो ।
- मन्त्रालयको तहमा राष्ट्रिय सूचना आयोगबाट सूचना दिनु भनी नगण्य संख्यामा मात्र आदेश दिएको देखियो । यस्ता आदेशात्मक पत्राचार कति आएका थिए भन्ने एकिन जानकारी प्राप्त हुन सकेन ।

मूल्याङ्कनकर्ताको सुझाव तथा निष्कर्ष

- मन्त्रालयमा सूचना अधिकारी तोकिएको छ । साथमा प्रवक्ता पनि नियुक्ति गरिएको छ । मातहतका निकायमा प्रायः सूचना अधिकारी मात्र छन् । यसरी प्रवक्ता र सूचना अधिकारी छुट्टाछुट्टै व्यक्ति हुँदा आमसञ्चार माध्यममा प्रचारप्रसारका लागि प्रेस विज्ञप्ति वा पत्रकार सम्मेलन मार्फत प्रवाहित गरिने सूचना एवं पद्धति र सूचनाको हकको नागरिक अधिकारका रुपमा प्रवाहित गरिने सूचनाबीच समन्वय देखिएको छैन । प्रवक्ता वा सूचना अधिकारीको उपल्लो निर्णय प्रक्रिया र त्यस्तो निर्णयको औचित्य स्थापित गर्ने तहसम्मको पहुँच र जानकारी नहुने र "यस अनुसार प्रवाहित गर्नु" भन्ने आदेशको पालना मात्र गर्नुपर्ने स्थिति देखिन्छ ।
- सूचना दिनुपर्ने निकायहरूमा प्रवक्ता र सूचना अधिकारी एकै व्यक्ति हुने व्यवस्थाका लागि राष्ट्रिय सूचना आयोगले पहल गर्नु वाञ्छनीय हुन्छ । प्रवक्ता/सूचना अधिकारीलाई निर्णयको तहसम्म पहुँच दिनु आवश्यक हुन्छ ।
- त्रैमासिक रुपमा सूचना र प्रगतिहरूको छापिएकै स्वरुपमा स्वतः प्रकाशन गर्ने आयोगले दिएको आदेश अनुरुपको प्रावधान तीनवटा कारणले अव्यवहारिक देखिएको छ । सो मन्त्रालय अन्तर्गतका संस्थाहरूले वार्षिक प्रतिवेदन मात्र प्रकाशित गर्ने गरेको देखिन्छ । यसो हुनुका कारणहरूमा एक, यो अवधि सरकारका बजेट निकासा लगायतका नियमित चौमासिक समय विभाजनसँग मेल खाएको छैन । कर्मचारीहरूले त्रैमासिक र चौमासिक विवरणहरू तयार गर्नुपर्ने अवस्था सिर्जना भएको छ । दुई, यो कागज मसी प्रविधिमा छाप्नै पर्ने हुँदा कतिपय कार्यालय र संस्थाहरूमा बजेट र जनशक्ति अभाव हुने र प्रकाशित सामग्री गुणस्तरहीन हुने समस्या देखिएको छ । र तीन, यस्तो प्रकाशित सामग्री वास्तविक लाभग्राहीसम्म पुग्ने कुनै परिभाषित माध्यम नभएकोले त्यस्तो सामग्रीको सदुपयोग पनि हुन नसकेको देखिन्छ ।
- स्वतः प्रकाशनको प्रवृत्ति (frequency) लाई अरु सरकारी कार्ययोजनासँग मिलान हुनेगरी चौमासिक बनाउनु उपयुक्त हुन्छ । जानकारी र प्रगतिका सूचनालाई वेभसाइटमा अद्यावधिक गरिए खर्च र स्रोत मितव्ययी हुने देखिन्छ । सबै सरकारी कार्यालय र संस्थानहरूले चौमासिक रुपमा नयाँ र जनउपयोगी जानकारी र प्रगति विवरण (अहिले बैंक तथा वित्तीय संस्थाले त्रैमासिक वासलात सार्वजनिक गरेजस्तै) पत्रपत्रिकामा प्रकाशन गर्ने व्यवस्था गर्न सकिन्छ । यसलाई लोक कल्याणकारी विज्ञापनसँग समन्वय गर्न सक्दा थप सरकारी खर्च पनि कम मात्र लाग्न सक्दछ ।
- सूचना माग र प्रवाहको छुट्टै दर्ता किताब, अभिलेख, फाइल आदि खडा गर्ने, सूचना माग र प्रवाहको

स्थितिलाई मन्त्रालयस्तरमा नै एकीकृत जानकारी हुने प्रणाली स्थापना गर्ने र कर्मचारीहरू फेरिदा पनि सूचना प्रवाह स्वतः सञ्चालित हुने व्यवस्था हुन सकेको देखिएन ।

- यसका लागि प्रविधिमैत्री र स्वतः अद्यावधिक हुने र सबै सार्वजनिक निकायहरूले सम रुपमा कार्य सञ्चालन गर्न सक्ने गरी आयोगकै नेतृत्वमा एउटा सफ्टवेयर प्रोटोटाइप निर्माण गरी प्रयोग गर्न दिन उपयुक्त हुन्छ । राष्ट्रिय सूचना आयोगमा नै एउटा सूचना प्रविधि इकाइ स्थापना गरी सूचनाहरूको स्वतः अद्यावधिक भइरहेको अवस्थाको वास्तविक समय (real time) मा नै मूल्याङ्कन गर्न सकिन्छ । यो अत्यन्तै कम खर्चिलो तर प्रभावकारी विधि पनि हो ।
- सूचना अधिकारीहरूको बोर्ड राख्ने, वेभसाइटमा सूचना अद्यावधिक गर्ने, बडापत्र राख्ने, नियमितरुपमा पत्रकार भेटघाट गर्ने, सूचनापाटी व्यवस्थित गर्ने, उजूरीपेटिका राख्ने, गुनासो व्यवस्थापन संयन्त्र बनाउने आदि कामहरूमा पनि एकरुपता देखिएको छैन ।
- आयोगले एउटा मानक प्रतिरुप (standard template)बनाइ लागू गराउन सक्दछ । लागू नगरेमा मूल्याङ्कनमा नकारात्मक अंक दिने व्यवस्था मिलाउन उपयुक्त हुन्छ ।



३.२० विज्ञान तथा प्रविधि मन्त्रालय

विज्ञान र सूचना प्रविधिसम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, अध्ययन, अनुसन्धान र सर्वेक्षण गर्ने, राष्ट्रिय अन्तर्राष्ट्रिय सभा, सम्मेलन गर्ने, विज्ञान र प्रविधि सम्बन्धी जनशक्ति, सामग्रीको उत्पादन र व्यवस्थापन गर्ने लगायत पारमाणविक, रसायनिक र अन्तरिक्ष विज्ञान आदि सम्बन्धी विषयसँग सम्बन्धित काम गर्ने गरी विज्ञान तथा प्रविधि मन्त्रालय स्थापना भएको हो । यो मन्त्रालय अन्तर्गत केन्द्रस्तरमा निम्न निकायहरू रहेका छन् :

१. विज्ञान तथा प्रविधि परिषद्
२. सूचना प्रविधि विभाग
३. राष्ट्रिय विधिविज्ञान प्रयोगशाला
४. बी.पी. कोइराला प्लानेटोरियम
५. राष्ट्रिय सूचना प्रविधि केन्द्र

६. प्रमाणीकरण नियन्त्रकको कार्यालय

७. राष्ट्रिय विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठान (नास्ट)

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका निकायहरूमा सूचना अधिकारीको व्यवस्था गरिएको ।
- मन्त्रालय र मातहतका निकायहरूबाट स्वतः सूचना प्रकाशन गर्ने गरिएको । वेभसाइटहरू नियमित रुपमा अद्यावधिक गरिएको, र आवश्यकता अनुसार पत्रकार सम्मेलन आयोजना गरिएको ।
- सूचना मागको छुट्टै रजिष्टर तयार गरी दर्ता गर्ने गरेको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझावहरू

- मन्त्रालय र मातहतका निकायहरूले सूचनाको हकसम्बन्धमा राष्ट्रिय सूचना आयोगबाट भएको आदेश बमोजिम निकै प्रशंसनीय कार्य गरेको पाइएको छ ।
- राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनमा मुख्य भूमिकामा रहने सूचना अधिकारीलाई थप अग्रसर तथा उत्प्रेरित गराउन आवश्यक छ । उनीहरूलाई अनुसन्धानका काममा समेत खटाउनु जरुरी छ ।
- सूचना अधिकारीहरूलाई नै संस्थाको प्रवक्ताको जिम्मेवारी दिनु उपयुक्त हुन्छ । प्रवक्ता शब्दले सूचना अधिकारी भन्दा बढी महत्व, प्रतिष्ठा बोक्ने देखिन्छ ।
- सूचना अधिकारीहरूलाई पत्रकारिताका आधारभूत सीपको ज्ञान पनि दिनु आवश्यक देखिन्छ । उनीहरूले आम मानिसले सहजै बुझ्ने किसिमबाट तथ्य, विवरण र जानकारीहरू सहज र सरल किसिमबाट प्रस्तुतीकरण गर्न सक्ने हुन्छन् ।
- मन्त्रालयका सूचना अधिकारीलाई नै प्रवक्ताको जिम्मेवारी दिनु पर्दछ ।
- मन्त्रालय र विभागहरूबीच सूचना आदानप्रदान र सार्वजनिक गर्ने सम्बन्धमा अझ सहयोगात्मक सम्बन्ध विकास गर्ने सम्भावना छ ।



३.२१ सहकारी तथा गरिबी निवारण मन्त्रालय

नेपालमा गरिबी निवारण विकास योजनाको प्राथमिक सूचीको विषय भएको हुँदा विभिन्न निकायहरू मार्फत सञ्चालन भइरहेका गरिबी निवारणसम्बन्धी कार्यक्रमहरूबीच संयोजन र समन्वय कायम गर्न तथा सहकारी मार्फत गरिबी निवारण कार्यक्रमलाई परिचालन गरी ग्रामीण विकासमा महत्वपूर्ण भूमिका दिलाउने मूलभूत उद्देश्य प्राप्तिका लागि सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना भएको हो । केन्द्रदेखि जिल्ला तहसम्म सञ्जाल रहेको यो मन्त्रालय आमजनतासँग प्रत्यक्ष जोडिएको महत्वपूर्ण मन्त्रालय हो ।

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका निकायमा सूचना अधिकारी तोकिएको छ । सूचना अधिकारीको नाम र सबै विवरण कार्यालयमा टाँस गरिएको छ ।
- तीन तीन महिनामा सूचना सार्वजनिक गर्नुपर्नेमा मन्त्रालय र मातहतका निकायले निरन्तरता सूचना सार्बजनिक गरेको पाइयो ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गर्ने गरिएको छ ।
- मन्त्रालय र मातहतका निकायमा सूचनाको हक विषयलाई सन्तोषजनक रुपमा समावेश रहेको पाइयो ।
- राष्ट्रिय सूचना आयोगबाट भएका आदेशको पूर्ण रुपमा पालना भएको पाइयो ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचना अधिकारीहरूलाई उत्प्रेरित गरी उनीहरूलाई मूल्याङ्कनका आधारमा पुरस्कृत गर्नु पर्दछ ।
- आफ्नो निकायका सबै सूचनाहरूको अभिलेख राख्नका लागि सबै बैठक, कार्यक्रममा सूचना अधिकारीलाई आमन्त्रण गर्नु पर्दछ ।
- सूचना प्रवाहमा नवीन प्रविधिको प्रयोग गर्नु आवश्यक छ ।
- स्वतः सूचना सार्वजनिक गर्ने र आवधिक प्रतिवेदन समय एउटै मिलान गर्नु पर्दछ ।
- वेभसाइटमा एकरुपता कायम गर्नु पर्दछ ।
- सूचनाको हकका अभियन्ताहरूको सूची तयार गरी नियमित रुपमा सूचनाको हकको कार्यान्वयनको अवस्था अनुगमन गर्न लगाउनु पर्दछ ।
- सबै तहको पाठ्यक्रममा सूचनाको हकलाई समेटिनु पर्दछ ।
- सूचना अधिकारीको सेवा सुविधामा ध्यान दिनु पर्दछ ।



३.२२ सहरी विकास मन्त्रालय

नेपाल सरकारले सहरी विकास मन्त्रालयलाई फुटाएर सहरी विकास मन्त्रालय र खानेपानी तथा सरसफाइ मन्त्रालय गठन गरेको छ । यो मन्त्रालय मुख्यतः व्यवस्थित सहरी योजना निर्माण र सरकारी भवन तथा अन्य संरचना निर्माणको लागि जिम्मेवार प्राविधिक निकाय हो । मन्त्रालय मातहत निम्न केन्द्रीयस्तरका निकायहरूका साथै जिल्लास्तरीय कार्यालयहरूको सञ्जाल रहेको छ :

१. सहरी विकास तथा भवन निर्माण विभाग

२. काठमाडौं उपत्यका विकास प्राधिकरण

३. राष्ट्रिय आवास कम्पनी लि.

४. अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र

५. नयाँ सहर आयोजना

६. उदीयमान सहरहरूमा शासकीय तथा विकास आयोजना

७. अधिकारसम्पन्न वागमती समिति

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको ।
- स्वफूर्तरूपमा सूचना प्रकाशन गर्ने सम्बन्धमा अन्यौल देखियो । केहीले यस्तो प्रकाशन गरेका पनि छन् । तर केहीमा नियमित रुपमा सूचना प्रवाह भइरहेकोले स्वतः प्रकाशन आवश्यक नरहेको पनि बुझाइ छ ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गरिएको । तर शाखा, उपशाखा र तल्लो तहसम्म कार्यान्वयन हुन सकेको छैन ।
- तालिममा सूचनाको हक राख्ने विषयमा आंशिक कार्यान्वयन भइरहेको छ ।
- राष्ट्रिय सूचना आयोगको सूचना दिने सम्बन्धी आदेशको कार्यान्वयनको चरणमा रहेको छ ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- मन्त्रालय र केन्द्रीय तहका निकायमा सूचनाको हक कार्यान्वयनको अवस्था तुलनात्मक रुपमा राम्रो छ । तर, तल्लो तहमा सूचनाको हकको कार्यान्वयनमा सक्रियता र व्यवस्थाको आवश्यकता छ ।
- कुन सूचना दिन मिल्ने, कुन नमिल्ने हो त्यसको यकिन गरेर सूचना वर्गीकरण गरिदिए सूचना प्रवाह सरल हुन जाने देखिन्छ ।
- जसरी सूचनाको हक कार्यान्वयनमा बाधक हुने व्यक्तिलाई कार्वाही गर्ने प्रावधान छ, त्यसैगरी यसको कार्यान्वयनमा उल्लेख्य योगदान पुर्‍याउने सरकारी वा सरकार मातहत निकायका कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था गर्न सक्दा यसको कार्यान्वयनमा अरुलाई हौसला र प्रेरणा मिल्नेछ ।
- व्यक्तिगत लाभ हानीको कुत्सित उद्देश्य राखेर वा यसको दुरुपयोग गर्ने नियतले सूचनाको हकको उपयोग गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु सूचनाको हक कार्यान्वयनमा सकारात्मक पहलकदमी हुनेछ । यसका लागि सूचना प्रवाहको निवेदन दिँदा नै निवेदकको परिचय खुल्ने कागजात अनिवार्य रुपमा पेश

गर्ने व्यवस्था गर्न सकिन्छ ।

- सूचना प्रवाहको जिम्मेवारी वर्तमान प्रशासनिक व्यवस्था अन्तर्गत अलग्गै काम हो । सरकारी वा सरकार मातहतका निकायका अधिकारीले आफ्नो नियमित कामका अतिरिक्त सूचना अधिकारीका रुपमा यो थप काम पनि गर्नुपर्ने अवस्था छ । तसर्थ यसका लागि अलग्गै दरबन्दी सृजना गरी बजेट समेतको व्यवस्था गरिदिए सूचनाको हक कार्यान्वयनमा सहजता आउने छ ।
- मन्त्रालय र त्यस मातहतका निकायमा प्रवक्ता र सूचना अधिकारी दुई जनाको व्यवस्था भएको हुँदा त्यसबाट कार्य सम्पादनमा एक प्रकारको अन्यौल पनि सृजना भएको छ । त्यसैले सूचना अधिकारीलाई नै प्रवक्ताको पनि जिम्मेवारी तोकिदिए उपयुक्त हुने देखिन्छ ।
- सूचनाको हक कार्यान्वयनका लागि अनुगमनकारी निकायबाट निरन्तर निगरानीको खाँचो देखिएको छ ।
- सूचना अधिकारीलाई नयाँनयाँ तालिम तथा सूचना प्रवाहका तौर तरिकाबाट दक्ष बनाउन आवश्यक छ ।
- सूचना प्रवाहकर्तालाई सूचनाको हक कार्यान्वयनका लागि घच्घच्याइ रहनु पर्दछ, तर त्यो भन्दा पनि बढी आफ्ना सरोकारका सूचना माग्न आम नागरिक उत्प्रेरित गर्नु पर्ने आवश्यकता छ । आम नागरिकमा यसप्रतिको सचेतताको यति धेरै अभाव छ कि कतिपय मन्त्रालय र मातहतका निकायमा त सूचनाको माग नै भएको छैन वा भए पनि नगण्य मात्रै छ ।
- आगामी आरटीआई अडिटका लागि मन्त्रालय र त्यस मातहतका केन्द्रीय निकायहरूका लागि र त्यसभन्दा तल्ला निकायहरूका लागि छुट्टाछुट्टै मूल्याङ्कन चार्ट, सूचकाँक सहितको तालिका बनाउनु उपयोगी र उचित दुबै हुनेछ ।



३.२३ सामान्य प्रशासन मन्त्रालय

सामान्य प्रशासन मन्त्रालयको स्थापना २०३७ सालमा भएको र यसको संरचना केन्द्रमा मात्र रहेको छ । यस मन्त्रालयबाट प्रत्यक्ष रूपमा जनसम्पर्क र सेवाप्रवाह हुँदैन । सेवाग्राही मुख्यरूपमा निजामती सेवामा कार्यरत कर्मचारीहरू नै रहेका छन् । यस मन्त्रालयको क्षेत्रभित्र निम्न केन्द्रीय निकायहरू छन् :

१. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

२. कर्मचारी प्रशिक्षण प्रतिष्ठान विकास समिति

३. निजामती किताबखाना

४. निजामती अस्पताल

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका निकायमा सूचना अधिकारी तोकिएको छ, तर सबै सूचना अधिकारीहरूलाई अर्को शाखाको समेत जिम्मेवारी तोकिएको छ ।
- तीन तीन महिनामै स्वतः प्रकाशन नगरे पनि प्रकाशन सन्तोषजनक पाइयो । तीन तीन महिनामा प्रकाशन गर्दा अधिकांश सूचना दोहोरिने गरेको, तर नवीन सूचनाहरू वेभसाइटमा राख्ने गरिएको छ ।
- सामान्य प्रशासन मन्त्रालयको वेभसाइट पूर्णतः अद्यावधिक छ, र यसमा सबैजसो सूचना समावेश गरिएका छन् । निजामती अस्पतालले वेभसाइट बनाए पनि सबै सूचना अद्यावधिक गरिएको छैन ।
- सामान्य प्रशासन मन्त्रालयले सूचना मागको निवेदनलाई अलग दर्ता गरेको पाइएन । सबै निवेदनलाई एउटै किताबमा दर्ता र चलानी गर्ने गरेको पाइयो । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा अलग्गै दर्ता र चलानी किताब राखेको देखियो । सूचना माग गरेर आउने निवेदन नगन्य हुने भएकोले अलग्गै दर्ता र चलानी किताब राख्ने नगरेको सम्बन्धित अधिकारीहरूको भनाइ छ ।
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले सञ्चालन गर्ने तालिममा सूचनाको हक विषयलाई पाठ्यक्रममा समावेश गरिएको छ । प्रतिष्ठानबाट तालिम लिनेहरूले सूचनाको हक र सूचना प्रवाह बारे प्रशिक्षण प्राप्त गर्ने गरेका छन् ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- मन्त्रालयले आफू र मातहतका सबै निकायमा सूचना माग भएको र माग भएअनुसार सूचना प्रवाह गरिएको दर्ता र चलानी किताब अलग्गै राख्न लगाउनु पर्ने,
- मौखिक रुपमा माग भएका सूचनाको अभिलेख राख्नु पर्ने, सञ्चारकर्मीले समाचार लेख्ने प्रयोजनका लागि मौखिक रुपमा मागेका संक्षिप्त सूचनामध्ये महत्वपूर्ण सूचनाको पनि अभिलेख राख्ने,
- प्रवाह भएका सूचनाहरूको किसिम वर्गीकरण गर्ने जसबाट कुन किसिमको सूचना बढी माग भयो र प्रवाह भयो भन्ने विश्लेषण गर्न सकियोस् ।
- सबै सूचना अधिकारीका लागि सूचनाको हक र सूचना प्रवाहको प्रक्रियाका बारेमा वार्षिक रुपमा विज्ञहरूबाट प्रशिक्षण दिलाउने ।

- मन्त्रालय र मातहतका सबै निकायको सूचना समयमै सूचना अधिकारीसम्म पुग्ने प्रणाली विकास गर्ने ।
- कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनमा सूचना अधिकारीको जिम्मेवारी पनि समावेश गर्ने ।



३.२४ सिँचाइ मन्त्रालय

नेपाल अद्यापि कृषि प्रधान देश हो, तर खेतीपातीका लागि अधिकांश किसान आकाशेपानीमा निर्भर रहनु पर्दछ । यो अवस्थामा किसानका खेतखेतमा सिँचाइ सुविधा पु-याउने जिम्मेवारी सिँचाइ मन्त्रालयको काँधमा छ । त्यहीकारण यो मन्त्रालय आमजनताको सर्वाधिक चासोको क्षेत्र हो । सिँचाइ मन्त्रालय मातहत देहायका निकायहरू छन् :

१. सिँचाइ विभाग

२. जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग

३. भूमिगत जलस्रोत विकास समिति

४. जलस्रोत अनुसन्धान तथा विकास केन्द्र ।

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको ।
- स्वतः प्रकाशनको कार्य भइरहेको ।
- सूचना मागको निवेदन अलग्गै रजिष्टरमा दर्ता गर्ने र फाइल खडा गर्ने कार्यप्रति प्रतिबद्धता व्यक्त भएको ।
- मन्त्रालय र मातहतका निकायले सञ्चालन गर्ने तालिममा सूचनाको हक विषयलाई समावेश गर्ने गरी राष्ट्रिय सूचना आयोगले दिएको आदेशलाई कार्यान्वयन गर्न प्रतिबद्ध रहेको ।
- राष्ट्रिय सूचना आयोगबाट सूचना दिनू भनी गरेका आदेशहरूको कार्यान्वयन भएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- मन्त्रालय मातहतका निकायहरूसम्म समन्वय गर्नुपर्ने ।
- राष्ट्रिय सूचना आयोगबाट प्राप्त निर्देशन बमोजिमका प्रतिबद्धताहरूको छिटोभन्दा छिटो कार्यान्वयन गर्नुपर्ने ।



३.२५ सूचना तथा सञ्चार मन्त्रालय

सूचना र सञ्चार क्षेत्रको समग्र नीति निर्माण र नियमनकारी निकायको रूपमा सूचना तथा सञ्चार मन्त्रालयको स्थापना भएको हो । यो मन्त्रालयको कार्यक्षेत्र व्यापक र गाउँ तहसम्म फैलिएको छ । आमसञ्चार माध्यमदेखि टेलिकम र हुलाकको सञ्जालले यस मन्त्रालयको प्रभाव जनजनमा पुगेको मान्न सकिन्छ । मन्त्रालयकोसम्पर्कमा रहेका आयोग, समिति र बोर्डहरू तथा मातहत विभागहरू, संस्थानहरू तथा कम्पनीहरूका साथै क्षेत्रीय हुलाक र जिल्ला हुलाक कार्यालयहरू छन् । यस मन्त्रालयको सम्पर्क र मातहतमा रहेका केन्द्रस्तरका निकायहरू निम्न बमोजिम छन् :

१. राष्ट्रिय सूचना आयोग
२. प्रेस काउन्सिल नेपाल
३. नेपाल दूरसञ्चार प्राधिकरण
४. राष्ट्रिय समाचार समिति
५. हुलाक सेवा विभाग
६. मुद्रण विभाग
७. सूचना विभाग
८. नेपाल टेलिकम
९. रेडियो प्रसार विकास समिति (रेडियो नेपाल)
१०. नेपाल टेलिभिजन
११. गोरखापत्र संस्थान
१२. न्यूनतम पारिश्रमिक निर्धारण समिति
१३. चलचित्र विकास बोर्ड

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका केन्द्रीय निकायहरूमा सूचना अधिकारी तोकिएको ।
- वेभसाइटमा सूचना सामग्रीहरू राख्नु पर्दछ भन्ने भावना मन्त्रालयका पदाधिकारीहरूमा रहेको, तर नियमित रुपमा अपलोड हुन नसकेको ।
- मन्त्रालय र मातहतका सूचना अधिकारीहरूलाई सूचनाको हकसम्बन्धी तालिम दिइएको । तालिममा ख्याती कमाएको संस्था नेपाल प्रेस इन्स्टिच्यूटसँग मिलेर काम गरेको देखियो । मन्त्रालय मातहतका निकायहरू सूचना विभाग, नेपाल टेलिभिजन, गोरखापत्रले सूचनाको हकसम्बन्धी विशेष सामग्री प्रस्तुत गरेको पाइयो ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गर्ने गरिएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचना तथा सञ्चार मन्त्रालय सूचनाको हकसम्बन्धी मामिलामा सजग र धेरै हदसम्म जानकार देखियो ।
- मन्त्रालयको तर्फबाट मातहतका निकायलाई बिहान, दिउँसो र बेलुका आफ्नो वेभसाइट अनिवार्य चेक गर्नु भनी निर्देशन दिएको देखियो ।
- बेलाबेलामा हुने कर्मचारी बैठकमा पनि सूचनाको हक कानूनले तय गरेका पूर्वाधारहरूको निर्माण र कार्यान्वयन अवस्थाका बारेमा छलफल हुने गरेको देखियो ।
- कानूनको जानकारी र कार्यान्वयन अवस्था कर्मकाण्डी हुनबाट जोगाउन मन्त्रालय र राष्ट्रिय सूचना आयोगले सार्वजनिक सूचना जनताको नासो हो, यो उनीहरूले माग्नासाथ दिनु पर्दछ भन्ने भावना विकास गर्न सैद्धान्तिक र व्यवहारिक तालिम, कार्यशाला र छलफल गर्नु जरुरी छ ।
- मन्त्रालय र मातहतका सूचना अधिकारीहरूलाई तपाइँलाई सूचना दिन सबैभन्दा असजिलो पक्ष के हो भनेर प्रश्न गर्दा सूचना माग्नासाथ दिन सकिने फर्म्याट नहुनु भनेको हुँदा राष्ट्रिय सूचना आयोगले सूचना राख्ने फर्म्याट निर्माणमा मन्त्रालय र मातहतका निकायलाई सहयोग गर्नु वाञ्छनीय देखिन्छ ।
- सूचना माग गर्नेहरूको नियतले कहिलेकाहिँ आफूहरूलाई हैरानी खेलाएको भन्ने कतिपय अधिकारीको भनाइ थियो । तर मागकर्ताको नियतमा प्रश्न गरेर सूचना दिन्न भन्न नपाइने भएकाले यसअघि समावेश नभएको भए आगामी दिनमा हुने तालिम कार्यशालामा यस्ता विषय पनि समावेश गर्नु उपयुक्त देखिन्छ ।
- सूचना अधिकारीहरू कुनै सूचना दिन आफूभन्दा माथिल्लो पदाधिकारीको स्वीकृत संकेत पर्खनु पर्ने व्यवहारिक समस्यामा हुँदा रहेछन् । राष्ट्रिय सूचना आयोगले उनीहरूको आत्मविश्वास बढाउन, सूचनाको हकसम्बन्धी कानून, नियम, निर्देशिका र अन्तर्राष्ट्रिय असल अभ्यासहरूमा मात्रै आधारित भएर सूचना अधिकारीका लागि परीक्षा सञ्चालन गर्नु उपयुक्त हुन सक्दछ ।
- आरटीआई अडिट गर्न बनाइएको फारामका बारेमा प्राप्त सुझावहरूमध्ये कामको प्रकृति अनुसार मन्त्रालय र मातहत कार्यालयका लागि फरक फरक बनाउनु उपयुक्त हुने भन्ने सुझाव उपयुक्त देखिन्छ ।
- पारदर्शी र उत्तरदायी शासन प्रणालीका लागि हो सूचनाको हक । तर मन्त्रालय, विभागका कतिपय निर्णय प्रक्रियामै अपारदर्शी खेल हुने भएकाले कतिपय अवस्थामा अन्तिम नतिजा मात्रै माग गर्दा

ऐनको यो उद्देश्य पूरा हुन नसक्ने हुनाले निर्णय प्रक्रिया र पद्धतिका बारेमा पनि राष्ट्रिय सूचना आयोगले बहस सञ्चालन गर्नु उपयुक्त हुने देखिन्छ ।

- आरटीआई अडिटमा उत्कृष्ट हुने मन्त्रालय वा मातहतका निकायहरूलाई पुरस्कृत गरेर त्यसको व्यापक प्रचार प्रसार गर्दा अरुलाई पनि राम्रो काममा आकर्षित गर्न सक्ने सम्भावना हुन्छ ।



३.२६ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय आमजनतासँग व्यापक रूपमा संलग्न मन्त्रालय हो । स्थानीय सुशासनको संस्थागत विकास गर्ने, स्थानीय सेवा प्रवाहमा सुधार गर्ने र दिगो तथा गुणस्तरीय आर्थिक सामाजिक तथा स्थानीय पूर्वाधार विकास गर्ने यस मन्त्रालयको प्रमुख उद्देश्य रहेको छ । यस मन्त्रालय मातहतका केन्द्रस्तरका निकायहरू निम्न बमोजिम छन् :

१. स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग

२. केन्द्रीय पञ्जीकरण विभाग

३. स्थानीय निकाय वित्तीय आयोग

४. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान

५. दुर्गम क्षेत्र विकास समिति

६. राष्ट्रिय दलित आयोग

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको । मन्त्रालय र मातहतका केन्द्रीय निकायमा सूचना अधिकारी तोक्ने र देखिने गरी नाम राख्ने गरिएको छ । तर, प्रमुख जिम्मेवार पदाधिकारी पछिको दोस्रो जिम्मेवार अधिकारी नै सूचना अधिकारी राख्न भने अझै हिच्किचाहट छ ।
- स्वःस्फूर्त प्रकाशन गर्ने सम्बन्धी पद्धति विकास भएको छैन । अस्पष्टता र अन्यौल कायमै छ ।

- छुट्टै दर्ता किताब र अभिलेख राखिएको छ, तर मातहतका निकायमा यो प्रणाली बसिसकेको छैन, र निकायगत एकीकृत तथ्याङ्क छैन ।
- सूचनाको हक विषयलाई समेटेर तालिम व्यवस्थित गर्न सकेको पाइएन । विगतमा सबै जिविस र नगरपालिकामा तालिम गर्न एकपटक विशेष बजेट पठाएको पाइयो, तर त्यसलाई नियमित गर्न सकेको देखिन्न ।
- राष्ट्रिय सूचना आयोगले सूचना दिनू भनी गरेका आदेशको संख्या कम रहेको पाइयो । तर दिएका आदेशको कार्यान्वयन भएको देखियो । आदेश अनुसार सूचना दिइएको छ ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- मन्त्रालय र सम्पर्क निकायका रुपमा रहेका निकायहरूमा सूचना अधिकारीहरूबीच थप समन्वय र सहकार्यको आवश्यकता देखियो ।
- मन्त्रालयमा सूचना व्यवस्थापन र सूचना प्रवाहका लागि अवलम्बन गरिएको पद्धति विभागहरू र अन्य निकायमा समेत विस्तार हुनु जरुरी छ ।
- मन्त्रालयको सूचना तथा सञ्चार रणनीति तर्जुमा हुन सकेमा त्यसले मातहत र स्थानीय तथा प्रादेशिक सरकारहरूमा पनि दिशाबोध हुन सक्दछ ।
- आरटीआई बजेटको पद्धति अवलम्बन हुनु पर्दछ, ताकि सूचना व्यवस्थापन, अभिलेख सुधार तथा प्रशिक्षणमूलक गतिविधिलाई नियमित गर्न सकियोस् ।
- महिनाको एक पटक मन्त्रालय र मातहतका निकायमा प्रवक्ता एवं सूचना अधिकारीहरूको समन्वयात्मक बैठक बस्नु आवश्यक छ ।
- उजुरी सुन्ने र सम्बोधन गर्ने तथा जनताका सुझाव, मत जुटाउने तथा अनुगमन प्रणालीमा समेत सूचना प्रविधिको माध्यमलाई बढाउँदै लैजानु पर्ने तथा मन्त्रालयका अधिकतम दस्तावेज र सूचनाहरू वेभसाइट मार्फत नै सार्वजनिक गराउने पद्धतिलाई अझ थप सुदृढ बनाउँदै लैजानु पर्ने देखियो ।
- स्थानीय विकास मन्त्रालयले सुरु गरेको स्थानीय तहदेखि नै राजश्व व्यवस्थापन सूचना प्रणाली तथा विद्युतीय हस्ताक्षर प्रणाली अनुकरणीय छन् । यी व्यवस्थालाई स्थानीय सरकारसम्म अनिवार्य गर्नु पर्दछ ।
- राष्ट्रिय सूचना आयोगले स्थानीय सरकारका लागि जारी गरेको पांच बुँदे आदेशलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, गराउन मन्त्रालयले सहजकर्ताको भूमिका खेल्नु पर्दछ ।
- स्वत: सार्वजनिकीकरण पद्धतिलाई व्यवस्थित रुपमा गरिनु पर्दछ, यो कार्य सुचारु रहनु पर्दछ ।



३.२७ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

मुलुकको विविधतापूर्ण संस्कृति, बलियो आर्थिक आधार रहेको पर्यटन र हवाई सेवा क्षेत्रको समग्र व्यवस्थापन गर्ने महत्वपूर्ण जिम्मेवारी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय रहेको छ। यो मन्त्रालय मातहत निम्न केन्द्रीय निकायहरूका साथै अन्य दर्जनौं केन्द्रीय निकायहरू रहेका छन् :

१. पर्यटन विभाग
२. पुरातत्व विभाग
३. नेपाल नागरिक उड्डयन प्राधिकरण
४. पशुपति क्षेत्र विकास कोष
५. नेपाल पर्यटन बोर्ड
६. पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान
७. नेपाल वायुसेवा निगम
८. नारायणहिटी दरबार संग्रहालय
९. प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालय
१०. संगीत नाट्य प्रतिष्ठान
११. नेपाल प्रज्ञा प्रतिष्ठान
१२. नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको ।
- स्वस्फूर्त सूचना प्रकाशन प्रभावकारी छैन ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गर्ने र छुट्टै फाइल खडागर्ने गरिएको ।
- मन्त्रालय र मातहतका निकायले सञ्चालन गर्ने तालिममा सूचनाको हक समावेश गर्न राष्ट्रिय सूचना आयोगले दिएको निर्देशन कार्यान्वयन भइरहेको ।
- राष्ट्रिय सूचना आयोगबाट विभिन्न समयमा सूचना दिनु भनी जारी गरेका आदेशको कार्यान्वयन भइरहेको छ ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचनाको हकलाई सरकारी कार्यालयहरूले अतिरिक्त भारको रुपमा हेरेका छन् । यो प्रवृत्तिको अन्त्य हुनु पर्दछ ।
- कम्तिमा पनि मन्त्रालयहरूले सूचनाको हक सम्बन्धी कामलाई दैनिक प्रशासनिक काम भन्दा अलग राख्नु पर्दछ ।
- मन्त्रालयहरूमा अलग्गै सूचना डेस्क राख्नु पर्दछ ।
- सूचना संकलन, भण्डारण, प्रवाहजस्ता काम गर्ने कर्मचारीलाई आवधिक तालिमको व्यवस्था हुनु पर्दछ ।

- सूचनाको महत्व स्थापित भै नसकेको अहिलेको अवस्थामा सूचना अभिचेतना बढाउने कार्य गर्नु पर्दछ ।
- मन्त्रालय, विभाग वा संस्थानहरूको तहमा हरेक महिनाको अन्त्यमा पत्रकार तथा सूचनाको हकसँग सरोकार राख्ने व्यक्तिहरूसँग छलफल कार्यक्रम राख्नु उचित हुन्छ ।
- पर्यटन, नागरिक उड्डयन, वायुसेवासँग सम्बन्धित सूचनाहरूको प्रवाह संकुचित राखिनु हुन्न ।
- श्रम क्षेत्रमा सूचनाको माग र उपभोग सबैभन्दा बढी छ । तर, सूचनाहरू संगठित र व्यापक छैनन् । यो अवस्थामा तत्काल सुधार ल्याउनु पर्दछ ।
- सूचनाको वर्गीकरण हुन सकेको देखिदैन । वर्गीकरणको नीतिमा स्पष्टता आवश्यक छ ।
- राष्ट्रिय सूचना आयोगको भूमिका प्रादेशिक हिसाबमा विस्तारित हुनु पर्दछ ।



३.२८ स्वास्थ्य मन्त्रालय

नेपालको समग्र स्वास्थ्य क्षेत्रको सुधारमा महत्वपूर्ण नेतृत्वदायी भूमिका निर्वाह गर्ने जिम्मेवारी रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय केन्द्रदेखि जिल्ला र गाउँतहसम्म फैलिएको छ । यो मन्त्रालय र मातहतका निकायहरूको सूची निकै लामो छ । मुख्यतः केन्द्रीयस्तरका विभागहरू, क्षेत्रीयस्तरका निकायहरू, केन्द्रीय अस्पतालहरू, क्षेत्र र अञ्चल स्तरीय निकायहरू, जिल्लास्तरीय कार्यालयहरू, सम्पर्क आयोगहरू, समिति र परिषद्हरू, प्रतिष्ठानहरू तथा अन्य परिषद्हरू यस मन्त्रालयमा छन् ।

मन्त्रालय मातहतका केन्द्रस्तरका मुख्य निकायहरू निम्न बमोजिम छन् :

१. औषधि व्यवस्था विभाग

२. स्वास्थ्य सेवा विभाग

३. आयुर्वेद विभाग

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र अन्तर्गतका विभागहरूमा सूचना अधिकारी तोकिएको ।

- सम्पूर्ण निकायहरूबाट स्वस्फूर्त रूपमा सूचना प्रकाशन गर्ने सन्दर्भमा सकारात्मक कदम चालिएको, तर स्वास्थ्य सेवा विभाग र आयुर्वेद विभागले आफ्ना वेभसाइटहरू अद्यावधिक गर्नेतर्फ कार्य गर्नुपर्ने देखिएको । आम जनतालाई सुसूचित गराउने गरी सूचना प्रवाहका लागि पत्रकार सम्मेलन जस्ता कार्यक्रमहरू आयोजना गर्नु पर्ने आवश्यकता रहेको ।
- सूचना मागको छुट्टै दर्ता गर्ने गरेको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- मन्त्रालय र मातहतका निकायहरूले सूचनाको हकसम्बन्धमा राष्ट्रिय सूचना आयोगबाट भएको आदेश बमोजिम प्रशंसनीय कार्य गरेको पाइएको छ ।
- राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनमा मुख्य भूमिकामा रहने सूचना अधिकारीलाई थप अग्रसर तथा उत्प्रेरित गराउन आवश्यक छ । उनीहरूलाई अनुसन्धानका काममा समेत खटाउनु जरुरी छ ।
- सूचना अधिकारीहरूलाई नै संस्थाको प्रवक्ताको जिम्मेवारी दिनु उपयुक्त हुन्छ । प्रवक्ता शब्दले सूचना अधिकारी भन्दा बढी महत्व, प्रतिष्ठा बोक्ने देखिन्छ ।
- सूचना अधिकारीहरूलाई पत्रकारिताका आधारभूत सीपको ज्ञान पनि दिनु आवश्यक देखिन्छ । उनीहरूले आम मानिसले सहजै बुझ्ने किसिमबाट तथ्य, विवरण र जानकारीहरू सहज र सरल किसिमबाट प्रस्तुतीकरण गर्न सक्ने हुन्छन् ।
- मन्त्रालयका सूचना अधिकारीलाई नै प्रवक्ताको जिम्मेवारी दिनु पर्दछ ।
- मन्त्रालय र विभागहरूबीच सूचना आदानप्रदान र सार्वजनिक गर्ने सम्बन्धमा अझ सहयोगात्मक सम्बन्ध विकास गर्ने सम्भावना छ ।
- राष्ट्रिय सूचना आयोगले प्रश्नावलीमा सुधार र अद्यावधिक गर्नु आवश्यक देखिन्छ ।



३.२९ शान्ति तथा पुनर्निर्माण मन्त्रालय

दश वर्षभन्दा लामो सशस्त्र द्वन्द्व सामना गरेको नेपालको द्वन्द्वोत्तर शान्ति र निर्माणका कार्यलाई उच्च प्राथमिकता दिने गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालय गठन भएको हो । शान्ति स्थापना, द्वन्द्व व्यवस्थापन तथा विकास र द्वन्द्वबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माणका लागि तत्कालीन र दीर्घकालीन नीति, रणनीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, द्वन्द्वपीडित क्षेत्रको सामाजिक तथा आर्थिक विकासको नीति, रणनीति र कार्यक्रम तर्जुमा, तत्कालीन माओवादी लडाकाहरूको व्यवस्थापन, द्वन्द्वपीडितको लागि राहत र पुनर्स्थापना गर्ने लगायतका विविध कार्यको जिम्मेवारी यो मन्त्रालयको हो । मन्त्रालय मातहत निम्न केन्द्रीय निकायहरू रहेका छन् :

१. राहत तथा पुनर्स्थापना इकाइ

२. द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजना

३. शान्ति कोष सचिवालय

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका निकायमा सूचना अधिकारी तोकिएको ।
- तीन तीन महिनामा मन्त्रालय र मातहतका निकायले वेभसाइट मार्फत प्रतिवेदन मार्फत स्वतः प्रकाशन गर्ने गरेको ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गरिएको ।
- राष्ट्रिय सूचना आयोगको आदेश अनुसार यस मन्त्रालय र अन्तर्गतका निकायहरूले विभिन्न समयमा तालिम, सेमिनार सञ्चालन गरिएको ।
- राष्ट्रिय सूचना आयोगबाट माग भई आएको सूचना समयमै उपलब्ध गराएको र सूचना दिनु भनी आएको आदेशको पूर्ण पालना गरिएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- मन्त्रालयका उच्च व्यवस्थापकहरूलाई सूचनाको हक कार्यान्वयनलाई आत्मसात् गर्ने गरी प्रभावकारी कार्यक्रम राष्ट्रिय सूचना आयोगबाट सञ्चालन हुनु पर्ने ।
- मन्त्रालयमा सूचनाको हकसम्बन्धी कार्यक्रम सञ्चालन गर्नका लागि प्रत्येक निकायबाट वार्षिक कार्यक्रम तर्जुमा हुँदा नै रकम विनियोजन गर्ने गरी राष्ट्रिय सूचना आयोगबाट सबै निकायहरूलाई निर्देशन दिनु पर्ने ।
- सबै सरकारी तथा गैर सरकारी निकायबाट प्रदान गरिने तालिममा सूचनाको हकसम्बन्धी विषय समावेश गर्न राष्ट्रिय सूचना आयोगले पहल गर्नु पर्ने
- विभिन्न मन्त्रालयबीच डिजिटल नेटवर्किङ स्थापना गर्न सबै मन्त्रालयले वेभसाइटमा Master Linkराख्न उपयुक्त हुने ।
- सहायक सूचना अधिकारीलाई पनि सूचनाको हकका बारेमा सूचना अधिकारी सरह प्रशिक्षित गर्नु पर्ने ।
- सूचना अधिकारीको कार्यकक्ष सकेसम्म पहिलो तलामा वा देखिने स्थानमा राख्नु पर्ने ।

- मन्त्रालयका वेभसाइटमा आवश्यकता अनुसार मिडियाका वेभ साइट लिंक राख्न पहल गर्ने, गराउने ।



३.३० शिक्षा मन्त्रालय

आमजनतासँग प्रत्यक्ष र परोक्ष व्यापक सम्बन्ध रहेको शिक्षा मन्त्रालयको दूरदृष्टि नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको, बजारको मागलाई सम्बोधन गर्न सक्ने दक्ष एवं उत्पादनशील जनशक्ति विकासका लागि सबै तहमा गुणस्तरीय शिक्षाको समतामूलक पहुँच सुनिश्चित गर्ने रहेको छ । केन्द्रदेखि देशका कुनाकाप्चामा प्रत्यक्ष र व्यापक सञ्जाल रहेको र राष्ट्रिय बजेटको ठूलो हिस्सा खर्च गर्ने यो मन्त्रालयसँग सूचना माग गर्नेहरूको संख्या ठूलो हुन सक्छ । यस मन्त्रालय मातहतका केन्द्रीय निकायहरू निम्न बमोजिम छन् :

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटीइभिटी)

२. उच्च माध्यमिक शिक्षा परिषद्

३. शिक्षा विभाग

४. शैक्षिक जनशक्ति विकास केन्द्र

५. परीक्षा नियन्त्रण कार्यालय

६. पाठ्यक्रम विकास केन्द्र

७. अनौपचारिक शिक्षा केन्द्र

८. विद्यालय शिक्षक किताबखाना

९. शैक्षिक गुणस्तर परीक्षण केन्द्र

१०. शिक्षाका लागि खाद्य कार्यक्रम

११. व्यावसायिक तालिम योजना

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालयमा सूचना अधिकारी तोकिएको ।
- स्वतः प्रकाशन नियमित रूपमा हुने गरेको ।

- सूचना मागसम्बन्धी छुट्टै रजिष्टर र फाइल खडा गरिएको ।
- तालिम, प्रशिक्षणमा सूचनाको हकसम्बन्धी कक्षा सञ्चालन गर्ने गरिएको ।
- राष्ट्रिय सूचना आयोगबाट सूचना दिनू भनी भएका आदेशको कार्यान्वयन भइरहेको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचनाको हकको व्यवस्थित किसिमबाट प्रचलन गराउन मन्त्रालयले मातहतका निकायसँग तालमेल मिलाउनु आवश्यक देखिन्छ ।
- मन्त्रालय र मातहतका निकायबाट सञ्चालन हुने तालिमहरूमा सूचनाको हकलाई अनिवार्य रुपमा समावेश गर्नेतर्फ ध्यान दिनु आवश्यक छ ।
- पाठ्यपुस्तकहरूमा सूचनाको हक सम्बन्धी विषयलाई क्रमशः विस्तार गर्दै लैजानु पर्दछ ।



३.३१ श्रम तथा रोजगार मन्त्रालय

श्रम र रोजगारको विषय व्यापक हुँदै गएकोले पनि श्रम तथा रोजगार मन्त्रालयको स्थापना भएको हो । नेपालको श्रम बजारका जटिलताको सम्बोधनका साथै आमजनता, उद्योग व्यवसाय र सामाजिक पक्षसँग प्रत्यक्ष सरोकार राख्ने भएकोले यस मन्त्रालयबाट सूचनाको निरन्तर, भरपर्दो प्रवाहको महत्व उच्च छ । यस मन्त्रालयले श्रम तथा रोजगार सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने, श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने, श्रमिक र व्यवस्थापक बीचको सम्बन्ध, रोजगार सेवा तथा श्रमिक आपूर्ति, वैदेशिक रोजगार, व्यावसायिक तालिमको सञ्चालन, समन्वय र प्रबर्द्धन, महिला, अपाङ्ग तथा बँधुवा मजदुरको सीप र तालिम, ट्रेड यूनियन, श्रमिकहरूको सामाजिक सुरक्षा, विदेशीहरूका लागि श्रम स्वीकृति, श्रम प्रशासन तथा व्यवस्थापन, श्रमिकहरूलाई उपलब्ध गराइने बोनस, र रोजगारी सिर्जना सम्बन्धी कार्यमा समन्वय गर्ने गर्दछ ।श्रम तथा रोजगार मन्त्रालय मातहत निम्न बमोजिमका केन्द्रीयस्तरका निकायहरूका साथै केही विभाग मातहत क्षेत्रीय तथा अञ्चल स्तरीय कार्यालयहरू छन् :

१. श्रम विभाग

२. वैदेशिक रोजगार विभाग

३. सामाजिक सुरक्षा कोष

४. व्यावसायिक सीप विकास तथा तालिम केन्द्र

५. वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालयमा सूचना अधिकारी तोकिएको ।
- तीन तीन महिनामा स्वतः सूचना सार्वजनिक नगरिएको ।
- सूचना मागको छुट्टै रजिष्टर खडा गरेको ।
- मन्त्रालय र मातहतका निकायले सञ्चालन गर्ने तालिममा सूचनाको हक विषय समावेश गर्न राष्ट्रिय सूचना आयोगले दिएको आदेशको कार्यान्वयन भइरहेको ।
- राष्ट्रिय सूचना आयोगले सूचना दिनू भनी गरेको आदेशको कार्यान्वयन भएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचनाको हकलाई सरकारी कार्यालयहरूले अतिरिक्त भारका रुपमा हेरेका छन् । यो प्रवृत्तिको अन्त्य हुनु पर्दछ ।
- कम्तिमा पनि मन्त्रालयहरूले सूचनाको हकसम्बन्धी कामलाई दैनिक प्रशासनिक कामभन्दा अलग राख्नु पर्दछ ।
- सूचना सम्बन्धी काम गर्ने कर्मचारीलाई आवधिक तालिम दिनु पर्दछ ।
- मन्त्रालयहरूमा बेग्लै सूचना डेस्क हुनु पर्दछ ।
- सूचनाको महत्व स्थापित नभइसकेको अहिलेको अवस्थामा सूचना अभिचेतना बढाउने कम हुनु पर्दछ ।
- मन्त्रालय, विभाग वा संस्थानको तहमा हरेक महिनाको अन्त्यमा पत्रकार तथा सूचनाको हकसँग सम्बन्धित व्यक्तिहरूसँग छलफल कार्यक्रम राख्नु उचित हुन्छ ।
- पर्यटन, नागरिक उड्डयन, वायुसेवासँग सम्बन्धित सूचनाहरूको प्रवाह संकुचित राखिनु हुन्न ।
- श्रम क्षेत्रमा सूचनाको माग र उपभोग सबैभन्दा बढी छ । तर, सूचनाहरू संगठित र व्यापक छैनन् । यो अवस्थामा तत्काल सुधार ल्याउनु पर्दछ ।
- सूचनाको वर्गीकरण हुन सकेको देखिदैन । वर्गीकरणको नीतिमा स्पष्टता आवश्यक छ ।
- राष्ट्रिय सूचना आयोगको भूमिका प्रादेशिक हिसाबमा विस्तारित हुनु पर्दछ ।



अध्याय ४ : सर्वेक्षकको निष्कर्ष

४.१ सूचना अधिकारीको व्यवस्था

सूचना अधिकारी को हुन् र उनलाई कसरी भेट्ने भन्ने समस्या सूचना माग्न जाने व्यक्तिमा पर्दछ। सूचना अधिकारी मन्त्रालयहरूले राखेका छन् र मन्त्रालयहरूको यो सर्वेक्षणबाट सूचना अधिकारीको नाम देखिने गरी बोर्ड राख्ने गरिएको पनि पाइएको छ। त्यसैगरी सूचना अधिकारी नै पनि नराख्ने गरिदा झनै गाह्रो हुने गरेको पनि गुनासो आउने गर्दथ्यो। अध्ययनमा सबै मन्त्रालयमा सूचना अधिकारीको व्यवस्था गरिएको अध्ययनले देखाएको छ। मन्त्रालयका सूचना अधिकारीहरूले सीमित स्रोत साधन र जिम्मेवारीका बाबजूद माग गरिएका सूचना उपलब्ध गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। अध्ययनका क्रममा सबै मन्त्रालयमा सूचना अधिकारीको व्यवस्था गरिएको छ।

४.२ स्वतः प्रकाशन

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ मा सार्वजनिक निकायहरूले आ-आफ्नो निकायसँग सम्बन्धित सूचना हरेक तीन महिनामा अर्थात् वर्षको चार पटक सार्वजनिक गर्नुपर्ने प्रावधान छ। तर यसरी पूर्णरुपले नै स्वतस्फुर्त रुपमा सूचना आफै सार्वजनिक गर्ने गरेकोअवस्था पाइँदैन। अध्ययनमा समेटिएका ३१ वटा मन्त्रालयमध्ये पनि आंशिक रुपमा सूचना सार्वजनिक गर्ने मन्त्रालयको संख्या १५ र नियमित रूपमा सूचना प्रकाशन गर्ने मन्त्रालयको संख्या १६ रहेको छ। खासगरी, मन्त्रालयहरूले चौमासिक प्रगति विवरण अर्थात् वर्षको तीन पटक सार्वजनिक गर्न रुचि देखाएको अध्ययनले देखाएको छ।

४.३ सूचना मागको दर्ता किताब

कुनै पनि सेवाग्राहीले माग गरेको सूचनाको निवेदन अनिवार्य रूपमा दर्ता गर्नुपर्ने र त्यसका लागि अलग दर्ता किताब खडा गर्नुपर्ने प्रावधानका बारेमा राष्ट्रिय सूचना आयोगले पनि बारम्बार भन्ने गरेको छ। यस्तो व्यवस्था गर्नाले नेपालमा यो कानूनको कार्यान्वयनको अवस्था पत्ता लगाउन, समस्याको पहिचान गर्न र कार्यान्वयनका लागि थप पहल गर्न सजिलो पर्दछ। तर, कतिपय मन्त्रालय वा विभागले यस्तो किताब नराख्ने गरेको पनि गुनासो सुन्ने गरेको पाइन्छ। यस सर्वेक्षणका मन्त्रालयहरूमा एउटा मन्त्रालय (महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय) ले दर्ता किताब खडा नगरेको, १२ वटा मन्त्रालयले निवेदनहरूलाई अलग दर्ता गर्ने गरेको र १८ वटा मन्त्रालयले छुट्टै दर्ता किताब खडा गरेको देखाएको छ।

४.४ सूचना माग र प्रवाहको तथ्याङ्क संग्रह

सूचनाको हकको कार्यान्वयनमा कुनै पनि कार्यालय, विभाग वा मन्त्रालयमा रहेका सूचना एवं जानकारीको संग्रह र त्यसको सहज प्रवाह महत्वपूर्ण पक्ष हो । कार्यालयका प्रमुख एवं सूचना अधिकारीहरूको सक्रियताले मात्र सूचनामा आमजनताको सहज पहुँच प्राप्त हुन सक्दछ, र सूचना मागकर्ताले पनि सहजता महसुस गर्न सक्छन् । सर्वेक्षणमा सूचना अधिकारी वा शाखा, महाशाखाले मन्त्रालय र मातहत सूचनाको हकको क्षेत्रमा भैरहेका गतिविधिलाई एकीकृत गर्ने, निर्देशन गर्ने, मन्त्रालय र मातहत निकायमा परेको सूचना माग र प्रवाहको तथ्याङ्क राख्ने पहल आरम्भ गरे,नगरेको अध्ययन गर्ने जमर्को गरेको थियो । सर्वेक्षणका क्रममा सूचना माग र प्रवाहको तथ्याङ्क राख्नेतर्फ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले कुनै पहल नगरेको देखाएको छ, आंशिक प्रतिबद्धता व्यक्त गर्ने मन्त्रालयको संख्या ८ तथा पूर्ण प्रतिबद्धता दर्शाउने मन्त्रालयको संख्या २२ रहेको छ ।

४.५ सूचना सम्बन्धी सन्देशमूलक जानकारीको व्यवस्था

सूचना अधिकारी र सूचना प्राप्त हुने तरिका बारे जानकारीहरू मन्त्रालय तथा मातहतका केन्द्रीय निकायहरूमा गरिए पनि ती कहाँ, कहिले र कसरी भेटिन्छन् वा पाइन्छन् भन्ने प्रश्न मुख्य हो । मन्त्रालय र मातहतका निकायहरूमा सूचना अधिकारीको बोर्ड स्पष्ट देखिने ठाउँमा राखिनु आवश्यक छ । सर्वेक्षणमा सूचना अधिकारीको बोर्ड राखे,नराखेको, सूचना शाखा,महाशाखाको पहिचान हुने व्यवस्था गरे,नगरेको, सूचनाको हक झल्किने कुनै सन्देशमुलक होर्डिङ बोर्ड राखे,नराखेको भन्ने अध्ययन गरिएको थियो । सर्वेक्षणमा रक्षा मन्त्रालयले यस्ता प्रावधान पूरा नगरेको, ६ वटा मन्त्रालयले यस्तो प्रावधानको आंशिक व्यवस्था गरेको र २४ वटा मन्त्रालयले पूरै प्रतिबद्धता पूरा गरेको पाइएको छ ।

४.६ वेभसाइटमा सूचना अधिकारीको विवरण

सूचना प्रवाहको सशक्त माध्यमको रुपमा आजभोलि वेभसाइटहरू अघि आएका छन् । यस माध्यमले सबैलाई सजिलो पनि बनाएको छ । आम सर्वसाधारणदेखि विज्ञ, शोधार्थी, जिज्ञासु पत्रकारहरूले पनि सूचना र जानकारी खोजीगर्न मन्त्रालय र विभाग एवं कार्यालयका वेभ साइटहरू नियाल्ने गर्दछन् । सरकारी निकायहरूले आफूसँग भएका सूचनाहरू त्यस्ता वेभसाइटमा राखेर सार्वजनिक गर्न सक्छन्, त्यो तत्क्षण नै विश्वव्यापी हुन सक्दछ । सर्वेक्षणमा मन्त्रालयको वेभसाइटमा सूचना अधिकारीको विवरण र स्वतः प्रकाशन गरे नगरेको विषयमा खोजी गरिएको थियो । मूल्याङ्कनमा आंशिक व्यवस्था गर्ने मन्त्रालयहरू५ ओटा र पूर्ण विवरण राख्ने मन्त्रालयहरूको संख्या २६ रहेको पाइएको छ ।

४.७ वेभसाइट अद्यावधिक गरे नगरेको

वेभसाइट स्थापना गरेर मात्र हुँदैन, त्यसमा सूचना र जानकारी अद्यावधिक गरिरहनु पनि त्यत्तिकै आवश्यक हुन्छ । आकर्षक वेभसाइट, विभिन्न किसिमका सूचना र जानकारी तथा ताजा खबरहरू यसका पूर्वशर्त हुन् । सबैले सहजै वेभसाइटमा जानकारी प्राप्त गर्ने र डाउनलोड गर्न सक्ने अवस्था पनि हुनु पर्दछ । सर्वेक्षणमा वेभसाइट आंशिक अद्यावधिक गर्ने ४ वटा र पूर्ण अद्यावधिक गर्ने २७ वटा मन्त्रालय रहेको देखिएको छ ।

४.८ सूचना प्रवाहमा अग्रसरता

सूचनाको हकको प्रचलन अन्तर्गत सूचना प्रवाह एक महत्वपूर्ण कार्य हो । स्वसक्रियतापूर्वक (Proactive) गरिने त्यस्तो सूचना प्रवाहले आमजनतालाई सुसूचित गर्न मद्दत गर्दछ, जसबाट सुशासन प्रबर्द्धनमा योगदान पुग्दछ। मन्त्रालय र मातहतका निकायको अग्रसरताले सूचनाको हकको प्रयोगमा प्रभावकारिता आउने र जनताले सहज रूपमा सूचना प्राप्त गर्ने हुन्छन् । सर्वेक्षणमा सूचना प्रवाहमा मन्त्रालय अग्रसर भए नभएको, नियमित रुपमा मिट द प्रेस गरे नगरेको, सूचनापाटी व्यवस्थित भए नभएको, उजुरीपेटीका भए नभएको, गुनासो व्यवस्था गरे नगरेको लगायतका समष्टीगत स्थितिको मूल्याङ्कन गरिएको थियो । सर्वेक्षणले सूचना प्रवाहमा धेरै मन्त्रालयले खासै चासो नदेखाएको औंल्याएको छ । सर्वेक्षणमा सूचना प्रवाहमा १० वटा मन्त्रालयले आंशिक तथा २१ वटा मन्त्रालयले पूर्ण अग्रसरता देखाएका छन् ।

४.९ सूचनाको हकसम्बन्धी तालिम, अन्तरक्रिया

सूचना अधिकारीहरूलाई तालिमको जरूरी रहेको विभिन्न अध्ययनले देखाइआएका छन् । सूचनाको भण्डारण, प्रशोधन, प्रकाशन लगायतका कानूनी र व्यवस्थापकीय पक्षमा सूचना अधिकारीहरूलाई जानकारी रहनु पर्दछ । सर्वेक्षणमा सूचनाको हकको तालिम, अन्तर्क्रिया, छलफल वा स्वतः अग्रसर भई कुनै काम गरे नगरेको र गर्न चासो वा प्रतिबद्धता भए नभएको सम्बन्धमा समष्टीगत स्थितिको अध्ययन गरिएको थियो । त्यस्तो मूल्याङ्कनमा ३ वटा मन्त्रालयका सूचना अधिकारीले तालिम नै नपाएको देखिएको छ भने १२ वटा मन्त्रालयले सूचना अधिकारीका लागि आंशिक तालिम दिएका छन् । अन्य १६ वटा मन्त्रालयले सूचनाको हक सम्बन्धी तालिम सञ्चालन गरेको पाइएको छ ।

४.१० सूचनाको हकबमोजिमको दायित्वको समष्टीगत मूल्याङ्कनको स्तर

सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक निकायको दायित्व तोकेको छ, जसअनुसार सूचनाको हकको सम्मान गर्नुपर्ने, सूचना वर्गीकरण गर्नुपर्ने, विभिन्न राष्ट्रिय भाषामा आफ्ना सामग्री प्रचारप्रसार गर्नुपर्ने, आमसञ्चार माध्यमको उपयोग गर्नुपर्ने लगायतको व्यवस्था छ। सर्वेक्षणमा यी प्रावधानको समष्टीगत मूल्याङ्कन गरिएको छ । सर्वेक्षणमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको स्तर सामान्य स्थितिमा रहेको, १९ वटा मन्त्रालयको समष्टीगत स्तर सामान्य रहेको तथा ११ वटा मन्त्रालयको स्तर उत्कृष्ट रहेको देखाएको छ ।

अध्याय ५ : सर्वेक्षकका सुझावहरू

५.१ सूचना अधिकारी र व्यवस्था

- सूचना अधिकारीहरूलाई नै संस्थाको प्रवक्ताको जिम्मेवारी दिनु उपयुक्त हुन्छ। प्रवक्ता शब्दले सूचना अधिकारी भन्दा बढी महत्व, प्रतिष्ठा बोक्ने भएकोले सूचना प्रवाहमा सहज हुनेछ
- आफ्नो निकायका सबै सूचनाहरूको अभिलेख राख्नका लागि सबै बैठक र कार्यक्रममा सूचना अधिकारीलाई अनिवार्य रुपमा आमन्त्रण गर्नु पर्दछ।
- सूचना प्रवाहमा नवीन प्रविधिको प्रयोग गर्ने र वेभसाइटमा एक रुपता कायम गर्नु पर्दछ।
- सूचना अधिकारीलाई साधन स्रोत उपलब्ध गराउने, सूचनाको हकसम्बन्धी कियाकलाप सञ्चालनका निम्ति बजेटको व्यवस्था हुनुपर्ने र मन्त्रालयहरूमा अलग्गै सूचना डेस्क राख्नुपर्ने।
- सूचना अधिकारीले सूचना प्रवाहको जिम्मेवारी लिन नचाहने र यसलाई झन्झटका रूपमा लिने गरेकाले यसमा सुधार गर्न गम्भीरतापूर्वक सोच्नुपर्ने।
- सूचना अधिकारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सूचना प्रवाहलाई पनि आधार मान्नुपर्ने।
- उत्कृष्ट कार्य गर्ने सूचना अधिकारीलाई पुरस्कारको व्यवस्था गर्ने।
- कार्यालयभित्र भए गरेका निर्णयहरू र सूचनाहरू सूचना अधिकारीले स्वतः र सजिलै पाउने व्यवस्था मिलाउने।
- सूचनाको हकलाई सरकारी कार्यालयहरूले अतिरिक्त भारको रुपमा हेरेकाले यो प्रवृत्तिको अन्त्य हुनु पर्दछ।
- महिनाको एक पटक मन्त्रालय र मातहतका निकायमा प्रवक्ता एवं सूचना अधिकारीहरूको समन्वयात्मक बैठक बस्नु आवश्यक छ।
- सूचना अधिकारीको कार्यकक्ष सकेसम्म पहिलो तलामा वा देखिने स्थानमा राख्नुपर्ने।
- सूचना अधिकारीहरूलाई पत्रकारिताका आधारभूत सीपको ज्ञान दिनु आवश्यक दिनुपर्ने यसबाट उनीहरूलाई आम मानिसले सहजै बुझ्ने किसिमबाट तथ्य, विवरण र जानकारीहरू सहज र सरल किसिमबाट प्रस्तुतीकरण गर्न सहज हुनेछ।
- सूचना अधिकारीहरूलाई उत्प्रेरित गरी उनीहरूलाई मूल्याङ्कनका आधारमा पुरस्कृत गर्नु पर्दछ।
- सूचना अधिकारीको अलग्गै दरबन्दीको व्यवस्था गरी बजेट समेतको व्यवस्था गरेमा सूचनाको हक कार्यान्वयनमा सहजता आउने छ।

५.२ राष्ट्रिय सूचना आयोगबारे

- राष्ट्रिय सूचना आयोगको भूमिका प्रादेशिक हिसाबमा विस्तारित हुनुपर्छ।
- राष्ट्रिय सूचना आयोगले स्थानीय सरकारका लागि जारी गरेको पांच बुँदे आदेशलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, गराउन मन्त्रालयहरूले सहजकर्ताको भूमिका खेल्नु पर्दछ।
- मन्त्रालय र मातहतका निकायको सूचनाको हकसम्बन्धी गतिविधिहरू स्वतः सूचना राष्ट्रिय सूचना आयोगमा बोधार्थ हुने वातावरण बनाउने।
- राष्ट्रिय सूचना आयोगको प्रतिवेदन संसदमा छलफल हुने अनिवार्य व्यवस्था सहित कानूनमै संशोधन गर्ने।
- प्रेस सम्मेलन आयोजना, प्रेस विज्ञप्ति लेखन आदि कार्यबारे राष्ट्रिय सूचना आयोगले बेलाबेलामा सूचना

अधिकारीहरूलाई तालिम र सूचनाका माग एवं आपूर्ति पक्षलाई सँगै राखेर एकापसका अपेक्षा र फरक आँकलन गर्नु आवयश्क छ ।

५.३ स्वतः प्रकाशनको व्यवस्था

- स्वतः प्रकाशनको प्रवृत्तिलाई अरु सरकारी कार्ययोजनासँग मिलान हुनेगरी चौमासिक बनाउनुपर्ने र जानकारी र प्रगतिका सूचनालाई वेभसाइटमा अद्यावधिक गरिए खर्च र स्रोत मितव्ययी हुने देखिन्छ
- सबै सरकारी कार्यालय र संस्थानहरूले चौमासिक रुपमा नयाँ र जनउपयोगी जानकारी र प्रगति विवरण (अहिले बैंक तथा वित्तीय संस्थाले त्रैमासिक वासलात सार्वजनिक गरेजस्तै) पत्रपत्रिकामा प्रकाशन गर्ने व्यवस्था गर्न सकिन्छ ।
- मन्त्रालयमा सूचना व्यवस्थापन र सूचना प्रवाहका लागि अवलम्बन गरिएको पद्धति विभागहरू र अन्य निकायमा समेत विस्तार हुनु जरुरी छ ।
- सूचना स्वतः प्रकाशन गर्नुपर्ने ऐनको व्यवस्थाका बारेमा परराष्ट्र मन्त्रालयका अधिकारीमा जानकारी नरहेको, राष्ट्रिय सूचना आयोगले मागगर्ने विषय मात्र हो भन्ने बुझाइ मन्त्रालयले राखेकोले यस मन्त्रालयमा सूचनाको हकसम्बन्धी कानूनकै बारेमा तालिम आवश्यक छ ।
- प्रवाह भएका सूचनाहरूको किसिम वर्गीकरण गर्न सकिएमा यसबाट कुन किसिमको सूचना बढी माग भयो र प्रवाह भयो भन्ने विश्लेषण गर्न सजिलो हुने देखिन्छ ।

५.४ अन्य/बिबिध

- स्कुल कलेजका पाठ्यक्रम, लोकसेवा आयोगको पाठ्यक्रम, स्टाफ कलेज, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान आदिका आधारभूत सामग्रीमा सूचनाको हकलाई समावेश गर्न राष्ट्रिय सूचना आयोगले एउटा सार्वजनिक सेवा पाठ्यक्रम परीक्षण (public service curriculum audit)को वृहत् कार्यशाला गराउदा राम्रो हुने ।
- सूचनाको वर्गीकरण नभएकाले के कस्ता सूचना सार्वजनिक गर्न हुने वा नहुने भन्ने विषयमा अन्यौल कायम भएकोले सूचनाको वर्गीकरण छिटो गरिनु आवश्यक छ ।
- सूचनाको हक कार्यान्वयनको प्रभाव मूल्याङ्कन पद्धति र अनुसन्धान विधि विकसित गर्नु आवश्यक देखिन्छ ।
- विभिन्न मन्त्रालयबीच डिजिटल नेटवर्किङ स्थापना गर्न सबै मन्त्रालयले वेभ साइटमा Master Link राख्न उपयुक्त हुने ।
- आरटीआई बजेटको पद्धति अवलम्बन हुनुपर्ने र यसले सूचना व्यवस्थापन, अभिलेख सुधार तथा प्रशिक्षणमूलक गतिविधिलाई नियमित गर्न सहज हुने ।
- आरटीआई अडिटमा उत्कृष्ट हुने मन्त्रालय वा मातहतका निकायहरूलाई पुरस्कृत गरेर त्यसको व्यापक प्रचार प्रसार गर्दा अरुलाई पनि राम्रो काममा आकर्षित गर्न सकिने ।
- राष्ट्रिय सूचना आयोगले प्रश्नावलीमा सुधार र अद्यावधिक गर्नु आवश्यक देखिन्छ ।
- भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयमा सूचना अधिकारी स्वयम्ले सूचना प्राप्त गर्न नसकेको अवस्था देखिएको र सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयन मन्त्रालयको प्राथमिकता सूचीमा नपर्ने पाइएको, औपचारिकता लागि मात्र सूचना अधिकारी वा अभिलेख राख्ने फाइलहरू खडा गरेको देखिएको र वेभसाइटहरू पनि नियमित रुपमा अद्यावधिक नभएकोले यहाँ ठूलै सुधार आवश्यक छ ।
- सूचनाको हक कार्यान्वयनका लागि अनुगमनकारी निकायबाट निरन्तर निगरानीको खाँचो देखिएको छ ।

अध्याय ६ : राष्ट्रिय सूचना आयोगको सुझाव

अडिट कार्यसम्पादन र अवस्था अध्ययनको एउटा सजिव कडी हो । यसका माध्यमबाट परिस्थिति र कार्यप्रकृतिका धेरै पक्षहरू सचित्र खुल्ने गर्छन् । त्यस्तै एउटा अनुभव आयोगले यस आरटीआई अडिटबाट पनि प्राप्त गर्न सकेको छ । कुनैपनि पदार्थको शुद्धता हेर्नका लागि त्यसको मुहानमै पुग्नुपर्छ भन्ने सिद्धान्तको अनुशरण गरेर यो अध्ययन पनि नेपालको प्रशासनिक निकायको मुहानमै पुग्ने प्रयत्न गरिएको हो । एक हदसम्म यो सफल पनि हुन सकेको हाम्रो विश्वास छ ।

अनुसन्धान अंग्रेजी Research शब्दको नेपाली अनुवाद हो र यसको अर्थ खोजीमात्र नभएर "पुनः अथवा पटक पटकको" खोजी भन्ने हो । त्यसैले अनुसन्धानको यो अन्त्यहीन दार्शनिक अर्थलाई आगामी दिनमा पनि अनुशरण नै गरिने छ । यसको अर्थ यो हो कि एउटै अनुसन्धानबाट सबै कार्य एकै पटक पत्तो लाग्दैनन् । तर यो अध्ययन निरर्थक भने पक्कै पनि भएको छैन र एक पटकको अनुसन्धानले कम्तिमा पनि एक तथ्यको खोजी गरी पत्ता लगाउनुपर्ने धर्म यसले पनि निर्वाह गरेको छ । गत बर्ष गरिएको पहिलो यस्तै आरटिआई अडिट अध्ययनपछि गरिएको यो दोस्रो अध्ययनमा केही नयाँ तथ्य पनि खुलेका छन् र कतिपयमा सकारात्मक परिवर्तन पनि आएका छन् ।

यसले आम जनताले गरेको देशको प्रशासनयन्त्रको सूचनाको हकसम्बन्धी बुझाई र प्रयोगको अनुमानलाई जाँच गर्न केही न केही सहयोग पुऱ्याएको छ । अथवा पानीको मुहान सफा भएपछि तलतिर पनि सफा पानी नै बग्छ भन्ने यथार्थजस्तै यो मुहानमाथिको यति धेरै गहन खोजी र राष्ट्रिय सूचना आयोगको यो अडिटमार्फतको अनुगमनले उनीहरूलाई आफ्नो मातहतका कार्यालयमा पनि यसैबमोजिमको रक्तसञ्चारको बहाब पुगोस भन्ने हेतु पनि यस अध्ययनले राखेको छ ।

अडिट बास्तवमा अंकगणितबाट प्राप्त नम्बरको प्रस्तुती हो । यसमा अति नगण्य मात्रामा मात्र सरोकारवालाको मनोविज्ञानको मापन छ । यो अनुसन्धानको यस खण्डमा राष्ट्रिय सूचना आयोगले आफ्ना अनुभव र सुझावहरूलाई यहाँ प्रस्तुत गरेको हो । यी सुझावहरू पनि माथिको अनुसन्धानका क्रममा भेटिएका वास्तविकता र संकलित तथ्यांकहरूको प्रस्तुतीपछि आएका हुन् । जस्तो कि सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनमा सचिव र महाशाखा प्रमुखको प्रतिबद्धता रहेको/नरहेको भन्ने प्रश्नको जवाफ 'नरहेको' भनेर लगभग आउँदैन । र, ती पदाधिकारीको नियत पनि यो प्रश्नले मापन गर्दैन र गर्न पनि पाउँदैन । त्यसैले यस खण्डको आसय यतिमात्र हो कि अंकगणितमा प्राप्त गरेको परिणाम बमोजिम नै व्यवहारमा पनि परिवर्तन होस् र प्रतिबद्धता नरहेको भन्ने आसय व्यवहारबाट देखिने अवस्था नरहोस् ।

अध्ययनमा सूचना अधिकारी राखेको भन्ने जवाफ शतप्रतिशत आएको छ । मानौँ कि सूचना अधिकारी

नराखेको कार्यालय नै छैन । तर पनि ती कार्यालयले केहीले भने एक पटक पनि ती अधिकारीहरूलाई तालिम नदिएको भनेर जवाफ दिएका छन् । अब ती कार्यालयले सूचनाको हकको कानूनलाई सशक्त रुपमा कार्यान्वयनका लागि सूचना अधिकारीलाई तालिम दिन नै आवश्यक नठानेका हुन् वा सूचना अधिकारीहरू आफै जान्ने भएर अथवा तालिम नचाहिएकोले यस्तो अवस्था आएको हो ?यस्ता विषयमा आगामी दिनमा सबै सार्वजनिक निकायले ध्यान दिनु अति जरुरी छ। त्यस्तै सूचना अधिकारी सूचना दिन प्रतिबद्ध रहेको भन्ने जवाफ नै धेरैको छ ।

कुनैपनि सूचना अधिकारी कानूनले तोकेको समयावधिभित्र सूचना दिनुपर्ने विषयमा सजग रहे/नरहेको बारेमा गरिएको विषयमा सबैजसो सूचना अधिकारी सजग रहेको जवाफ आएको छ । यो सकारात्मक पक्ष हो । तर आज 'सजग छु' भन्ने जवाफ उनीहरूले दिएर मात्र हुँदैन । भोलिका दिनमा यो सजगता बमोजिम सूचना दिए नदिएको विषयमा पनि अझ सम्वेदनशील रुपमा खोज अनुसन्धान हुन पनि सक्छन् । त्यसैले यस्ता पक्षमा पनि सबै सार्वजनिक निकायका सूचना अधिकारीहरू सजग र सतर्क हुनु पनि जरुरी छ ।

त्यसैगरी मागेको सूचना कानूनबमोजिम दिनुपर्ने ठहर्छ भने दिनुपर्छ भन्ने विषयमा पनि धेरैको सकारात्मक जवाफ छ । यस्ता विषयमा आगामी दिनमा पनि सबै इमान्दारीताका साथ सतर्क हुनु जरुरी छ । आफ्नो मन्त्रालय वा विभागकै मातहतका सूचना अधिकारीलाई आवश्यक र समयानुकुल तालिम दिए नदिएको विषयमा पनि सबै मन्त्रालय चनाखो हुनुपर्छ । उनीहरूलाई तालिमका लागि राष्ट्रिय सूचना आयोग वा सूचना हकका क्षेत्रमा कामगर्ने गैर सरकारी क्षेत्रका संघ संस्था वा मन्त्रालय आफैले पनि यस्तो व्यवस्था गर्नसक्छ ।

मन्त्रालय, विभाग वा ऐनको परिभाषाभित्र पर्ने सबै सार्वजनिक निकयले नागरिकले नमागे पनि ऐनको व्यवस्थाबमोजिम आफैले सूचना सार्वजनिक गर्नुपर्दछ । यसलाई सार्वजनिक निकायको स्वतः खुलासाको सिद्धान्तका रुपमा लिइन्छ । त्यसको अनुगमन त्यति गरिएको त छैन तर पनि यस्ता धेरैजसो निकायले आफैंले सार्वजनिक गर्नुपर्ने सूचनाहरू हरेक तीन महिनामा गर्नुपर्नेमा नगरेको भन्ने नै गुनासो धेरे सुन्ने गरिन्छ । तर यस अडिटमा बुहमत मन्त्रालयले खुलासा गर्ने गरेको बताएका छन् ।

यसको 'फलोअप' पनि सबै निकायले गर्दामात्र राम्रो हुनेछ । त्यसैगरी सूचना प्रचार प्रसार गराएको वा नगराएको भन्ने बारेमा पनि मन्त्रालयले आफू मातहतका विभागको नै अनुगमन गर्नु जरुरी छ । अन्यथा गराई र बोलाईमा धेरै भिन्नता आउने खतरा पनि रहन्छ । यस्तै सार्वजनिक निकायमा सूचना शाखा स्थापना गरेको देखिएको भएपनि त्यसमा सूचनाको उत्पादन, बितरण र सामयिक यसको अद्यावधिक गर्ने काम धेरै थोरै मात्रामा मात्र भएको पाइन्छ । यस्तो नियमिततालाई आगामी दिनमा व्यवस्थित बनाई वास्तविक नै सूचना शाखाका रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

त्यस्तै कुनै पनि सार्वजनिक निकायमा सूचना अधिकारी सकेसम्म दोस्रो वा तेस्रो बरियताको राख्न सकिएमा सूचनामा र विशेषगरी त्यस निकायका प्रमुखसमक्ष सूचना अधिकारीको पहूँच पुगला भन्ने हिसाबले नै यो प्रावधान राखिएको हो । तर व्यवहारमा त्यस्तो नहुन पनि सक्छ । यस्ता विषयलाई विधिसम्मत रुपमा र कारणसहित सुधार पनि गर्न सकिन्छ । त्यस्तै उजुरी पेटिका राखेको र नियमित खोल्ने गरेको पक्षमा जवाफ आए पनि नियमित खोलेर त्यसभित्रका उजुरीहरूका बारेमा वास्तविक रुपमा सुनुवाई पनि हुन्छ कि उजुरी पेटिका राख्ने र खोल्नेमात्र काम हुन्छ भन्ने पक्ष आगामी दिनको अनुसन्धानको विषय बन्न सक्छ ।

त्यस्तै नियमित रुपमा प्रेस मिट गर्नु भनेको नागरिकलाई सूचना दिनुमात्र नभएर आफैले गरेका

कामहरूको पनि समय समयमा प्रचार गर्न पाइन्छ भनेर कामगर्दा पनि समय समयमा सूचना सार्वजनिक हुने छन् । यस अवसरमा सूचनाको हकका बारेमा पनि छलफल गर्न सकिन्छ र यसरी आयोजना गरिने प्रेस मिटलाई उक्त ऐन बमोजिम नै नियमित रुपमा स्वतः खुलासाको प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ ।

अन्त्यमा, राष्ट्रिय सूचना आयोग यस अरटिआई अडिटमार्फत आम नेपालीको सूचना माग्ने र पाउने हकको संरक्षण, सम्र्बद्धन र प्रचलनाका लगि नेपल सरकार समक्ष बूँदागत रुपमा निम्न सुझाब प्रस्तुत गर्दछ :

१. वर्तमान नेपालको संविधानको धारा २७ मा सम-सामयिक संशोधन गर्नुपर्छ ।

२. सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावलीमा पनि सम-सामयिक संशोधन गर्नुपर्छ ।

३. प्रादेशिक सूचना आयोग गठन गर्नुपर्छ । सो नहुन्जेल राष्ट्रिय सूचना आयोगको सातओटा प्रदेशमा कार्यालय स्थापना गर्नुपर्छ । सबै ७५३ ओटा स्थानीय तहमा आरटिआई अम्बुड्सम्यान खडा गर्नुपर्छ ।

४. सूचना अधिकारी तोक्ने ३/३ महिने विवरणसम्म पनि प्रकाशित नगर्ने कार्यालयको बजेट रोक्का गर्ने लगायतका कारबाहीको व्यवस्था हुनुपर्छ ।

५. कर्मचारीको शपथबाट गोपनीय शब्द हटाउनु पर्छ र सरकारी कागजातमा गोप्य तथा अति गोप्य छाप लगाउने प्रथा खारेज गर्नुपर्छ ।

६. विद्युतीय प्रणालीबाट सूचना माग्ने र पाउने प्रणाली लागू गर्नुपर्छ । साथै सबै सूचनाहरू डिजिटलरुपमा उत्पादन गर्ने र प्रवाह गर्ने प्रणालीमा जानुपर्छ ।

७. खुल्ला सरकारी तथ्याङ्कको आयोगद्वारा प्रस्तावित राष्ट्रिय कार्ययोजना लागू गर्नुपर्छ ।

८. सूचना प्रवाहमा उत्कृष्टता हासिल गरेबापत पुरस्कृत हुने र पदोन्नति हुने प्रणाली लागू गर्नुपर्छ ।

९. आरटिआई बजेटको अबधारणा बमोजिम प्रत्येक कार्यक्रमको सूचना प्रवाह गर्न बजेट छुट्याउने प्रणाली आरम्भ गर्नुपर्छ ।

१०. सरकारी काम कारबाहीको पारदर्शिता र खुल्लापनाको लागि सबै पक्ष र क्षेत्रबाट मन, बचन र कर्मले आ-आफ्नो क्षेत्रबाट अनुकरणीय भूमिका निर्वाह गर्नुपर्छ ।

प्रश्नावलीको ढाँचा

मूल्याङ्कनको सूचकाङ्क

क्र.सं.	सूचकाङ्क	अंक		
		०	५	१०
१.	सूचना अधिकारी तोकिएको/नतोकिएको १.१ मन्त्रालयमा नतोकिएको १.२ मातहत केही निकायमा तोकिएको १.३ मन्त्रालय मातहत सबै निकायमा तोकिएको			
२.	तीन तीन महिनामा स्वतः प्रकाशन गर्ने गरेको /नगरेको २.१ मन्त्रालयले नगरेको २.२ मन्त्रालय र मातहत केही निकायले गरेको २.३ मन्त्रालय र मातहत सबै निकायले नियमित रुपमा गरिरहेको			
३.	सूचना माग र प्रवाहको छुट्टै दर्ता किताब, अभिलेख र फाइल खडा गरेको ३.१ मन्त्रालयले नगरेको ३.२ मन्त्रालय र मातहत केही निकायले गरेको ३.३ मन्त्रालय र मातहत सबै निकायले गरेको			
४.	सूचना अधिकारी वा सूचना शाखा/महाशाखाले मन्त्रालय र मातहत सूचनाको हकको क्षेत्रमा भैरहेका गतिविधिलाई एकीकृत गर्ने, निर्देशन गर्ने, मन्त्रालय र मातहतमा परेको सूचना माग र प्रवाहको तथ्याङ्क राख्ने पहल गरे, नगरेको ४.१ मन्त्रालयले नगरेको ४.२ मन्त्रालयले आंशिक रुपमा गरेको ४.३ मन्त्रालयले पूरै गरेको			
५.	सूचना अधिकारीको बोर्ड राखेको/नराखेको, सूचना शाखा/महाशाखाको पहिचान हुने व्यवस्था गरे/नगरेको, सूचनाको हक झल्किने कुनै सन्देशमुलक होर्डिङ बोर्ड टाँसे /नटाँसेको ५.१ केही पनि नगरेको ५.२ केही गरेको ५.३ राम्रो गरेको			

६.	मन्त्रालयको वेभ साइटमा सूचना अधिकारीको विवरण र स्वतः प्रकाशन राखे /नराखेको ६.१ नराखेको ६.२ आंशिक रुपमा राखेको ६.३ राम्रोसँग राखेको			
७.	मन्त्रालयको वेभ साइट दुरुस्त भए/नभएको, प्रेस विज्ञप्ति राखे /नराखेको, नागरिकलाई आवश्यक सूचना प्रवाह गरे/नगरेको ७.१ नगरेको ७.२ आंशिक रुपमा गरेको ७.३ राम्रोसँग गरेको			
८.	सूचना प्रवाहमा मन्त्रालय अग्रसर भए/नभएको, नियमित मिट द प्रेस गरे/नगरेको, सूचना पाटी व्यवस्थित भए/नभएको, उजुरी पेटिका भए/नभएको, गुनासो व्यवस्था गरे/नगरेको लगायतको समष्टीगत स्थिति ८.१ सामान्य रहेको ८.२ सन्तोषजनक रहेको ८.३ उत्कृष्ट रहेको			
९.	सूचनाको हकको तालिम, अन्तरक्रिया, छलफल वा स्वतः अग्रसर भै कुनै काम गरे/नगरेको र गर्न चासो वा प्रतिबद्धता भए/नभएको सम्बन्धमा समष्टीगत स्थिति ९.१ सामान्य रहेको ९.२ सन्तोषजनक रहेको ९.३ उत्कृष्ट रहेको			
१०.	सूचनाको हक सम्बन्धी ऐनले सार्वजनिक निकायको दायित्व तोकेको छ । जसअनुसार सूचनाको हकको सम्मान गर्नुपर्ने, सूचना वर्गीकरण गर्नुपर्ने, विभिन्न राष्ट्रिय भाषामा आफ्ना सामग्री प्रचार प्रसार गर्नुपर्ने, आमसञ्चार माध्यमको उपयोग गर्नुपर्ने लगायतका पक्षमा समष्टीगत मूल्याङ्कनको स्तर १०.१ सामान्य रहेको १०.२ सन्तोषजनक रहेको १०.३ उत्कृष्ट रहेको			

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थितिः

मूल्याङ्कनकर्ताको निष्कर्ष र सुझाव :

सर्वेक्षणमा समेटिएका मन्त्रालयहरूको सूची

क्र.सं.	मन्त्रालयको नाम
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
२	अर्थ मन्त्रालय
३	आपूर्ति मन्त्रालय
४	उद्योग मन्त्रालय
५	ऊर्जा मन्त्रालय
६	कानून न्याय तथा संसदीय मामिला मन्त्रालय
७	कृषि विकास मन्त्रालय
८	खानेपानी तथा सरसफाइ मन्त्रालय
९	गृह मन्त्रालय
१०	जनसंख्या तथा वातावरण मन्त्रालय
११	परराष्ट्र मन्त्रालय
१२	पशुपंक्षी विकास मन्त्रालय
१३	भूमिसुधार मन्त्रालय
१४	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
१५	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
१६	यूवा तथा खेलकुद मन्त्रालय
१७	रक्षा मन्त्रालय
१८	वन तथा भू-संरक्षण मन्त्रालय
१९	बाणिज्य मन्त्रालय
२०	विज्ञान तथा प्रविधि मन्त्रालय
२१	सहकारी तथा गरिबी निवारण मन्त्रालय
२२	सहरी विकास मन्त्रालय
२३	सामान्य प्रशासन मन्त्रालय
२४	सिँचाइ मन्त्रालय
२५	सूचना तथा संचार मन्त्रालय
२६	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
२७	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
२८	स्वास्थ्य मन्त्रालय
२९	शान्ति तथा पुनर्निर्माण मन्त्रालय
३०	शिक्षा मन्त्रालय
३१	श्रम तथा रोजगार मन्त्रालय

अनुसूची ३

प्रश्नावलीका सूचकहरूको तुलनात्मक स्थिति

क्र.सं.	मन्त्रालय र विभागहरूको नाम	सूचकहरूको अंक गणना			प्राप्त अंक (१०० अंकमा)
		० अंकका सूचक संख्या	५ अंकका सूचक संख्या	१० अंकका सूचक संख्या	
१	**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**		३	७	८५
	१. राष्ट्रिय सतर्कता केन्द्र	२	५	३	५५
	२. सार्वजनिक खरिद अनुगमन कार्यालय		६	४	७०
	३. लगानी बोर्ड		२	८	९०
	४. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण		२	८	९०
	५. नेपाल ट्रस्टको कार्यालय		६	४	७०
	६. गरिबी निवारण कोष		१	९	९५
२	**अर्थ मन्त्रालय**	१	४	५	७०
	१. महालेखा नियन्त्रक कार्यालय	१	३	६	७५
	२. आन्तरिक राजश्व विभाग	३	४	३	५०
	३. भन्सार विभाग	१	६	३	६०
	४. राजश्व अनुसन्धान विभाग	३	४	३	५०
	५. सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग		७	३	६५
	६. राजश्व प्रशासन तालिम केन्द्र		६	४	७०
३	**आपूर्ति मन्त्रालय**		३	७	८५
	१. साल्ट्र टेडिङ लि.		४	६	८०
	२. नेपाल आयल निगम		६	४	७०
	३. नेपाल खाद्य संस्थान		२	८	९०
	४. आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग		२	८	९०
४	**उद्योग मन्त्रालय**		२	८	९०
	१. उद्योग विभाग		३	७	८५
	२. खानी तथा भूगर्भ विभाग		१	९	९५

	३. औद्योगिक क्षेत्र व्यवस्थापन लि	१	३	६	७५
	४. घरेलु तथा साना उद्योग विभाग		२	८	९०
	५. कम्पनी रजिष्ट्रारको कार्यालय	१	३	६	७५
	६. गुणस्तर तथा नापतौल विभाग		२	८	९०
	७. विशेष आर्थिक क्षेत्र विकास समिति			१०	१००
	८. औद्योगिक व्यवसाय विकास प्रतिष्ठान		२	८	९०
५	**ऊर्जा मन्त्रालय**	२	८	१०	७०
	१. विद्युत विकास विभाग		६	४	७०
	२. नेपाल विद्युत प्राधिकरण	२	७	१	४५
	३. जल तथा ऊर्जा आयोग	३	४	३	५०
	४. जलविद्युत लगानी तथा विकास कम्पनी	३	५	२	४५
६	**कानून न्याय तथा संसदीय मामिला मन्त्रालय**		४	६	८०
	१. न्याय सेवा तालिम केन्द्र		३	७	८५
	२. नेपाल कानून आयोग		४	६	८०
	३. कानून किताब व्यवस्था समिति		४	६	८०
७	**कृषि विकास मन्त्रालय**		२	८	९०
	१. प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना		५	५	७५
	२. कृषि विभाग		५	५	७५
	३. बाली संरक्षण निर्देशनालय		२	८	९०
	४. राष्ट्रिय कृषि अनुसन्धान विकास कोष		६	४	७०
	५. कृषि प्रसार निर्देशनालय		४	६	८०
	६. कृषि सामग्री कम्पनी		३	७	८५
	७. व्यावसायिक कृषि तथा व्यापार आयोजना		३	७	८५
	८. पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालय		१	९	९५
८	**खानेपानी तथा सरसफाइ मन्त्रालय**		२	८	९०
	१. खानेपानी तथा ढल निकास विभाग			१०	१००
	२. साना सहरी खानेपानी आयोजना		५	५	७५
	३. काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड		२	८	९०
	४. काठमाडौं उपत्यका खानेपानी लि.	३	१	६	६५
	५. नेपाल खानेपानी संस्थान		२	८	९०
९	**गृह मन्त्रालय**		३	७	८५
	१. सशस्त्र प्रहरी बल		४	६	८०

	२. नेपाल प्रहरी		१	९	९५
	३. कारागार व्यवस्था विभाग		५	५	७५
	४. अध्यागमन विभाग		१	९	९५
	५. प्रहरी किताब खाना		२	८	९०
	६. राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र		४	६	८०
१०	**जनसंख्या तथा वातावरण मन्त्रालय**			१०	१००
	१. वातावरण विभाग		१	९	९५
	२. वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र		१	९	९५
११	**परराष्ट्र मन्त्रालय**	१	४	५	७०
	१. कन्सुलर सेवा विभाग	२	४	४	६०
	२. राहदानी विभाग	१	३	६	७५
१२	**पशुपंक्षी विकास मन्त्रालय**		३	७	८५
	१. पशुसेवा विभाग		१	९	९५
	२. क्षेत्रीय पशुसेवा निर्देशनालय हरिहरभवन	१	५	४	६५
	३. दुग्ध विकास संस्थान		५	५	७५
	४. राष्ट्रिय दुग्ध विकास बोर्ड		६	४	७०
१३	**भूमिसुधार तथा व्यवस्था मन्त्रालय**		२	८	९०
	१. भूमिसुधार तथा व्यवस्थापन विभाग		२	८	९०
	२. नापी विभाग		५	५	७५
	३. भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र	३	४	३	५०
	४. भू सूचना तथा अभिलेख विभाग		४	६	८०
१४	**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**		७	२	५५
	१. यातायात व्यवस्था विभाग	३	५	२	४५
	२. रेल विभाग	३	५	२	४५
	३. सडक विभाग	३	५	२	४५
१५	**महिला, बालबालिका समाजकल्याण मन्त्रालय**		७	२	५५
	१. महिला तथा बालबालिका विभाग		८	२	६०
	२. समाजकल्याण परिषद्	५	४	१	३०
१६	**यूवा तथा खेलकुद मन्त्रालय**			१०	१००
	१. राष्ट्रिय यूवा परिषद्	२	२	६	७०
	२. राष्ट्रिय खेलकुद परिषद	४	२	४	५०
१७	**रक्षा मन्त्रालय**	१	४	५	७०
	१. नेपाली सेना	४	३	३	४५

१८	**वन तथा भूसंरक्षण मन्त्रालय**		५	५	७५
	१. वन अनुसन्धान तथा सर्वेक्षण विभाग	२	४	४	६०
	२. राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग	२	६	२	५०
	३. भू तथा जलाधार व्यवस्थापन विभाग	२	६	२	५०
	४. वन विभाग	२	६	२	५०
	५. वनस्पति विभाग	२	६	२	५०
१९	**वाणिज्य मन्त्रालय**		५	५	७५
	१. बाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग	१	५	४	६५
२०	**विज्ञान तथा प्रविधि मन्त्रालय**		१	९	९५
	१. सूचना प्रविधि विभाग		४	६	८०
	२. राष्ट्रिय सूचना प्रविधि केन्द्र		२	८	९०
	३. प्रमाणीकरण नियन्त्रकको कार्यालय		४	६	८०
	४. बीपी कोइराला प्लानेटोरियम		४	६	८०
	५. राष्ट्रिय विधि विज्ञान प्रयोगशाला		२	८	९०
	६. नास्ट		३	७	८५
२१	**सहकारी तथा गरिबी निवारण मन्त्रालय**		२	८	९०
	१.सहकारी विभाग		१	९	९५
	२. केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र			१०	१००
२२	**सहरी विकास मन्त्रालय**		६	४	७०
	१. सहरी विकास तथा भवन निर्माण विभाग		७	३	६५
	२. काठमाडौं उपत्यका विकास प्राधिकरण	१	६	३	६०
	३. राष्ट्रिय आवास कम्पनी लि.	३	६	१	४०
	४. अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र	३	६	१	४०
	५. नयाँ सहर आयोजना	३	५	२	४५
	६. सिंहदरबार सचिवालय पुनर्निर्माण समिति	२	७	१	४५
	७. अधिकारसम्पन्न वागमती समिति	१	६	३	६०
२३	**सामान्य प्रशासन मन्त्रालय**		२	८	९०
	१. निजामती किताबखाना		५	५	७५
	२. कर्मचारी प्रशिक्षण प्रतिष्ठान विकास समिति		२	८	९०
	३. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान		२	८	९०
	४. निजामती कर्मचारी अस्पताल	१	९		४५
२४	**सिंचाइ मन्त्रालय**		४	६	८०

	१. सिँचाइ विभाग		१	९	९५
	२. जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग		२	८	९०
	३. भूमिगत जलस्रोत विकास समिति		४	६	८०
	४. जलस्रोत अनुसन्धान तथा विकास केन्द्र		५	५	७५
२५	**सूचना तथा संचार मन्त्रालय**		३	७	८५
	१. प्रेस काउन्सिल नेपाल		३	७	८५
	२. नेपाल दूरसंचार प्राधिकरण		६	४	७०
	३. हुलाक सेवा विभाग		५	५	७५
	४. नेपाल टेलिकम	२	३	५	६५
	५. सूचना विभाग		३	७	८५
	६. मुद्रण विभाग		३	७	८५
	७. न्यूनतम पारिश्रमिक निर्धारण समिति	५	४	१	३०
	८. चलचित्र विकास बोर्ड	१	८	१	५०
	९. राष्ट्रिय समाचार समिति		५	५	७५
	१०. गोरखापत्र संस्थान		५	५	७५
	११. नेपाल टेलिभिजन		३	७	८५
	१२. रेडियो नेपाल		४	६	८०
२६	**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**	२	४	४	६०
	१. केन्द्रीय पंजीकरण विभाग	१	५	४	६५
	२. स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग		८	२	६०
	३. बादी उत्थान विकास समिति	१	७	२	५५
	४. बौद्ध दर्शन तथा गुम्बा विकास समिति	३	४	३	५०
	५. राष्ट्रिय दलित आयोग	२	७	१	४५
	६. पिछडिएको समुदाय उत्थान विकास समिति	१	८	१	५०
२७	**संस्कृति, पर्यटन नागरिक उड्डयन मन्त्रालय**		१	९	९५
	१. पर्यटन विभाग			१०	१००
	२. पुरातत्व विभाग		२	८	९०
	३. नेपाल नागरिक उड्डयन प्राधिकरण		३	७	८५
	४. नारायणहिटी दरबार संग्रहालय	२	२	६	७०
	५. प्रतिलिपी अधिकार रजिस्टारको कार्यालय		४	६	८०
	६. नेपाल वायुसेवा निगम		२	८	९०
	७. संगीत नाट्य प्रतिष्ठान		६	४	७०

	८. नेपाल प्रज्ञा प्रतिष्ठान	३	२	५	६०
	९. नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान	३	६	१	४०
२८	**स्वास्थ्य मन्त्रालय**		३	७	८५
	१. औषधि व्यवस्था विभाग	१	७	२	५५
	२. आयुर्वेद विभाग		७	३	६५
	३. स्वास्थ्य सेवा विभाग		७	३	६५
२९	**शान्ति तथा पुनर्निर्माण मन्त्रालय**			१०	१००
	१. राहत तथा पुनर्स्थापना इकाइ		१	९	९५
	२. द्वन्द्वोत्तर शान्ति तथा पुननिर्माण परियोजना			१०	१००
	३. शान्ति कोष सचिवालय		२	८	९०
३०	**शिक्षा मन्त्रालय**			१०	१००
	१. नेपाल राष्ट्रिय पुस्तकालय		९	१	५५
	२. राष्ट्रिय परीक्षा बोर्ड		७	३	६५
	३. शिक्षा विभाग		२	८	९०
	४. शैक्षिक गुणस्तर परीक्षण केन्द		२	८	९०
	५. परीक्षा नियन्त्रण कार्यालय		७	३	६५
	६. पाठ्यक्रम विकास केन्द्र			१०	१००
	७. अनौपचारिक शिक्षा केन्द्र		१	९	९५
	८. विद्यालय शिक्षक किताबखाना		४	६	८०
	९.जनक शिक्षा सामग्री केन्द्र		६	४	७०
	१०. शिक्षाका लागि खाद्य कार्यक्रम			१०	१००
	११. शिक्षक सेवा आयोग		२	८	९०
२९	**श्रम तथा रोजगार मन्त्रालय**		१	९	९५
	१. श्रम विभाग	४	२	३	४०
	२. वैदेशिक रोजगार विभाग	२		८	८०
	३. इपीएस कोरिया शाखा	१		९	९०
	४. व्यावसायिक सीप विकास तालिम केन्द्र	२	१	७	७५

अनुसूची ४

सूचनाको हकको कार्यान्वयन स्थिति परीक्षणको कार्यमा सहभागी हुनुभएका महानुभावहरू

क्र.सं.	सूचना परीक्षणमा सहभागीहरू	मन्त्रालयहरू
१	श्री तीर्थ कोइराला	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
२	श्री तारानाथ दाहाल	अर्थ मन्त्रालय
३	श्री प्रतिक प्रधान	आपूर्ति मन्त्रालय
४	श्री धर्मेन्द्र झा	उद्योग मन्त्रालय
५	श्री प्रशान्त अर्याल	ऊर्जा मन्त्रालय
६	श्री शिव गाउँले	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
७	श्री गुणराज लुँईटेल	कृषि विकास मन्त्रालय
८	श्री सुभाष घिमिरे	खानेपानी तथा सरसफाइ मन्त्रालय
९	श्री सुभाष घिमिरे	गृह मन्त्रालय
१०	श्री गुणराज लुँईटेल	जनसंख्या तथा वातावरण मन्त्रालय
११	डा. सुरेश आचार्य	परराष्ट्र मन्त्रालय
१२	श्री गोविन्द लुइँटेल	पशुपंक्षी विकास मन्त्रालय
१३	श्री प्रतिक प्रधान	भूमिसुधार तथा व्यवस्था मन्त्रालय
१४	श्री राजाराम गौतम	भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय
१५	श्री अच्यूत वाग्ले	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
१६	श्री डिल्ली आचार्य	यूवा तथा खेलकुद मन्त्रालय
१७	डा. सुरेश आचार्य	रक्षा मन्त्रालय
१८	श्री राजाराम गौतम	वन तथा भूसंरक्षण मन्त्रालय
१९	श्री अच्यूत वाग्ले	बाणिज्य मन्त्रालय
२०	श्री प्रकाश रिमाल	विज्ञान तथा प्रविधि मन्त्रालय
२१	श्री धर्मेन्द्र झा	सहकारी तथा गरिबी निवारण मन्त्रालय
२२	श्री प्रशान्त अर्याल	सहरी विकास मन्त्रालय
२३	श्री गोविन्द लुइँटेल	सामान्य प्रशासन मन्त्रालय
२४	श्री किरण नेपाल	सिँचाइ मन्त्रालय
२५	श्री शिव गाउँले	सूचना तथा सञ्चार मन्त्रालय
२६	श्री तारानाथ दाहाल	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
२७	श्री किशोर नेपाल	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
२८	श्री प्रकाश रिमाल	स्वास्थ्य मन्त्रालय
२९	श्री डिल्ली आचार्य	शान्ति तथा पुनर्निर्माण मन्त्रालय
३०	श्री किरण नेपाल	शिक्षा मन्त्रालय
३१	श्री किशोर नेपाल	श्रम तथा रोजगार मन्त्रालय